दरखास्त दिन सकिने न्यूनत्तम ऋणपत्रः २५ कित्ता
दरखास्त दिन सकिने अधिकत्तम ऋणपत्रः सम्पूर्ण कित्ता

दरखास्तसाथ एकमुष्ठ रू.१,०००/- प्रति ऋणपत्रका दरले भुक्तानी माग गरिएको

# HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

(नेपाल राष्ट्र बैंक बाट "क" वर्गको इजाजत प्राप्त संस्था)

एचबिएल कर्पोरेट बिल्डिङ्, कमलादी, काठमाण्डौ, फोन नं. ९७७-१-४२४६२१८, ४२४६२१९, फ्याक्स नं. ९७७-१-४२२२८००
Email: hbl@himalayanbank.com, URL: http://www.himalayanbank.com

## "१०% हिमालयन बैंक लि. डिबेन्चर २०८३"

# आव्हान पत्र

**ऋणपत्रको बिक्री खुल्ला अवधिः**

| | |
|---|---|
| निष्काशन खुल्ला मिति | : २०७६/०४/०२ गते |
| निष्काशन बन्द हुने मिति (छिटोमा) | : २०७६/०४/०६ गते बैकिङ्ग समय पश्चात् |
| निष्काशन बन्द हुने मिति (ढिलोमा) | : २०७६/०४/३१ गते बैकिङ्ग समय पश्चात् |

**यो विवरण-पत्र नभई केवल आव्हान -पत्र मात्र हो ।**

**सात वर्ष अवधि तथा वार्षिक १० प्रतिशत व्याजदर भएको प्रति डिबेन्चर रु.१,०००/– अंकित ३० लाख कित्ता मध्ये १२ लाख कित्ता डिबेन्चरले हुन आउने कुल १ अर्व २० करोड ऋणपूँजी रकम सर्वसाधारण नेपालीको लागि, सार्वजनिक निष्काशनबाट बिक्री गरिने ।**

श्री नेपाल धितोपत्र बोर्डद्वारा स्वीकृत मिति २०७६/०३/०९ श्री नेपाल राष्ट्र बैंकमा दर्ता मिति २०७६/०३/१३ तथा श्री कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता मिति २०७६/०३/२०

**१. संस्थाको नाम :** हिमालयन बैंक लिमिटेड (HIMALAYAN BANK LIMITED) ।

**२. संस्था कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :**

यस बैंक कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

**३. संस्थाको रजिष्टर्ड ठेगाना :**

यस बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय वागमती अञ्चल, काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. ३१ कमलादीमा रहेको छ। आवश्यकतानुसार स्वीकृती लिई अन्य स्थानहरुमा पनि रजिष्टर्ड कार्यालय सार्न वा शाखा कार्यालय खोल्न सकिनेछ ।

**४. कारोवार स्थान :**

यस बैंकको आफ्नो रजिष्टर्ड (केन्द्रीय) कार्यालय वागमती अञ्चल, काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. ३१ कमलादी अलावा नेपाल राज्य भित्र हुनेछ । यस बैंकले नेपाल राष्ट्र बैंकको स्वीकृति लिई आवश्यकतानुसार कारोबार गर्ने कार्यालय खोल्न, विस्तार गर्न, एक स्थानमा खोलिएको कार्यालयलाई गाभ्न वा कार्यालय बन्द गर्न समेत सक्नेछ । यस बैंकले नेपाल राष्ट्र बैंकले स्वीकृत गरेअनुसार नेपाल भित्र देहायका स्थानहरुमा आफ्नो कारोवार संचालन गर्दै आएको छ :

| क्र.सं. | शाखा कार्यालयहरु | क्र.सं. | शाखा कार्यालयहरु | क्र.सं. | शाखा कार्यालयहरु |
|---|---|---|---|---|---|
| १ | हिमालयन बैंक लिमिटेड, प्रधान कार्यालय | २१ | हिमालयन बैंक लिमिटेड, चावहिल | ४१ | हिमालयन बैंक लिमिटेड, कलंकी |
| २ | हिमालयन बैंक लिमिटेड, ठमेल | २२ | हिमालयन बैंक लिमिटेड, बिर्तामोड | ४२ | हिमालयन बैंक लिमिटेड, सातदोबाटो |
| ३ | हिमालयन बैंक लिमिटेड, नयाँ सडक | २३ | हिमालयन बैंक लिमिटेड, मदी, संखुवासभा | ४३ | हिमालयन बैंक लिमिटेड, कावासोती |
| ४ | हिमालयन बैंक लिमिटेड, वीरगञ्ज | २४ | हिमालयन बैंक लिमिटेड, पर्साउने, बारा | ४४ | हिमालयन बैंक लिमिटेड, बत्तिसपुतली |
| ५ | हिमालयन बैंक लिमिटेड, पाटन | २५ | हिमालयन बैंक लिमिटेड, सुवंण, बारा | ४५ | हिमालयन बैंक लिमिटेड, बाह्रबिसे |
| ६ | हिमालयन बैंक लिमिटेड, महाराजगञ्ज | २६ | हिमालयन बैंक लिमिटेड, गौरीशंकर, दोलखा | ४६ | हिमालयन बैंक लिमिटेड, कौशलटार |
| ७ | हिमालयन बैंक लिमिटेड, भरतपुर | २७ | हिमालयन बैंक लिमिटेड, तारकेश्वर, नुवाकोट | ४७ | हिमालयन बैंक लिमिटेड, धादिङ्ग |
| ८ | हिमालयन बैंक लिमिटेड, टाँडी | २८ | हिमालयन बैंक लिमिटेड, कुमखा, सल्यान | ४८ | हिमालयन बैंक लिमिटेड, रामबजार, पोखरा |
| ९ | हिमालयन बैंक लिमिटेड, भक्तपुर | २९ | हिमालयन बैंक लिमिटेड, लमही, दाङ | ४९ | हिमालयन बैंक लिमिटेड, सामाखुशी, काठमाण्डौ |
| १० | हिमालयन बैंक लिमिटेड, हेटौंडा | ३० | हिमालयन बैंक लिमिटेड, घोराही | ५० | हिमालयन बैंक लिमिटेड, लहरेपौवा, वेत्रावती, रसुवा |
| ११ | हिमालयन बैंक लिमिटेड, भैरहवा | ३१ | हिमालयन बैंक लिमिटेड, स्वयम्भू | ५१ | हिमालयन बैंक लिमिटेड, हिले, धनकुटा |
| १२ | हिमालयन बैंक लिमिटेड, विराटनगर | ३२ | हिमालयन बैंक लिमिटेड, त्रिशुली | ५२ | हिमालयन बैंक लिमिटेड, बर्दिबास, महोत्तरी |
| १३ | हिमालयन बैंक लिमिटेड, बनेपा | ३३ | हिमालयन बैंक लिमिटेड, नयाँ बानेश्वर | ५३ | हिमालयन बैंक लिमिटेड, बारागढी, बारा |
| १४ | हिमालयन बैंक लिमिटेड, धरान | ३४ | हिमालयन बैंक लिमिटेड, दमक | ५४ | हिमालयन बैंक लिमिटेड, म्यागं |
| १५ | हिमालयन बैंक लिमिटेड, न्यूरोड, पोखरा | ३५ | हिमालयन बैंक लिमिटेड, बागलुङ्ग | ५५ | हिमालयन बैंक लिमिटेड, श्रीनगर, सल्यान |
| १६ | हिमालयन बैंक लिमिटेड, बुटवल | ३६ | हिमालयन बैंक लिमिटेड, पर्सा | ५६ | हिमालयन बैंक लिमिटेड, बाजुरा |
| १७ | हिमालयन बैंक लिमिटेड, टेकु | ३७ | हिमालयन बैंक लिमिटेड, सोहखुटे | ५७ | हिमालयन बैंक लिमिटेड, राप्तीसोनारी, बाँके |
| १८ | हिमालयन बैंक लिमिटेड, नेपालगञ्ज | ३८ | हिमालयन बैंक लिमिटेड, डिल्लीबजार | ५८ | हिमालयन बैंक लिमिटेड, लमकी, कैलाली |
| १९ | हिमालयन बैंक लिमिटेड, इटहरी | ३९ | हिमालयन बैंक लिमिटेड, धनगढी | | |
| २० | हिमालयन बैंक लिमिटेड, पाल्पा | ४० | हिमालयन बैंक लिमिटेड, गोरखा | | |

यस बैंकले नेपाल राष्ट्र बैंकको निर्देशिका वमोजिम आवश्यकता अनुसार भविष्यमा शाखा विस्तार गरी नेपाल राज्य भरी नै कारोवार गर्न सक्नेछ ।

**५. संगठित संस्थाको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु :**

**संगठित संस्थाको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास :**

यस कम्पनी, कम्पनी ऐन, २०६३ बमोजिम मिति २०४८ साल फाल्गुण ४ गते नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भै मिति २०४८ साल फाल्गुण ६ गते नेपाल राष्ट्र बैंकबाट "क" वर्ग को वित्तीय संस्थाको रुपमा वित्तीय कारोबार गर्न इजाजत प्राप्त गरी बैंकले आफ्नो वित्तीय कारोबार संचालन गरिरहेको छ । यस बैंकका संस्थापकहरुमा वित्तीय क्षेत्र एवं व्यवस्थापनमा लामो समयदेखि दखल भएका प्रतिष्ठित व्यक्तिहरु रहेका छन् ।

**उद्देश्यः**

नेपाल राष्ट्र बैङ्क ऐन, २०५८, प्रचलित बैङ्क तथा वित्तीय संस्था सम्वन्धी कानून, कम्पनी कानून तथा अन्य प्रचलित कानूनको अधीनमा रही वित्तीय कारोवार (बैंकिङ्ग व्यवसाय) गर्ने यस बैंकको मुख्य उद्देश्य देहाय वमोजिम हुनेछः

(१) बैङ्कका निक्षेपकर्ता तथा शेयरधनीको हक हितको संरक्षण र सम्वर्द्धन गर्दै सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो बैंकिङ्ग तथा वित्तीय सेवा उपलब्ध गराउने,
(२) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाब्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, बिस्तार र क्षमता एवम् उत्पादकत्व बृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य श्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने,
(३) उपलब्ध श्रम, शीप तथा पूँजीलाई उचित परिचालन गरी ग्रामिण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवम् प्रवर्धन गर्ने कार्यको लागि आवश्यक वित्तीय श्रोत, साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने, र
(४) मुलुकमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी संस्थागत लगानी गर्ने तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने ।
(५) अन्य लघुकर्जा कारोबार गर्ने बैंक, कम्पनी तथा वित्तीय संस्थाहरुको शेयर तथा डिवेन्चरहरु खरिद गर्ने, यस्ता शेयर डिवेन्चरहरुमा लगानी गर्ने तथा बैंकको हितलाई ध्यानमा राखी अन्य जुनसुकै आयमूलक क्षेत्र वा कार्यमा लगानी गर्ने तथा बैंकलाई आवश्यकता परिआएको बखत तोकिदिएको दरले प्रतिफल प्रदान गर्ने गरी अन्य शर्तहरु समेत किटान गरी सर्वसाधारण जनता, संगठित संस्था वा अन्य कुनै निकायलाई कुनै पनि प्रकारको अग्राधिकार शेयर, बण्ड, डिबेन्चर नेपाल राष्ट्र बैंकको पूर्वस्वीकृति लिई निष्काशन गर्ने ।
(६) प्रचलित नेपाल कानून तथा नेपाल राष्ट्र बैंकको निर्देशनमा अधिनमा रहि सम्बन्धित निकायबाट आवश्यक स्वीकृति लिई केन्द्रिय निक्षेप सेवा नियमावली बमोजिम निक्षेप सदस्यको रुपमा कार्य गर्ने ।

**६. पूँजी संरचना सम्वन्धी जानकारी :**

**अधिकृत पूँजी :** कम्पनीको अधिकृत पूँजी रु.१०,००,००,००,०००/- (अक्षेरेपी दश अर्ब मात्र) रहेको छ । उक्त पूँजीलाई रु.१००/- का दरले १०,००,००,००० (दश करोड) थान शेयरमा विभाजन गरिएको छ ।
**जारी पूँजी :** कम्पनीको जारी पूँजी रु.८,५२,०२,५५,८४४/- (अक्षेरुपी आठ अर्व बाउन्न करोड दुई लाख पचपन्न हजार आठ सय चवालिस मात्र) रहेको छ । उक्त पूँजीलाई रु.१००/- का दरले ८,५२,०२,५५८.४४ कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।
**चुक्ता पूँजी :** कम्पनीको चुक्ता पूँजी रु.८,५२,०२,५५,८४४/- (अक्षेरुपी आठ अर्व बाउन्न करोड दुई लाख पचपन्न हजार आठ सय चवालिस मात्र) रहेको छ । उक्त पूँजीलाई रु.१००/- का दरले ८,५२,०२,५५८.४४ कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

**७. निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोहि अनुरुप):**

ऋणपत्र निष्काशन गरी बाँडफाँट गरेपश्चात कम्पनीको शेयर पूँजी र ऋणपत्र पूँजीको संरचना :

**शेयर पूँजी :**

| समूह | शेयरधनीहरु | साधारण शेयर संख्या | पूँजी संरचना (%) | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु | ४३४५३,३०४.८० | ५१ | ४,३४५,३३०,४८०.४४ | शतप्रतिशत |
| | हबिब बैंक लिमिटेठ, पाकिस्तान | १७,०४०,५११.६९ | २० | १,७०४,०५१,१६८.८० | शतप्रतिशत |
| ख | संगठित संस्था - कर्मचारी संचय कोष | ११,९२८,३५८.१८ | १४ | १,१९२,८३५,८१८.१६ | शतप्रतिशत |
| ग | सर्वसाधारण शेयरधनीहरु (कर्मचारी समेत) | १,२७,८०,३८३.७७ | १५ | १,२७८,०३८,३७६.६० | शतप्रतिशत |
| | जम्मा | ८५२०२५५८.४४ | १०० | ८५२०२५५८४४.०० | |

**ऋणपत्र पूँजी :**

| विवरण | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|
| ८% हिमालयन बैंक ऋणपत्र २०७७ | ६,००,०००,०००.०० | शतप्रतिशत |
| १०% हिमालयन बैंक ऋणपत्र २०८३* | ३,०००,०००,०००.०० | शतप्रतिशत |
| जम्मा | रु.३,६००,०००,०००.०० | |

*यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको ऋणपत्र ।

**८. सकारात्मक पक्षहरु :**

१) स्थापनाकाल देखि नै पूर्ण कम्प्युटरकृत प्रविधिबाट वित्तीय सेवा प्रदान गर्दै आइरहेको ।
२) दक्ष तथा अनुभवी व्यक्तिहरुको लगानीमा स्थापना तथा संचालन गरिएको कम्पनी ।
३) द्रुत गतिमा व्यवसाय विस्तार गर्न सफल रहेको ।

**९. ऋणपत्र निष्काशनको उद्देश्य र प्राप्त रकमको उपयोग :**

**क. धितोपत्र जारी गर्नुको उद्देश्य :**
यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको "१०% हिमालयन बैंक लि.डिबेन्चर २०८३" निष्काशनको मुख्य उद्देश्य बैंकको व्यवसायवृद्धिको लागि रहेको छ र यसको लागि थप पूरक पूँजीका आवश्यकता परेको हुँदा पूँजीका लागि डिबेन्चर जारीगरिएको छ ।

**ख. धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :**
यस निष्काशन बाट प्राप्त हुने रकमलाई नेपाल राष्ट्र बैंकको तथा कम्पनीको आन्तरिक नितिको अधिनमा रहि कर्जा लगानी बिस्तारको लागि उपयोग गरिनेछ ।

**१०. संस्थापक/संचालक सम्बन्धी जानकारी :**

**आधारभूत शेयरधनीहरुको विवरणः**

| क्र.सं. | नाम | पद | उमेर (बर्ष) | राष्ट्रियता | ठेगाना | शेयर स्वामित्व | शैक्षिक योग्यता | अनुभव (सम्बन्धित वा अन्य) |
|---|---|---|---|---|---|---|---|---|
| १. | श्री हबिब बैंक लिमिटेड | संस्थापक | - | - | कराँची, पाकिस्तान | १७,०४०,५११ | - | पाकिस्तानको कराँचीमा मुख्य कार्यालय रहने गरि सन् १९४७ मा स्थापित अन्तराष्ट्रिय स्तरको पाकिस्तानी बैंक । |
| २ | श्री कर्मचारी संचय कोष | संस्थापक | - | - | पुल्चोक, ललितपुर | ११,९२८,३५८ | - | कर्मचारी संचय कोष नेपाल सरकार अर्थ मन्त्रालयको मातहतमा रही नेपाल सरकार तथा सार्वजनिक र निजी क्षेत्रमा कार्यरत कर्मचारीहरुको प्रोभिडेन्ट फण्ड व्यवस्थापन गर्ने निकाय हो । जसले कर्मचारी संचय कोष ऐन, २०१९ अन्तर्गत रहेर कार्य गर्दछ । |
| ३ | श्री एन. ट्रेडिङ्ग कम्पनी प्रा.लि. | संथापक | - | - | भमिसखेल, ललितपुर | १०,८२७,८३४ | - | प्राइभेट लिमिटेड कम्पनीको रुपमा वाणिज्य विभागमा मिति २०४८।११।०९ मा दर्ता भई व्यापार/लगानी सम्वन्धि कार्य गर्ने कम्पनी । |
| ४ | श्री म्युचल ट्रेडिङ्ग कम्पनी प्रा.लि. | संथापक | - | - | मखन, काठमाण्डौ | १०,०९६,३१३ | - | प्राइभेट लिमिटेड कम्पनीको रुपमा वाणिज्य विभागमा मिति २०४५।०१।२६ मा दर्ता भई व्यापार/लगानी सम्बन्धि कार्य गर्ने कम्पनी । |
| ५ | श्री आभा इन्टरनेश्नल प्रा.लि. | संथापक | - | - | थापाथली, काठमाण्डौ | ९,६९९,७७१ | - | प्राइभेट लिमिटेड कम्पनीको रुपमा वाणिज्य विभागमा मिति २०४८।०८।१७ मा दर्ता भई व्यापार/लगानी सम्बन्धि कार्य गर्ने कम्पनी । |
| ६ | श्री छायाँ इन्टनेश्नल प्रा.लि. | संथापक | - | - | ठमेल, काठमाण्डौ | ७,५७३,११७ | - | प्राइभेट लिमिटेड कम्पनीको रुपमा वाणिज्य विभागमा मिति २०४८।११।०४ मा दर्ता भई व्यापार/लगानी सम्बन्धि कार्य गर्ने कम्पनी । |
| ७. | श्री शशिकान्त अग्रवाल | संथापक | ५६ वर्ष | नेपाली | काठमाण्डौ | २,२५७,३१० | बि.कम. | विभिन्न व्यापार व्यवसायमा संलग्न । |

**संचालकहरुको विवरणः**

| क्र.सं. | नाम/ठेगाना | पद | उमेर (बर्ष) | राष्ट्रियता | ठेगाना | शेयर स्वामित्व | शैक्षिक योग्यता | अनुभव (सम्बन्धित वा अन्य) |
|---|---|---|---|---|---|---|---|---|
| १ | श्री मनोज बहादुर श्रेष्ठ (एन. ट्रेडिङ्ग कम्पनी प्रा.लि.बाट मनोनित) | अध्यक्ष | ६४ | नेपाली | भमिसखेल, ललितपुर | १०,८२७,८३४ | स्नातक (सिभिल इन्जिनियरिङ्ग) | • संचालक - एन. ट्रेडिङ्ग कम्पनी प्रा.लि.,<br>• सदस्य - एफएनसिसिआई |
| २ | श्री फैसल एन.लालनी (हबिब बैंक लि. पाकिस्तानबाट मनोनित) | प्रथम उपाध्यक्ष | ५६ | पाकिस्तानी रदट्च | दुबई युएई | १७,०४०,५११ | स्नातकोत्तर | • अन्तराष्ट्रिय बैंकिंगको प्रमुख - हबिब बैंक लिमिटेड २०१८ देखि हालसम्म<br>• संस्थागत तथा अन्तराष्ट्रिय बैंकिंग प्रमुख तथा ई.भि.पी. एमिरेट्स - एन.बि.डि. बैंक - युएई २०१३ देखि २०१८ सम्म<br>• वित्तीय संस्थागत प्रमुख - मश्रेक बैंक - दुबइ - युएई २०१० देखि २०१३ सम्म<br>• प्रबन्ध निर्देशक - रोयल बैंक अफ स्कटल्यान्ड २००६ देखि २०१० सम्म<br>• कार्यकारी निर्देशक - एबिएन अम्रो बैंक एनभि २००१(२००६ सम्म<br>• समूह उपप्रमुख - एबिएन अम्रो बैंक एनभि - क्षेत्रीय प्रमुख १९९७ - २००१ सम्म<br>• संचालन राष्ट्र प्रमुख - एबिएन अम्रो बैंक एनभि - पाकिस्तान १९९५ - १९९७ सम्म<br>• बैंकिंग बिक्री कारोबार - जेपी मोर्गेन चेस १९८८ - १९९५ सम्म |
| ३. | श्री प्रचण्ड बहादुर श्रेष्ठ (छायाँ इन्टनेश्नल प्रा.लि.बाट मनोनित) | संचालक | ६२ | नेपाली | थापाथली, काठमाण्डौ | ७,५७३,११७ | वि.कम. (अनर्स) | • कार्यकारी निर्देशक - न्यू एभरेष्ट कन्सट्रक्सन, सगरमाथा ट्राभल्स एण्ड टुर्स,<br>• संचालक - छायाँ इन्टनेश्नल प्रा.लि. |
| ४. | श्री तुलसी प्रसाद गौतम (कर्मचारी संचयकोषबाट मनोनित) | संचालक | ५८ | नेपाली | कोटदेवी मार्ग, काठमाण्डौ | ११,९२८,३५८ | व्यवस्थापन संकायमा स्नातकोत्तर र जनप्रशासनमा स्नातकोत्तर | • प्रशासक कर्मचारी संचयकोष<br>• बिगत २७ वर्ष देखि नेपाल सरकारको विभिन्न कार्यालयमा कार्यरत रहि राष्ट्रिय योजना आयोगमा सहसचिव पदमा कार्यरत |
| ५ | श्री सुशील विक्रम थापा (आभा इन्टरनेश्नल प्रा.लि.बाट मनोनित) | संचालक | ७० | नेपाली | लगनटोल, काठमाडौं | ९,६९९,७७१ | विकम/एमए-अर्थशास्त्र | • एशोसिएट प्रोफेसर - पाटन मल्टिपल क्याम्पस, |
| ६ | श्री विजय बहादुर श्रेष्ठ | संचालक | ६३ | नेपाली | बागबजार, काठमाण्डौ | १२५,१९९ | व्यापार व्यवस्थापनमा स्नातकोत्तर | • नेपाल चेम्बर अफ कमर्शको पुर्व कार्यकारी सदस्य<br>• गुणस्तर तथा उत्पादकत्व व्यवस्थापनको अध्यक्ष<br>• Snowlion Carpet को अध्यक्ष<br>• सोल्टी होटल र युनाईटेड ईन्स्योरेन्सको संचालक<br>• अध्यक्ष Nepal RagmarkFoundation |
| ७. | श्री राधा कृष्ण पोते | स्वतन्त्र संचालक | ६२ | नेपाली | बालाजु, काठमाण्डौ | | अर्थशास्त्रमा स्नातकोत्तर | • कर्मचारी संचयकोषमा ३२ वर्ष बिभिन्न पदमा कार्य गरे पश्चात उपकार्यकारी प्रमुखको पदबाट अवकास |

**११.संचालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :**

बैंकको नियमावलीमा भएको व्यवस्था अनुसार ७ (सात) जना संचालक सदस्य रहेको संचालक समिति देहाय बमोजिम रहेको छ ।

| | |
|---|---|
| "संस्थापक" समूहका शेयरधनीहरुको तर्फबाट | ५ जना |
| "सर्वसाधारण" समूहका शेयरधनीहरुको तर्फबाट | १ जना |
| स्वतन्त्र सञ्चालक | १ जना |
| जम्मा | ७ जना |

संचालकहरुको कार्यकाल ४ वर्षको रहेको छ ।
यस बैंकको नियमावलीको नियम १३ मा व्यवस्था भए अनुसार बैंकको सञ्चालक हुनका लागि यस बैंकको कम्तिमा १०० (एक सय) कित्ता साधारण शेयर लिएको हुनु पर्नेछ ।

**१२. सञ्चालन अवधि तीन बर्ष व्यतित भई सकेको अवस्थामा विगत तीन बर्षको र तीन बर्ष व्यतित भई नसकेको अवस्थामा संचालन अवधिभरको लेखा परीक्षण भएको नाफा-नोक्सान, वासलात सहितको संक्षिप्त विवरण :**

**वासलात** (रु.हजारमा)

| सम्पत्ति | वास्तविक आ.ब. २०७२/७३ | वास्तविक आ.ब. २०७३/७४ | वास्तविक आ.ब. २०७४/७५ | अपरिष्कृत आ.ब.२०७५/७६ चैत्र मसान्त | प्रक्षेपित आ.ब. २०७५/७६ | प्रक्षेपित आ.ब. २०७६/७७ | प्रक्षेपित आ.ब. २०७७/७८ |
|---|---|---|---|---|---|---|---|
| नगद तथा नगद समान | ७,२०९,६९१ | ४,७३४,३४४ | ४,७४१,३५९ | ६,९३६,८६० | ५,४९३,५२३ | ६,०४९,५८० | ६,७१२,४६८ |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात तथा लिनुपर्ने रकम | ५,६७७,७०२ | ६,१४१,१५२ | ५,१५९,२५९ | ४,४७०,८५६ | ४,७१४,९८२ | ५,३७५,०८० | ६,०४६,९६५ |
| बैंक तथा वित्तीय संस्थामा गरेको लगानी (प्लेस्मेन्ट) | ४,६२३,८११ | ६,२७२,०३१ | ४,९८९,५२५ | ५,३१३,१५४ | ५,८९६,४४७ | ६,००९,५७८ | ६,४४४,४९३ |
| डेरिभेटिभ (व्यूत्पन्न) वित्तिय उपकरण | २५,५६८ | ४२,२४२ | ३३,४४५ | १८७,२७४ | - | - | - |
| अन्य व्यापारिक सम्पत्तिहरु | - | - | - | - | - | - | - |
| बेंक तथा वित्तीय संस्थालाई दिएको कर्जा तथा सापटी | २,६८१,८६५ | ३,३२६,४२६ | ३,६८५,२१९ | ४,०८२,५८८ | ४,४६८,५५१ | ५,२०७,७७२ | ५,९४५,४७४ |
| ग्राहकलाई दिएको कर्जा तथा सापटी | ६६,२६९,३८८ | ७४,४७१,८१० | ८२,४७४,९९४ | ९३,७७५,३५७ | ९७,३६४,६५८ | १११,७८८,९०७ | १२४,६३६,९८८ |
| लगानी | ११,१९०,९५७ | ९,६४८,७९७ | ११,६५४,१७२ | १३,४७८,४६५ | १५,६१७,२९७ | १७,३८९,७३३ | १९,५७३,७४७ |
| यस आ.व.को आयकर सम्पत्ति | ७१,३१८ | २८,११४ | १५४,३०८ | १५०,०७३ | १४२,९०० | १५६,२९१ | १७१,६०९ |
| सहायक कम्पनीको लगानी | - | - | - | - | २००,००० | २००,००० | २००,००० |
| सम्बृद्ध कम्पनीमा लगानी | १९५,७८६ | १९५,७८६ | १९५,७८६ | १९५,७८६ | १९५,७८६ | १९५,७८६ | १९५,७८६ |
| लगानी सम्पत्ती (इनभेष्टमेन्ट प्रोपर्टि) | २१६,५७८ | २३३,३७८ | २,२९९ | १,६७८ | - | - | - |
| सम्पत्ति तथा उपकरण (स्थिर सम्पत्ति) | १,९२२,९६७ | २,१७५,८९२ | २,२२२,६७७ | २,३५२,६४३ | २,४७३,६८८ | २,५४१,६०४ | ३,००४,२२४ |
| गुडवील (ख्याती) र अमृत सम्पत्ति | १०८,६९५ | ७६,०२६ | ८५,८५३ | ७३,८१८ | ७४,३७० | ६४,८८७ | ५५,४०४ |
| स्थगन कर सम्पत्ति | - | - | - | - | - | - | - |
| अन्य सम्पत्ति | ३६७,५६९ | ७१७,२५५ | १,०६३,४०५ | १,४४१,३२५ | १,४४८,२१८ | १,५२१,०८६ | १,५९७,६७६ |
| जम्मा सम्पत्ति | १००,५६१,८९५ | १०८,०६३,२५२ | ११६,४६२,३०१ | १३२,४५९,८७५ | १३८,०९०,४२१ | १५६,५००,३०४ | १७४,५८४,८३५ |

| दायित्व | वास्तविक आ.ब. २०७२/७३ | वास्तविक आ.ब. २०७३/७४ | वास्तविक आ.ब. २०७४/७५ | अपरिष्कृत आ.ब.२०७५/७६ चैत्र मसान्त | प्रक्षेपित आ.ब. २०७५/७६ | प्रक्षेपित आ.ब. २०७६/७७ | प्रक्षेपित आ.ब. २०७७/७८ |
|---|---|---|---|---|---|---|---|
| बेंक तथा वित्तीय संस्थालाई तिर्न बाँकी | १,९०२,६३० | ५८६,६६० | ७५४,२५४ | ५,०८४,८२७ | ८१७,३०४ | ९३०,०४९ | १,०४५,८३६ |
| नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी | - | - | - | - | | | |
| डेरिभेटिभ (व्युत्पन्न) वित्तिय उपकरण | - | - | ९,११० | - | | | |
| ग्राहकबाट निक्षेप दायित्व | ८६,४३३,१८१ | ९२,३३४,४५५ | ९८,९८८,७९१ | १०८,५८२,१०७ | ११५,९४०,४२८ | १३१,९३४,१५८ | १४८,,३५९,३०७ |
| सापटी | - | - | - | - | | | |
| यस वर्षको आयकर दायित्व | - | - | - | - | | | |
| व्यवस्थाहरु | २१६,५७८ | २३३,३७८ | २,२९९ | १,६७८ | | | |
| स्थगन कर दायित्व | १०७,१५५ | १२३,२६५ | १३१,२६४ | १२६,३५३ | १३१,२६४ | १३१,२६४ | १३१,२६४ |
| अन्य दायित्व | १,९५९,७४९ | १,८३४,३५१ | १,८१४,३२९ | २,७८५,१०५ | १,५५५,८४८ | २,०८४,१५९ | ९३१,८३६ |
| जारी गरिएको ऋणपत्र | ६२२,७६१ | ६२२,९९७ | ६२३,३५७ | ६१३,८०८ | ३,६४९,०४० | ३,१५०,५३१ | ३,१५१,०७३ |
| सुरक्षण नराखिएको सहायक आवधिक दायित्व | - | - | - | - | | | |
| कुल दायित्व | ९१,२४२,०५४ | ९५,७३५,१०६ | १०२,३२३,४०४ | ११७,१९३,८७९ | १२२,०९३,८८४ | १३८,२३०,१६१ | १५३,६१९,३१६ |

| पूँजी | वास्तविक आ.ब. २०७२/७३ | वास्तविक आ.ब. २०७३/७४ | वास्तविक आ.ब. २०७४/७५ | अपरिष्कृत आ.ब.२०७५/७६ चैत्र मसान्त | प्रक्षेपित आ.ब. २०७५/७६ | प्रक्षेपित आ.ब. २०७६/७७ | प्रक्षेपित आ.ब. २०७७/७८ |
|---|---|---|---|---|---|---|---|
| शेयर पूँजी | ४,४९९,१४५ | ६,४९१,६२४ | ८,११४,५२९ | ८,५२०,२५६ | ८,५२०,२५५ | ८,९४६,२६८ | १०,०१९,८२० |
| शेयर प्रिमियम | - | - | - | - | - | - | - |
| संचित मुनाफा | २,०८६,९८० | २,५०८,०२३ | १,५००,४०५ | १,५५४,७८१ | १,८७७,०४३ | २,६४३,८६० | ३,०६८,८९७ |
| जगेडा कोषहरु | २,७३३,७१६ | ३,३२८,४९९ | ४,५२३,९६२ | ५,१९०,९६० | ५,५९९,२३९ | ६,६८०,०१५ | ७,८७६,८०२ |
| शेयरधनीहरुलाई बाँडफाँड योग्य कुल इक्विटी | ९,३१९,८४१ | १२,३२८,१४६ | १४,१३८,८९६ | १५,२६५,९९७ | १५,९९६,५३७ | १८,२७०,१४३ | २०,९६५,५१९ |
| गैर नियन्त्रित स्वार्थ | - | - | - | - | - | - | - |
| कुल इक्विटी | ९,३१९,८४१ | १२,३२८,१४६ | १४,१३८,८९६ | १५,२६५,९९७ | १५,९९६,५३७ | १८,२७०,१४३ | २०,९६५,५१९ |
| कुल दायित्व र इक्विटी | १००,५६१,८९५ | १०८,०६३,२५२ | ११६,४६२,३०१ | १३२,४५९,८७५ | १३८,०९०,४२१ | १५६,५००,३०४ | १७४,५८४,८३५ |
| संभावित दायित्व तथा प्रतिवद्धता | २८,५५४,१५६ | २७,४१२,६३२ | ३६,१८३,७९६ | - | - | - | - |
| प्रति शेयर खुद सम्पत्ति | २०७ | १९० | १७४ | १७९.१७ | १८७.७५ | २०४.२२ | २०९.२४ |

**नाफा-नोक्सान हिसाब** (रु.हजारमा)

| विवरण | वास्तविक आ.ब. २०७२/७३ | वास्तविक आ.ब. २०७३/७४ | वास्तविक आ.ब. २०७४/७५ | अपरिष्कृत आ.ब.२०७५/७६ चैत्र मसान्त | प्रक्षेपित आ.ब. २०७५/७६ | प्रक्षेपित आ.ब. २०७६/७७ | प्रक्षेपित आ.ब. २०७७/७८ |
|---|---|---|---|---|---|---|---|
| व्याज आम्दानी | ५,०१५,८४४ | ७,१०६,६७६ | ९,७२४,८७१ | ८,५५१,४०१ | ११,७१५,७८६ | १३,००१,१५४ | १४,१७८,५५४ |
| व्याज खर्च | १,५६५,८९६ | ३,१७३,३३४ | ५,४०३,०४७ | ४,७९७,९६५ | ६५,८५,४४० | ७,३९५,९३० | ७,८३१,०६७ |
| खुद व्याज आम्दानी | ३,४४९,९४८ | ३,९३३,३४२ | ४,३२१,८२४ | ३,७५३,४३६ | ५,१३०,३४६ | ५,६०५,२२४ | ६,३४७,४८७ |
| शुल्क तथा कमिशन आम्दानी | ६५९,६११ | ७८४,७५२ | ७७२,०३८ | ५५१,०७१ | ७६१,८३४ | ९४०,९७५ | १,०३९,९३२ |
| शुल्क तथा कमिशन खर्च | ४४,५३८ | ५२,५५५ | ६४,२३७ | ४९,४६२ | - | - | - |
| खुद शुल्क र कमिशन आम्दानी | ६१५,०७३ | ७३२,१९७ | ७०७,८०१ | ५०१,६०९ | ७६१,८३४ | ९४०,९७५ | १,०३९,९३२ |
| खुद व्याज, शुल्क र कमिशन आम्दानी | ४,०६५,०२१ | ४,६६५,५३९ | ५,०२९,६२५ | ४,२५५,०४५ | ५,८९२,१८० | ६,५४६,१९९ | ७,३८७,४१९ |
| खुद व्यापारिक आम्दानी | ५९६,३५१ | ६०७,८४९ | ७१८,९०५ | ५७०,६२० | ७३०,५१७ | ७५६,५५८ | ८४४,३८६ |
| अन्य संचालन आम्दानी | ७७,४३९ | ८६,३९६ | १०४,८४८ | ८१,८२७ | १६१,७५४ | २१०,९२९ | १८२,०२२ |
| जम्मा संचालन आम्दानी | ४,७३८,८१२ | ५,३५९,७८४ | ५,८५३,३७८ | ४,९०७,४९२ | ६,७८४,४५० | ७,५१३,६८६ | ८,४१३,८२७ |
| कर्जा जोखिम व्यवस्था /(फिर्ता) तथा अन्य नोक्सानी | ६५६,५७० | (१०८,१९३) | ६७९,९१७ | २३१,२८७ | २६०,८९५ | २४७,२९१ | २४२,५४५ |
| खुद संचालन आम्दानी | ५,३९५,३८२ | ५,४६७,९७७ | ५,१७३,४६१ | ४,६७६,२०४ | ६,५२३,५५५ | ७,२६६,३९५ | ८,१७१,२८२ |
| संचालन खर्च | | | | | | | |
| कर्मचारी खर्च | १,१८३,३१८ | १,४०७,१३७ | १,३२२,२४८ | १,१७०,३९७ | १,६०६,६०६ | १,७२३,६४३ | १,८९१,२९२ |
| अन्य संचालन खर्च | ५८१,०४९ | ६१२,६९६ | ६९४,२७१ | ५१४,२६६ | ८१७,७०९ | ८६६,७७२ | ९२७,४४६ |
| ह्रास कट्टी र परिषोधन | १८४,७१३ | १८४,९०७ | १६८,२७६ | १२६,०६५ | २११,५६४ | २३१,१३३ | २५२,५१३ |
| संचालन मुनाफा | ३,४४६,३०२ | ३,२६३,२३६ | २,९८८,६६६ | २,८६५,४७५ | ३,८८७,६७६ | ४,४४४,८४७ | ५,१००,०३१ |
| गैर संचालन आम्दानी | १०,२५३ | १४,६९१ | ३०९,५२५ | ५,८३३ | १८,००८ | १९,८०९ | २१,७९० |
| गैर संचालन नोक्सान | ७०७,७३२ | २३,३२६ | ५३३,०११ | - | - | - | - |
| आय कर अधिको मुनाफा | २,७४८,८२३ | ३,२५४,६०१ | २,७६५,१८० | २,८७१,३०९ | ३,९०५,६८४ | ४,४६४,६५६ | ५,१२१,८२१ |
| आयकर खर्च | - | - | | | | | |
| चालु कर | ८१९,५३२ | ९४७,०९८ | ८७७,६१२ | ८५७,२३३ | १,१७२,५२७ | १,३३९,०२४ | १,५३१,८१८ |
| स्थगन कर | ६,६१७ | २५,७२९ | ११,९५६ | - | - | - | - |
| यस अवधिको मुनाफा | १,९३५,९०८ | २,२८१,७७४ | १,८७५,६१० | २,०१४,०७६ | २,७३३,१५७ | ३,१२५,६३२ | ३,५९०,००३ |

*आ.ब.२०७५ को चैत्र मसान्तसम्मको वित्तीय विवरण लेखापरिक्षकबाट प्रमाणित गरेको अपरिष्कृत वित्तीय विवरणहरु हुन ।

**वित्तीय प्रक्षेपणका आधारहरु**

| विवरण | प्रक्षेपित (%) आ.ब.०७५/०७६ | आ.ब.०७६/०७७ | आ.ब.०७७/०७८ |
|---|---|---|---|
| १. कुल निक्षेपमा औषत बृद्धिदर (प्रतिशतमा) | १७.०६% | १३.७९% | १२.४५% |
| २. कुल कर्जा तथा सापटमा औषत बृद्धिदर (प्रतिशतमा) | १८.१९% | १४.८९% | १६.६१% |
| ३. नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशन बमोजिम कर्जा सापट तथा विल खरीदको निक्षेप दायित्वसंग अनुपात | ७७.७५ | ७८.२२ | ७८.९२ |
| ४. कुल आयमा औषत बृद्धिदर | १५.१% | ११.५% | ९.०% |
| ५. कुल खर्चमा औषत बृद्धिदर | २२.८% | १०.६% | ६.४% |
| ६. संचालन खर्च तथा कुल आम्दानी अनुपात | १८.४६ | १७.५६ | १७.३९ |
| ७. खुद मुनाफामा औषत बृद्धिदर | ४५.७२% | १४.३६% | १४.८६% |
| ८. निक्षेपको औषत ब्याजदर (प्रतिशतमा) | ५.६४ | ५.५७ | ५.२४ |
| ९. कर्जा तथा सापटको औषत ब्याजदर (प्रतिशतमा) | ११.५ | ११.११ | १०.८६ |
| १०. आयकर व्यवस्था (प्रतिशतमा) | ३०% | ३०% | ३०% |
| ११. अन्य संचालन खर्चका वृद्धिदर | २०.६५% | ७.०४% | ८.८५% |
| १२. कर्मचारी खर्चमा बृद्धिदर | २१.५% | ७.३% | ९.७% |
| १३. अनिवार्य मौज्दात (CRR) | ४.५०% | ४.५०% | ४.५०% |
| १४. वैधानिक तरलता (SLR) | १९.८२ | १९.६९ | १९.८६ |
| १५. पूँजीकोष पर्याप्तता (CAR) | १४.४० | १४.०२ | १३.७५ |

विगत केही समय देखि बैंकिङ्ग क्षेत्रले सामना गरिरहेको निक्षेपको समस्या आगामी दिनहरुमा क्रमशः सहज हुँदै जाने तथा ऋण योग्य पूँजीमा सोही अनुरुप वृद्धि हुने अनुमान सहित वित्तीय अवस्थाको प्रक्षेपण गरिएको छ । बैंकको नीति अन्तर्गत शाखा सन्जालमा हुने वृद्धि तथा बैंकले उपलब्ध गराउने नयाँ निक्षेप योजनाहरु समेतलाई ध्यानमा राखी निक्षेपको प्रक्षेपण गरिएको छ । नियामक निकायबाट जारी निक्षेप परिचालन सम्बन्धी निर्देशनको आधारमा कर्जा लगानीको प्रक्षेपण गरिएको छ भने कायम गर्नुपर्ने ब्याज अन्तरलाई ध्यानमा राखी ब्याज खर्च तथा आम्दानी जनाइएको छ । बैंकले अवलम्बन गरेको खर्च मितव्ययिताको सिद्धान्तलाई आगामी दिनहरुमा अझ बढी सुद्धृत गर्दै लैजाने नीति रहेको परिपेक्षमा विभिन्न खर्चहरुको अनुमान गरी सोही अनुरुप मुनाफा तथा अन्य वित्तीय सूचाङ्कहरु प्रक्षेपण गरिएका छन् । बैंकले हालसम्म गरेको प्रगति, संचालक समितिको अमूल्य मार्गनिर्देशन र कर्मचारीवर्गको कुशलता तथा लगनशिलता दृष्टिगत गर्दा प्रक्षेपित लक्ष्यहरु सान्दर्भिक रहेकोमा बैंक विश्वस्त रहेको छ ।

माथि उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको वित्तीय बजारको स्थिती, निष्काशनकर्ता बैंकको हालको दक्षता र निष्काशनकर्ता बैंकले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी ठिक विवरण ठीक छ भनी श्री आर.के. एसोसिएट्सका चार्टर्ड एकाउन्टेन्ट्स् सि.ए. रबिन कुमार श्रेष्ठले प्रमाणित गरेका छन् ।

**विगत ३ वर्षको नेटवर्थमा भएको औषत प्रतिफल:**

| विवरण | वास्तविक आ.ब.०७२/०७३ | वास्तविक आ.ब.०७३/०७४ | वास्तविक आ.ब.०७४/०७५ | *आ.ब.०७५ चैत्र मसान्त | प्रक्षेपित आ.ब.०७५/०७६ | प्रक्षेपित आ.ब.०७६/०७७ | प्रक्षेपित आ.ब.०७७/०७८ |
|---|---|---|---|---|---|---|---|
| प्रति शेयर नेटवर्थ | १८०.३ | १८९.९ | १७४.२ | १७९.१७ | १८७.७५ | २०४.२२ | २०९.२४ |
| प्रति शेयर आम्दानी | ३३.५५ | ३५.५१ | २३.११ | ३१.५२ | ३२.०८ | ३४.९४ | ३५.८३ |
| संचित नाफा/नोक्सानी (रु.) | २,०८६,९७९ | २,५०८,०२३ | १,५००,४०५ | १,५५४,७८१ | १,८७७,०४३ | २,६४३,८६० | ३,०६८,८९७ |

(रु.हजारमा)

| विवरण | वास्तविक आ.ब.०७२/०७३ | वास्तविक आ.ब.०७३/०७४ | वास्तविक आ.ब.०७४/०७५ | *आ.ब.०७५ चैत्र मसान्त | प्रक्षेपित** आ.ब.०७५/०७६ | प्रक्षेपित** आ.ब.०७६/०७७ | प्रक्षेपित** आ.ब.०७७/०७८ |
|---|---|---|---|---|---|---|---|
| चुक्ता पूँजी | ४,४९९,१४५ | ६,४९१,६२३ | ८,११४,५२९ | ८,५२०,२५६ | ८,५२०,२५५ | ८,९४६,२६८ | १०,०१९,८२० |
| संचित मुनाफा तथा जगेडा | ४,८२०,६९६ | ५,८३६,५२२ | ६,०२४,३६७ | ६,७४५,७४१ | ७,४७६,२८१ | ९,३२३,८७५ | १०,९४५,६९९ |
| कुल नेटवोर्थ | ९,३१९,८४१ | १२,३२८,१४५ | १४,१३८,८९६ | १५,२६५,९९७ | १५,९९६,५३७ | १८,२७०,१४३ | २०,९६५,५१९ |
| शेयर संख्या | ४४,९९१ | ६४,९१६ | ८१,१४५ | ८५,२०३ | ८५,२०१ | ८९,४६३ | १००,१९८ |
| प्रति शेयर नेटवोर्थ (रु.) | १८०.३१ | १८९.९१ | १७४.२४ | १७९.१७ | १८७.७५ | २०४.२२ | २०९.२४ |
| प्रति शेयर चुक्ता पूँजी | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| नेटवोर्थमा प्रतिफल (%) | २१.२२ | २१.५८ | १४.१७ | १७.५९ | १७.०९ | १७.११ | १७.१२ |
| प्रति शेयर आम्दानी (रु.) | ३३.५५ | ३५.१५ | २३.११ | ३१.५२ | ३२.०८ | ३४.९४ | ३५.८३ |
| निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न वृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा । | | | | | ऋणपत्र जारी पश्चात् यसले नेटवर्थमा प्रत्यक्ष वृद्धि नगर्ने | | |

**विगत तीन वर्षको नेटवर्थमा भएको औषत प्रतिफल :** १८.९९

**यस विवरणपत्रमा उल्लेख गरिएको वित्तीय विवरण NFRS बमोजिम तयार पार्ने विज्ञमा हिमालयन बैंक लिमिटेड आफैं रहेको छ र यस विवरणपत्रमा उल्लेख गरिए बमोजिम तयार गरिएको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी सो आधारमा तयार वित्तीय प्रक्षेपणका विवरण यर्थाथपरक रहेको भनी प्रमाणित गर्ने विशेषज्ञ श्री आर.के.एसोसिएट्सकाका चार्टर्ड एकाउन्टेन्ट्स् सि.ए. श्री रविन कुमार श्रेष्ठ रहनु भएको छ ।

**१३. अन्तर्निहित जोखिम तथा सो को व्यवस्थापनका लागि व्यवस्थापनको धारणा :**

(क) **वित्तीय साधनको अभाववाट हुने जोखिम :**
(१) निक्षेप तथा कर्जाको व्याजदरमा आउने परिवर्तनबाट हुन सक्ने जोखिमहरु ।
(२) नेपालको बजारमा हुने आर्थिक मन्दीबाट पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु ।
(ख) **कच्चा पदार्थको अभाववाट हुने जोखिम :**
लागू नहुने ।
(ग) **उत्पादन तथा सेवाको बजार स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :**
(१) नयाँ बैंक तथा वित्तीय संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु ।
(२) देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।
(घ) **आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (cost overrun)को जोखिम :**
लागू नहुने ।
(ङ) **विदेशी विनिमयको जोखिम :**
(१) देशको बैंदेशिक व्यापार नीतिमा हुन सक्ने परिवर्तन तथा विदेशी मुद्राको विनिमय दरमा घट्बढ भई उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरु ।
(च) **कानूनी प्रकृयाहरु तथा ईजाजत प्राप्त गर्नुपर्ने भए सोबाट पर्न सक्ने अवरोधहरु :**
लागू नहुने ।
(छ) **क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :**
(१) अन्तर्राष्ट्रिय बजारमा हुने आर्थिक मन्दीबाट पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु ।
(ज) **सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट हुने जोखिम:**
(१) नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु ।
(२) देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले जारी गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट सिर्जना हुने सम्भावित जोखिमहरु ।
(झ) **सञ्चालन ईतिहासको अभाव :**
लागू नहुने ।
(ञ) **प्रविधिको परिवर्तनबाट हुन सक्ने जोखिम :**
बैकिङ्ग प्रविधिलाई चुस्त दुरुस्त राख्न सफ्टवेयर तथा हार्डवेयरमा समय सापेक्ष हेरफेर गर्नुपर्ने भएमा थप खर्च बढ्न सक्नेछ । साथै बैंकले निरन्तर रुपमा प्रविधि परिवर्तनबाट सिर्जित हुन सक्ने जोखिमहरुलाई मध्यनजर गरि आवश्यक तालिम तथा विज्ञहरुको सुझावहरु समय समयमा लिईरहेको ।
(ट) **अन्य :**
(१) बैंकले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिम ।
(२) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
(३) पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।
(४) बैंकले सरकारी तथा गैर सरकारी धितोपत्रहरुमा लगानी गरेको हुँदा ती लगानीमा हुने मूल्य परिवर्तनको जोखिम ।

**सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्वन गर्दै जानेछ :**
बैंकको कर्जा तथा लगानी खराब भई हुन सक्ने जोखिमहरुको लागि बैंकले कर्जा तथा लगानी जोखिम कोषको व्यवस्था गरेकोछ । बैंकले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति विकासमा आवश्यक ध्यान पुऱ्याउनुको साथै अन्य व्यावसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानी नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी कम गर्न सक्षमतथा प्रतिबद्ध छ । साथै, आफ्नो सेवालाई अझ गुणस्तरीय र प्रतिस्पर्धी बनाई उपभोक्तामुखी सेवाहरु प्रदान गरी मध्यकालीन तथा दीर्घकालीन कर्जा सापटीहरु खराब कर्जामा परिणत भई उत्पन्न हुने जोखिम कम गर्नका लागि बैंकले प्रभावकारी कर्जा नीति अवलम्वन गरेको छ । त्यस्तै अन्य विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवं समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने बैंकको नीति रहेको व्यहोरा जानकारी गराउंछौ ।

**धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम:**
रु.१,०००/- प्रति ऋणपत्रको दरले निष्काशन गरिएको मूल्यले सूचीकरण पश्चात् धितोपत्र बजारमा हुने कारोवारले ऋणपत्रमूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

**१४. ऋणपत्र निष्काशन सम्बन्धी विवरण :**

(क) **यस विवरण-पत्र मार्फत निष्काशन गर्न लागिएको "१०% हिमालयन बैंक लि.डिबेन्चर २०८३" सम्बन्धी विवरण देहाय बमोजिम रहेको छः**
*(क) ऋणपत्र निष्काशनको शर्त बन्देजहरु :*
ऋणपत्र निष्काशन सम्बन्धी शर्त र बन्देज यस विवरणपत्रमा छ ।
*(ख) ऋणपत्रको अवधि (Maturity Period) :*
यस ऋणपत्रको अवधि ऋणपत्रको बाँडफाँड भएको मितिबाट ७ (सात) वर्षको हुनेछ । सो अवधि पश्चात बैंकले यस ऋणपत्रको सांवा र अन्तिम किस्ताको तिर्न बाँकी व्याज रकम एकमुष्ठ भुक्तानी गर्नेछ ।
*(ग) निष्काशन गरिने ऋणपत्रको रकम :*
प्रति ऋणपत्र रु.१,०००/- अंकित मूल्यका ३० लाख कित्ता ऋणपत्रले हुन आउने कुल रु.३ अर्व बराबरको प्रति ऋणपत्र रु.१,०००/- अंकित मूल्यका ३०,००,००० कित्ता मध्ये १२ लाख कित्ताले हुन आउने कुल रु. एक अर्ब बीस करोड रकम (५% अर्थात ६०,००० कित्ता सामुहिक लगानी कोषका लागि छुट्याईएको समेत) को ऋणपत्र सर्वसाधारण नेपालीको लागि सार्वजनिकनिष्काशन बिक्री गरिने ।
*(घ) ऋणपत्र शेयरमा परिवर्तन हुने वा नहुने :*
यस विवरणपत्र अनुसार निष्काशन गरिने ऋणपत्र ७ वर्षको अवधि पश्चात एकमुष्ठ रुपमा फिर्ता गरिने भएकाले उक्त ऋणपत्र साधारण शेयरमा परिणत नहुने ।
*(ङ) ऋणपत्रको व्याजदर (Coupon Interest Rate) र ब्याज भुक्तानी गर्ने अवधी/समय (Interest Payment Period):*
यस ऋणपत्रको वार्षिक व्याजदर १०% हुनेछ । यस ऋणपत्रमा आर्जित ब्याज रकममा आयकर ऐन अनुसार कर लाग्नेछ । यस ऋणपत्रमा आर्जित व्याज रकम प्रत्येक आ.व.को प्रथम अर्धवार्षिक (पुष मसान्त) र द्वितीय अर्धवार्षिक (असार मसान्त) समाप्त भए पश्चात भुक्तानी दिइनेछ । व्याज रकम भुक्तानी दिंदा प्रथम अर्धवार्षिक (पुष मसान्त) समयसम्म यस ऋणपत्रमा आर्जित व्याज रकम हरेक आ.व.को माघ १ गतेदेखि र द्वितीय अर्धवार्षिक (असार मसान्त) समयसम्म यस ऋणपत्रमा आर्जित व्याज रकम आ.व.को साउन १ गतेदेखि भुक्तानी गरिनेछ ।
*(च) ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserve) सम्बन्धी व्यवस्था :*
यो ऋणपत्रलाई निर्धारित ७ वर्षको समय अवधि व्यतित हुनासाथ भुक्तानी गर्नका लागि बैंकले बार्षिक मुनाफाबाट ऋणपत्र निष्काशन भएको मितिबाट आगामी ७ बर्ष सम्म बराबर रुपमा (Proportionate Period Basis) ऋणपत्र भुक्तानी कोष (Debenture Redemption Reserve) को व्यवस्था गरी वार्षिक रु.४२.८५ करोड का दरले समानुपातिक रुपमा हुने रकम बैंकले नोक्सानी व्होर्नु परेको अवस्थामा समेत ऋणपत्र भुक्तानी कोषमा रकमान्तर गरिनेछ । यस ऋणपत्रको भुक्तानी गरेपछि ऋणपत्र भुक्तानी कोषमा रहेको रकम नाफा-नोक्सान बाँडफाँड हिसाब खातामा सारिनेछ वा नेपाल राष्ट्र बैंकले तोके बमोजिम गरिने छ । साथै कम्पनीले कुनै आर्थिक वर्षमा नाफा आर्जन गर्न नसकेको खण्डमा समेत सो वर्षमा ऋणपत्र भुक्तानी कोष (Debenture Redemption Fund)मा रकमान्तर गर्नुपर्ने रकम संचित नाफा बाट रकमान्तर गरिने छ ।
*(छ) ऋणपत्रवालाहरुको अधिकार :*
यस विवरणपत्र मार्फत निष्काशन हुने ऋणपत्र खरिद गर्ने ऋणपत्रवालाहरुलाई कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानून बमोजिम ऋणपत्रवालालाई प्राप्त हुने सम्पूर्ण हक, सुविधा प्राप्त हुनेछ । तर त्यस्ता ऋणपत्रवालाहरुलाई साधारण सभामा उपस्थित हुने तथा मतदान गर्ने अधिकार हुने छैन । कथंकदाचित बैंक टाटपल्टेमा यस विवरण-पत्र मार्फत् निष्काशित ऋणपत्रको भुक्तानी निक्षेपकर्ताहरु भन्दा पछाडि मात्र हुनेछ ।
*(ज) ऋणपत्रको व्याज भुक्तानी गर्ने समय :*
यस ऋणपत्रमा आर्जित व्याज रकम प्रत्येक आ.व.को प्रथम अर्धवार्षिक (पुष मसान्त) र द्वितीय अर्धवार्षिक (असार मसान्त) समाप्त भए पश्चात भुक्तानी दिइनेछ । व्याज रकम भुक्तानी दिंदा प्रथम अर्धवार्षिक (पुस मसान्त) समयसम्म यस ऋणपत्रमा आर्जित व्याज रकम हरेक आ.व.को माघ १ गतेदेखि र द्वितीय अर्धवार्षिक (असार मसान्त) समयसम्म यस ऋणपत्रमा आर्जित व्याज रकम आ.व.को साउन १ गतेदेखि भुक्तानी गरिनेछ ।
*(झ) ऋणपत्रको व्याज भुक्तानी गर्ने स्थान :*
यस ऋणपत्र धारण गर्ने ऋणपत्रधनीले निजले धारण गरेको ऋणपत्रमा आर्जित व्याज रकम हिमालयन बैंक लिमिटेडको कुनैपनि शाखाबाट आफनो ऋणपत्रको प्रमाणपत्र र ब्याज भुक्तानी पूर्जा पेश गरी भुक्तानी लिनसक्ने गरी निष्काशन गरिएको छ । यसको अतिरिक्त ऋणपत्रधनीलाई आफ्नो खातामा सोझै ब्याज रकम जम्मा गर्ने सहुलियत समेत दिइने छ ।
*(ञ) ऋणपत्रको व्याज भुक्तानी गर्ने तरीका :*
ऋणपत्रको बाँडफाँड पश्चात् बाँडफाँडमा पर्ने सम्पूर्ण ऋणपत्रधनीहरुलाई बाँडफाँड भएको दिनदेखिको पहिलो अर्धवार्षिकको व्याज रकम सो अर्धवार्षिक अवधीको समाप्ती पश्चात् भुक्तानी दिइनेछ । यस ऋणपत्र धारण गर्ने प्रत्येक ऋणपत्रधनीलाई व्याज रकम भुक्तानी गर्नका लागी ऋणपत्रको प्रमाणपत्रको साथै व्याज भुक्तानी पुर्जा (Interest Coupon) दिइनेछ । यस्को अतिरिक्त ऋणपत्रधनीलाई आफ्नो खातामा सोझै ब्याज रकम जम्मा गर्ने सहुलियत समेत दिइने छ ।
*(त) अन्य :*
यो ऋणपत्र हिमालयन बैंक लिमिटेड बाहेक अन्य जुनसुकै वित्तीय संस्थामा धितो राखी ऋण लिन सकिनेछ ।

(ख) **संगठित संस्थाको सम्पत्तिमा ऋणपत्रवालाको हक सम्बन्धी विवरण :**
यस विवरणपत्र मार्फत निष्काशन हुने ऋणपत्र बैंकको सम्पत्ति सुरक्षण नराखी निष्काशन गरिएको असुरक्षित ऋण (Unsecured Debt) भएको र कथंकदाचित बैंक टाटपल्टिएमा अन्य सुरक्षित साहु र निक्षेपकर्ता भन्दा पछि मात्र भुक्तानीमा प्राथमिकता हुने गरी निष्काशन गरिएको सहायक ऋण (Subordinate Debt) भएको हुँदा प्रचलित कानूनले प्रदान गरेको बाहेक कम्पनीको सम्पत्तिमा ऋणपत्रधनीको कुनै निर्दिष्ट हक (Specific Charge) अधिकार हुनछैन । यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्रधनीको बैंकको सम्पत्तिमा द्वितीय हक हुनेछ । बैंकको सम्पत्तिमा सुरक्षित साहु र निक्षेपकर्ताको प्रथम हक लाग्नेछ । बैंकको सम्पत्ति मध्ये प्रथम हकवालको रकम आषाढ मसान्त २०७५ मा रु. ९८.९८ अर्ब रहेको छ ।

(ग) **ट्रष्टीको नाम, ठेगाना तथा ट्रष्टी र कम्पनी बीच भएको सम्भौता (Turstee Deed) को प्रमुख बुँदाहरुः**
*क) डिवेञ्चर ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाको नाम, ठेगानाः*
ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थामा नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धकको प्रमाण-पत्र प्राप्त धितोपत्र व्यवसायी लक्ष्मी क्यापिटल मार्केट लिमिटेड, नयाँबानेश्वर, काठमाडौं रहेको छ ।
*ख) ट्रष्टी भए वापत लिने सेवा शुल्कः*
यस विवरण-पत्र मार्फत सर्वसाधारणमा तथा व्यक्तिगत तवरबाट विभिन्न व्यक्ति वा संघ संस्थाहरुलाई बिक्री गरिने ऋणपत्रको ट्रष्टीको रुपमा नियुक्त श्री लक्ष्मी क्यापिटल मार्केट लिमिटेडलाई निजले उक्त सेवा प्रदान गरेबापत वार्षिक रु.२०,०००/- (बीस हजार मात्र) रकम ट्रष्टी सेवा उपलब्ध गराएको समयावधिका लागि सेवा शुल्कको रुपमा दिइनेछ ।
*ग) डिवेञ्चर ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले तोकेको सम्पर्क व्यक्तिको नाम, पद :*
ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले उक्त कम्पनीको प्रतिमा नेपाललाई सम्पर्क व्यक्तिको रुपमा तोकेको छ ।
*घ) डिवेञ्चर ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले सम्बन्धित पक्षको गुनासो सुन्ने र समाधान गर्ने सम्बन्धमा गरेको व्यवस्था :*
ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले सम्बन्धित पक्षको गुनासो सुन्ने र सो को समाधान गर्ने सम्बन्धमा तोकिएको सम्पर्क व्यक्ति मार्फत वा ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाको कार्यालय मार्फत आवश्यक व्यवस्था गरेको छ । साथै गुनासाहरु लिखित रुपमा ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थामा जम्मा गराउनु पर्नेछ ।
*ङ) डिवेञ्चर निष्काशन गर्ने कम्पनी र डिवेञ्चरवालाहरुको हित संरक्षण गर्न ट्रष्टीको रुपमाकाम गर्ने डिवेञ्चर ट्रष्टी बिच कम्पनी ऐनको व्यवस्था अनुरुप सम्भौता भएको कुरा :*
ऋणपत्र निष्काशन गर्ने कम्पनी र ऋणपत्रवालाहरुको हित संरक्षण गर्न ट्रष्टीको रुपमा काम गर्ने ऋणपत्र ट्रष्टी बीच मिति २०७५/१२/०७ मा कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था अनुरुप सम्भौता गरिएको छ ।
*च) डिवेञ्चर ट्रष्टीको अधिकार र दायित्व, डिवेञ्चर ट्रष्टीले जांचबुझ गर्न र विवरण माग गर्न सक्ने, डिवेञ्चर ट्रष्टीलाई डिवेञ्चरवालाको अधिकार हुने आदि व्यवस्थाहरु कम्पनी ऐन अनुरुप भएको कुरा :*
डिवेञ्चर ट्रष्टीको अधिकार र दायित्व, डिवेञ्चर ट्रष्टीले जांचबुझ गर्न र विवरण माग गर्न सक्ने, डिवेञ्चर ट्रष्टीलाई डिवेञ्चरवालाको अधिकार हुने आदि व्यवस्थाहरु कम्पनी ऐन अनुरुप गरिएको छ ।
*छ) डिवेञ्चर ट्रष्टी र निष्काशनकर्ता कम्पनी बीच भएको सम्भौताको प्रति नेपाल धितो पत्र बोर्डमा दर्ता गरिएको कुरा :*
डिवेञ्चर ट्रष्टी र निष्काशनकर्ता कम्पनी बीच भएको सम्भौताको प्रति नेपाल धितो पत्र बोर्डमा दर्ता गरिएको छ ।
*ज) डिवेञ्चर ट्रष्टी र निष्काशनकर्ता कम्पनी बीच भएको सम्भौता तथा अन्य आवश्यक व्यवस्थाहरु डिवेञ्चरवालाले हेर्न वा जान्न चाहेमा सो उपलब्ध गराउने सम्बन्धमा गरिएको व्यवस्था :*
डिवेञ्चर ट्रष्टी र निष्काशनकर्ता कम्पनी बीच भएको सम्भौता तथा अन्य आवश्यक व्यवस्थाहरु डिवेञ्चरवालाले हेर्न वा जान्न चाहेमा डिवेञ्चर ट्रष्टी र निष्काशनकर्ताको रजिष्टर्ड कार्यालयमा वा निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा सम्पर्क राखि हेर्न वा जान्न सकिने छ ।
*झ) अन्य :*
ऋणपत्र ट्रष्टीले डिबेञ्चरवालाहरुको हित संरक्षण गर्ने । कम्पनीले ऋणपत्र ट्रष्टीलाई आफ्नो वित्तीय कारोवारको परिष्कृत आर्थिक विवरण आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र अनिवार्य रुपमा पठाउनु पर्ने । ऋणपत्र ट्रष्टीले कम्पनीले स्थापना गरेको ऋणपत्र भुक्तानी कोष (Debenture Redemption Fund) को अनुगमन गर्ने । कम्पनीले पुनः अर्को ऋणपत्र निष्काशन गर्नु परेमा ऋणपत्र ट्रष्टीको पूर्व स्वीकृति लिनु पर्ने ।
*ञ) डिवेञ्चर ट्रष्टी र निष्काशनकर्ता कम्पनी बीच भएको सम्भौताका मुख्य बुंदाहरुः*
१. डिवेञ्चर ट्रष्टीले बैंकको सम्पत्ति मूल्याङ्कन, परियोजना विश्लेषण वा व्यवस्थापन विश्लेषण गर्न सक्ने र गराउन सक्ने छ ।
२. कथमकदाचित बैंक बिघटन गर्नुपरेमा बैंकको जायजेथामा निक्षेपकर्ताहरुको हकदावी भुक्तानी पछि मात्र डिवेञ्चरवालाहरुको हक लाग्ने छ र उक्त डिवेञ्चर फिर्ता दिनको लागि बैंकले वार्षिक मुनाफाबाट ऋणपत्र निष्काशन भएको मितिबाट आगामी ७ बर्ष सम्म बराबर रुपमा (Proportionate Period Basis) ऋणपत्र भुक्तानी कोष (Debenture Redemption Reserve) को व्यवस्था गरी समानुपातिक रुपमा बार्षिक रकम रु.४२,८५,७१,४२८/- जम्मा गरिनेछ र म्याद समाप्त भए पश्चात उक्त कोषबाट रकम फिर्ता हुनेछ ।
३. सम्भौतामा उल्लेखित शर्तहरु उल्लंघन भएमा वा पूरा नगरेमा वा अन्य कुनै मनासिव कारणले बैंकको आर्थिक कारोबार नियन्त्रणमा लिनु पर्ने भएमा वा सम्भौता बमोजिमको धितो कब्जामा लिनुपर्ने भएमा डिवेञ्चर ट्रष्टीले बैंकको जायजेथा वा सम्पत्ति वा डिवेञ्चर ट्रष्टीले धितो जमानतमा लिएको सम्पत्ति आफ्नो कब्जामा लिई वा धितो जमानत आफैले राख्न वा लिलाम बढाबढ वा अन्य उपयुक्त तरिकाले बिक्री गर्न सकिने छ ।
४. डिवेञ्चर ट्रष्टीले डिवेञ्चर ट्रष्टीको हैसियतले असल नियतले कार्य गर्दा हिमालयन बैंक लिमिटेड वा डिवेञ्चरधनीलाई कुनै हानी नोक्सानी वा घाटा भएमा वा डिवेञ्चरधनीलाई रकम फिर्ता भुक्तानी नभएमा डिवेञ्चर ट्रष्टीको कुनै दायित्व तथा जिम्मेवारी रहने छैन ।
५. बैंक विघटन गर्नु पर्ने अवस्था उत्पन्न भएमा डिबेञ्चर ट्रष्टीले डिबेञ्चरवालाको तर्फबाट आवश्यक कानूनी कारवाही गर्न सक्नेछ र डिबेञ्चरवालाको अधिकार प्रयोग गर्न सक्नेछ ।

(घ) **परिवर्तनशील ऋणपत्र जारी गरिने भएमा ऋणपत्रको परिवर्तन अनुपात, मूल्य, प्रिमियम तथा परिवर्तन मिति, मताधिकारको व्यवस्था :**
ऋणपत्र परिवर्तनशील नभएको ।
(ङ) **ऋणपत्र जारी गर्नुको उद्देश्य तथा सम्पन्न हुने कार्य योजनाः**
यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएका "१०% हिमालयन बैंक लि.डिबेञ्चर २०८३" ऋणपत्र निष्काशनको मुख्य उद्देश्य बैंकको व्यवसाय वृद्धिको लागि हुनेछ । यस विवरण-पत्र मार्फत निष्काशन गर्न लागिएको "१०% हिमालयन बैंक लि.डिबेञ्चर २०८३" बिक्री गरी संकलन भएको रकम बैंकले आवश्यकता अनुसार कर्जा तथा लगानीमा उपयोग गर्नेछ ।
(च) **जारी पूँजी चुक्ता भएको/नभएको :**
चुक्ता भएको ।
(छ) **यस भन्दा अगाडि जारि भएको ऋणपत्रको विवरण :**
यस भन्दा अगाडि बैंकले "८% हिमालयन बैंक लि.डिबेन्चर २०७७" सात वर्ष अवधि तथा वार्षिक ८ प्रतिशत ब्याजदर भएको प्रति डिबेन्चर रु.१,०००/- अंकित मूल्यका ६ लाख कित्ताले हुन आउने रु.साठी करोड बराबरको ऋणपत्र निष्काशन गरेको थियो ।
(ज) **नेपाल राष्ट्र बैंकले डिवेन्चर जारी गर्नका लागि दिएको शर्तहरुः**
१. कुनै पनि सुरक्षण नराखी "१०% हिमालयन बैंक लि.डिबेञ्चर २०८३" निष्काशन गर्नुपर्ने ।
२. ऋणपत्रको अवधि ७ बर्षको हुने ।
३. प्रस्ताबित ऋणपत्रमा प्रदान गरिने ब्याज ६/६ महिना (अर्धबार्षिक) मा भुक्तानी गर्नुपर्ने, ऋणपत्रको वार्षिक ब्याजदर १०% हुनुपर्ने र आर्जित ब्याज रकममा आयकर ऐन अनुसार आयकर लाग्ने व्यवस्था गर्नुपर्ने ।
४. बैंक बिघटन भएको अवस्थामा "१०% हिमालयन बैंक लि.डिबेञ्चर २०८३" को भुत्तानी निक्षेपकर्ता भन्दा पछि मात्र हुने ।
५. "१०% हिमालयन बैंक लि. डिबेञ्चर २०८३" जारी भएको मितिले बढीमा ६ महिना भित्रमा नेपाल धितोपत्र बिनिमय बजारमा सूचीकृत गर्नुपर्ने ।
६. हिमालयन बैंक लिमिटेड लि. बाहेक अन्य बैंक तथा बित्तीय संस्थाबाट उक्त बण्ड धितो राखी ऋण लिन सकिने ब्यवस्था गर्नुपर्ने ।
७. "१०% हिमालयन बैंक लि. डिबेञ्चर २०८३" निष्काशन गर्नु अघि विवरणपत्र यस बैंकमा दर्ता गरी प्रकाशन गर्नुपर्ने ।
८. Private Placement को आधारमा विक्री गरिने ऋणपत्रको सम्बन्धमा कुनै संघ/संस्थासंग अग्रिम कुनै सम्भौता भएको भए सो सम्भौताको प्रमाणित प्रतिलिपि यस बैंकमा पेश गर्नु पर्ने ।
९. यदि कुनै पक्षले सो पक्षलाई छुट्याएको ऋणपत्र खरिद नगरेमा सो ऋणपत्र अर्को पक्षलाई खरिद गर्ने व्यबस्था गर्नुपर्ने ।

**१५. धितोपत्रको बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी व्यवस्था :**

(क) **अत्यधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रकृया :**
यस विवरणपत्र मार्फत जारी गरिएको ऋणपत्र जारी संख्या भन्दा बढी संख्यामा ऋणपत्र खरिदको लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार ऋणपत्रहरु बाँडफाँड गरिनेछ र ऋणपत्र बाँडफाँड सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ । यदि निष्काशन गरिएको ऋणपत्रको संख्या भन्दा कम ऋणपत्र खरिदको लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित व्यवस्था तथा निर्देशन बमोजिम सञ्चालक समितिले निर्णय गरी बिक्री वितरण तथा बाँडफाँड गरिनेछ ।
(ख) **अत्यधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था :**
"धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २० अनुरुप सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट मात्र आवेदन दिन सक्नेछन र आवेदकहरुको सम्बन्धित बैंक तथा वित्तीय संस्थाले नै बाँडफाँडमा नपर्ने लगानीकर्ताको डिबेन्चर खरिदको आवेदन बमोजिम रोक्का राखेको खाताको रकम मात्र रोक्का फुकुवा गरिदिनेछ ।
(ग) **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने ब्याजदर :**
उपरोक्त व्यवस्था सि-आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट आवेदन दिने आवेदकहरुको हकमा लागु हुने छैन ।
(घ) **धितोपत्र बाँडफाँड तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधि :**
निष्काशन गरिने धितोपत्र प्रचलित धितोपत्र निष्कासन निर्देशिका, तथा प्रचलित शेयर बाँडफाँड सम्बन्धी व्यवस्था अनुसार डिबेन्चरको बाँडफाँड गरी तोकिएको समयावधि भित्र डिम्याट खातामा जम्मा गरिनेछ ।
(ङ) **धितोपत्र सूचीकरण भई सकेको भए,त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम र धितो पत्रको कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धी विवरण :**
श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा यस बैंकको शेयर मिति २०५०/०४/०३ गते सूचिकरण भई कारोबार भइरहेको छ ।
(च) **धितोपत्र सूचीकरण भैनसकेको भए,संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्र प्रचलित ऐन नियम अनुसार सहज खरिद, बिक्री वा विनिमय हुन सक्ने गराउनका लागि गरिने व्यवस्था सम्बन्धी विवरण :**
यस विवरणपत्र अनुसार जारी गरिएको ऋणपत्रहरु धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा प्रचलित सूचिकरण सम्बन्धी व्यवस्था अनुसार सूचिकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा धितोपत्र दर्ता गराई डिबेन्चर खरिद बिक्रीको व्यवस्था मिलाईनेछ ।

**१६. आवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरु :**

**व्यक्तिगत तवर (Private Placement)को हकमाः**
(क) निष्काशन गरिने डिबेन्चर सात वर्ष अवधि तथा वार्षिक १० प्रतिशत व्याजदर भएको प्रति डिबेन्चर रु.१,०००/- अंकित मूल्यका १८ लाख कित्ता डिबेन्चरले हुन आउने कुल रु.१ अर्ब ८० करोड ऋणपूँजी रकम विभिन्न व्यक्ति वा संघ संस्थाहरुलाई व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिने ।
(ख) लिनुपर्ने न्यूनतम डिबेन्चर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकमः यस विवरण मार्फत निष्काशन गरिने डिबेन्चर खरिदका लागि दरखास्त दिँदा दरखास्तवालाले कम्तीमा २५ र सोभन्दा बढीका लागि आवेदन गर्न चाहेमा १ अङ्कले भागजाने संख्यामा दरखास्तसाथ आफूले खरिद गर्न चाहेको ऋणपत्र संख्याको प्रति ऋणपत्र वापत रु.१,०००/- का दरले हुन आउने एकमुष्ट रकम यस बैंकको सम्पूर्ण शाखा कार्यालयहरु तथा बिक्री प्रबन्धक श्री लक्ष्मी क्यापिटल मार्केट लिमिटेडमा जम्मा गरी आवेदन दिन सक्नेछन् ।
(ग) डिबेन्चर बिक्री खुल्ला अवधि : यस निष्काशन व्यक्तिगत तवरबाट गरिने भएकोले धितोपत्र बोर्डबाट स्वीकृति पश्चात खुल्ला हुनेछ र सार्वजनिक निष्काशनसँगै बन्द हुनेछ ।
(घ) डिबेन्चर खरिदका लागि पुर्ण आवेदन प्राप्त नभई बाँकी रहन गएका डिबेन्चरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था : डिबेन्चर खरिद खुल्ला अवधिमा सम्पूर्ण डिबेन्चर बिक्री नभई बाँकी रहन गएमा त्यसरी बाँकी रहन गएका डिबेन्चरहरुको सम्बन्धमा सार्वजनिक निष्काशन (Public Issue) मार्फत बिक्री गरिनेछ ।
(ङ) डिबेन्चर खरिद गर्न चाहने आवेदकहरुले पालना गर्नुपर्ने मुख्य कुराहरुः
१. कुनै पनि नेपाली संघ संस्थाले यस विवरण अनुसार जारी गरिने ऋणपत्र खरिद गर्न आवेदन दिनसक्नेछन् । आवेदकले आफुले लिन चाहेको ऋणपत्र, अधिकतम सिमा खुल्ने गरि यहि बैंकको बिक्री प्रवन्धकलाई लिखित रुपमा निवेदन पेश गर्नुपर्ने छ ।
२. आवेदन दिँदा आफुले खरिद गर्न चाहेको ऋणपत्र संख्या र त्यसको रकम खुलाई आवेदन दिनुपर्नेछ ।
३. आवेदन फारम नेपाली वा अंग्रेजी कुनै एक भाषामा पेश गर्नुपर्नेछ ।
४. आवेदकले आवेदनसाथ आफुले खरिद गर्न चाहेको ऋणपत्र संख्याको प्रति ऋणपत्र रु.१,०००/- को दरले हुनआउने रकम लक्ष्मी क्यापिटल मार्केट लिमिटेड नाममा खिचिएको बैंक ड्राफ्ट संलग्नभएको हुनुपर्नेछ । यसरी बैंक ड्राफ्ट/चेक मार्फत रकम बुझाउनु हुने आवेदकहरुले आवेदनमा सो ड्राफ्टको नम्बर र ड्राफ्टको पछाडि आवेदकको नाम अनिवार्य रुपमा खुलाउनु पर्नेछ । यसको अलवा, निवेदकले नेपाल लक्ष्मी क्यापिटल मार्केट लिमिटेड वा बैंकको नाममा A/C Transfer गरी Credit Advice निवेदनको साथमा संलग्न पनि गर्न सक्ने छ ।
५. कम्पनी वा संस्थाले ऋणपत्रका लागि आवेदन दिँदा कम्पनी वा संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपि र लगानी गर्ने सम्बन्धमा संचालक समितिको निर्णय समावेश गरेको हुनुपर्नेछ ।
६. रु.१०,००,०००/- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनु पर्नेछ । यस अतिरिक्त रु.१०,००,०००/- वा सोभन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिँदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।

**सर्वसाधारणको हकमा :**
१) यस विवरण-पत्र अनुसार निष्काशन गरिएको ऋणपत्र खरिदको लागि आवेदन गरी ऋणपत्र बाँडफाँड भए पश्चात् कायम ऋणपत्रधनीहरुले बैंकको साधारण सभामा भाग लिन र मतदान गर्न पाउने छैनन् । यस विवरण-पत्र अनुसार जारी गरिएको डिबेन्चर धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ मा भएको व्यवस्था भएको अनुसार बाँडफाँड गरी तोकिएको अवधि भित्र Demat गरि नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिंहदरवार प्लाजा, काठमाण्डौमा सूचीकरण सम्बन्धी नियम बमोजिम सूचीकरण गराई खरिद बिक्रीको व्यवस्था मिलाईने छ ।
२) कार्यालय समय भित्र निम्न लिखित स्थानहरुमा कम्पनीको प्रबन्धपत्र तथा नियमावली तथा विवरण पत्र निरीक्षण गर्न सकिनेछ । कम्पनीको रजिष्टर्ड कार्यालय, कमलादी, काठमाण्डौ । धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक लक्ष्मी क्यापिटल मार्केट लिमिटेड, नयाँबानेश्वर, काठमाण्डौ ।
३) कुनै पनि नेपाली नागरिकले स्वीकृत विवरणपत्र मार्फत जारी गरिने ऋणपत्र खरिद गर्नको लागि दरखास्त दिन चाहनेहरुले नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ बमोजिम सार्वजनिक निष्काशनमा Centralized Application for ASBA Based Issuance (CASBA) प्रणाली मार्फत आवेदन संकलन गर्न आवद्ध आस्वा सेवामा सहभागि बैंक तथा वित्तीय संस्था तथा तिनका शाखा कार्यालयबाट आवेदन दिन सक्नेछन् । यसरी आवेदन लिन सक्ने बैंक तथा वित्तीय संस्थाको विवरण सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडले आफ्नो वेब साइट www.cdscnp.com मा Registered Banks in C-ASBA अन्तर्गत उल्लेख गरेको छ । दरखास्तवालाले डिबेन्चर खरिदका लागि दरखास्त दिंदा 'धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४' को दफा २४ मा उल्लेख भए बमोजिम देहायका विवरणहरु स्पष्ट रुपमा दरखास्त आवेदन दिनु पर्नेछ ।
क) आवेदन फाराममा आवेदकको नाम थर नेपाली/अंग्रेजीमा उल्लेख गरिनु पर्नेछ ।
ख) आवेदन दिंदा डिबेन्चर जारी गर्ने कम्पनीको नाम, आवेदन गरिएको संख्या, रकम स्पष्ट बुझिने गरी उल्लेख गर्नु तथा एकभन्दा बढि आवेदन दिन पाउने छैन ।
ग) आफ्नो बैंक खाता र हितग्राही खाता नम्बर सहि /स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ ।
घ) आवेदकले आफु स्वयंको हितग्राही खाता नम्बर उल्लेख गर्नु पर्नेछ ।
ङ) आवेदन गरेको निस्सा/प्रमाण, सम्बन्धित संकलन केन्द्र (आस्वा सदस्य बैंक तथा वित्तीय संस्था) सँग अनिवार्य लिनुपर्ने छ ।
च) एक व्यक्तिले आफूले लिन चाहेको सम्पूर्ण शेयरको लागि एक वटा मात्र आवेदन गरेको हुनुपर्ने, यदि एकै व्यक्तिले एक भन्दाबढी आवेदन दिएको भेटिएमा निजले दिएको सबै आवेदनलाई रद्द गरिनेछ ।
छ) रु.१० लाख सम्म आवेदन दिने आवेदकले स्वेक्षिक रुपमा प्यान नं उल्लेख गर्नुपर्नेछ ।
ज) सम्पूर्ण दरखास्तवालाहरु (नाबालकहरु समेत) ले अनिवार्य रुपमा आफ्नो खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम,ठेगाना र खाता नं. समेत दरखास्त फाराममा खुलाउनु पर्नेछ । यसरी खुलाइएको बैंक तथा वित्तीय संस्था समाशोधन गृहको (क्लियरिङ्ग हाउस) सदस्य भएको हुनुपर्नेछ ।
झ) रितपूर्वक प्राप्त नभएको दरखास्त फारमलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन र सो को जिम्मेवार दरखास्तवाला स्वयंहुनेछ ।
४. आस्वा सेवामा सहभागि बैंक तथा वित्तीय संस्थाले C-ASBA अन्तर्गत लिने आवेदनको ढाँचा धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य संचालन निर्देशिका, २०७४ को अनुसूची ५ बमोजिम हुनुपर्नेछ ।
५. धितोपत्र खरिदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिई सकेपछि खरिद गरेको धितोपत्र बापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई रद्द गरिने हुँदा सो कुराको जानकारी आवेदकले स्वयंले बुझ्नु पर्नेछ ।
६. यस्तो ऋणपत्रका लागि आवेदन दिंदा आफुले खरिद गर्न चाहेको प्रति ऋणपत्र वापत रु.१,०००/- (एक हजार) का दरले हुन आउने एकमुष्ठ रकम दरखास्तसाथ बुझाउनु पर्नेछ । यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र खरिदका लागि दरखास्त दिँदा दरखास्तवालाले न्यूनतम २५ (पच्चीस) कित्ता र न्यूनतम २५ (पच्चीस) कित्ता भन्दा बढी ऋणपत्र खरिद गर्नका लागि १ अंकको गुणाङ्कमा अधिकतम सम्पूर्ण कित्ताका ऋणपत्र खरिद गर्नका लागि दरखास्त दिन सकिनेछ ।

**१७. विवरणपत्र तथा दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान :**

| क्र.सं. | विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना |
|---|---|
| १. | लक्ष्मी क्यापिटल मार्केट लिमिटेड, नयाँबानेश्वर, काठमाडौं र वेवसाइट : www.laxmicapital.com.np |
| २. | हिमालयन बैंक लिमिटेड, कमलादी, काठमाडौं र वेवसाइट : www.himalayanbank.com |

| क्र.सं. | दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान |
|---|---|
| १. | नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरुबाट सि-आस्वा (CASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ । |

**१८. धितोपत्र बिक्री खुल्ला अवधि :**

यस विवरणपत्रद्वारा निष्काशन गरिएको ऋणपत्रहरुको लागि आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट अधिकतम ३० दिनसम्म खुल्ला रहने छ । ऋणपत्रको लागि आवेदन लिने कार्य कम्तिमा चार कार्य दिनको लागि खुल्ला गरिने छ ।

**१९. निष्काशन बैंक (Bankers to the Issue) :**

यस विवरणपत्र मार्फत निष्काशित ऋणपत्रहरुको लागि निष्काशन बैंक (Banker to the Issue) को रुपमा लक्ष्मी बैंक लिमिटेड, हात्तिसार, काठमाण्डौ रहने छ ।

**२०. क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण :**

यस बैंकले जारी गर्न लागेको ऋणपत्रलाई केयर रेटिङ्गस् नेपाल लिमिटेडले मिति २०७६/०१/२६ मा CARE-NP A(Single A) ग्रेडिङ्ग प्रदान गरेको छ जसले adequate degree of safety regarding timely servicing of financial obligation in Nepal &lowcredit risk जनाउँदछ । साथै यस बैंकलाई केयर रेटिङ्गस् नेपाल लिमिटेडले "CARE-NP A (Is) (Single A [Issuer])" ग्रेडिङ्ग प्रदान गरेको छ जसले adequate degree of safety regarding timely servicing of financial obligation in Nepal &lowcredit risk जनाउँदछ ।

**२१. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :**

निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा एक कक्षको व्यवस्था गरिएको छ । लक्ष्मी क्यापिटल मार्केट लिमिटेड, नयाँबानेश्वर, काठमाडौंका श्री विजय महतोलाई गुनासो सुन्ने अधिकारीको रुपमा तोकेको छ । लगानीकर्ताहरुले फोन तथा इमेल मार्फत आफ्नो गुनासो तथा सुझाव प्रेषित गर्न सक्नेछन् ।

**धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धकः**

लक्ष्मी क्यापिटल मार्केट लिमिटेड
Laxmi Capital Market Limited
(लक्ष्मी बैंक लिमिटेडको सहायक कम्पनी)

(नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धक, धितोपत्र प्रत्याभूति, शेयर रजिष्ट्रेशन तथा लगानी व्यवस्थापन कार्य गर्न इजाजत प्राप्त)

का.म.न.पा. वडा नं. १० नयाँ बानेश्वर, काठमाडौं, नेपाल
फोन नं.: ९७७-०१-४७८०२२२, ४७८१५८२, फ्याक्स नं. ९७७ -१-४७८०५८३
Email : info@laxmicapital.com.np, URL: www.laxmicapital.com.np

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिम कामकारोबार गर्ने

**हिमालयन बैंक लिमिटेड**

# HIMALAYAN BANK LIMITED

**(नेपाल राष्ट्र बैंक बाट "क" वर्गको इजाजत प्राप्त संस्था)**

एचबिएल कर्पोरेट बिल्डिङ्ग, कमलादी, काठमाण्डौं
फोन नं.- ९७७-१-४२४६२१८, ४२४६२१९फ्याक्स नं.- ९७७ -१-४२२२८००
Email: hbl@himalayanbank.com, URL: http://www.himalayanbank.com

**को**

## ७ वर्ष अवधि तथा वार्षिक १० प्रतिशत व्याजदर भएको "१०%हिमालयन बैंक लि. डिबेन्चर २०८३" को विवरणपत्र

सात वर्ष अवधि तथा वार्षिक १० प्रतिशत व्याजदर भएको प्रति डिबेन्चर रु.१,०००/(अंकित मूल्यका ३० लाख कित्ताले हुन आउने रु.३ अर्ब बराबरको ऋणपत्र मध्ये १८ लाख कित्ता ऋणपत्रले हुन आउने कुल रु.१ अर्ब ८० करोड ऋणपूँजी रकम व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिने र १२ लाख कित्ता ऋणपत्रले हुन आउने रु.१ अर्ब २० करोड ऋणपूँजी रकम(५% अर्थात ६०,००० कित्ता सामुहिक लगानी कोषका लागि छुट्टयाईएका समेत )सर्वसाधारण नेपालीको लागि सार्वजनिक निष्काशनबाट बिक्री गरिने ।

**दरखास्त साथ प्रति ऋणपत्र रु.१०००/–को दरले (शत् प्रतिशत) भुक्तानी माग गरिएको ।**

| विवरण | वास्तविक | | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.ब. ०७२/०७३ | आ.ब. ०७३/०७४ | आ.ब. ०७४/०७५ | चैत्र मसान्त २०७५ | आ.ब. ०७५/०७६ | आ.ब. ०७६/०७७ | आ.ब. ०७७/०७८ |
| प्रति शेयर नेटवर्थ | **१८०.३१** | **१८९.९१** | **१७४.२४** | **१७९.१७** | **१८७.७५** | **२०४.२२** | **२०९.२४** |
| प्रति शेयर आम्दानी | **३३.५५** | **३५.५१** | **२३.११** | **३१.५२** | **३२.०८** | **३४.९४** | **३५.८३** |
| संचित नाफा/नोक्सानी (रु.) | २०,८६,९७९ | २५,०८,०२३ | १५,००,४०५ | १,५५४,७८१ | १,८७७,०४३ | २,६४३,८६० | ३,०६८,८९७ |

**लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :**

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मुल्यले सूचिकरण पश्चात धितोपत्र बजारमा हुने कारोवार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको **दफा ८** मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

**नियमन निकायको जवाफदेहिता नरहने उद्घोषण** :

व्यक्तिगत तवर **(Private Placement)** बाट र सर्वसाधारणलाई बिक्री गर्नका लागि तयार गरिएको यस विवरणलाई धितोपत्र संबन्धी कानून बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृती प्रदान गरेको छ । यसरी बोर्डले विवरणमा स्वीकृति प्रदान गरेको कारणबाट कसैले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्टारको कार्यालय वा सम्बद्ध अन्य नियमन निकायले विवरण पत्रमा उल्लेखित कुराको सत्यत वा निष्काशनकर्ता वा परियोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभुती गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

यस बैंकले जारी गर्न लागेको रु. ३ अर्बको (10% Himalayan Bank Limited Debenture 2083)लाई केयर रेटिङ नेपाल लिमिटेडले मिति २०७६/०१/२६मा CARE-NP A(Single A) ग्रेडिङ्ग प्रदान गरेको छ जसले adequate degree of safety regarding timely servicing of financial obligation in Nepal & low credit risk जनाउँदछ ।साथै यस बैंकलाई केयर रेटिङ्गस् नेपाल लिमिटेडले "CARE-NP A (Is) (Single A [Issuer])"ग्रेडिङ्ग प्रदान गरेको छ जसले adequate degree of safety regarding timely servicing of financial obligation in Nepal & low credit risk जनाउँदछ ।

यस विवरणपत्र मार्फत निष्काशन हुने ऋणपत्र बैंकको सम्पत्ति सुरक्षण नराखी निष्काशन गरिएको असुरक्षित ऋण (Unsecure Debt) भएको र कथंकदाचित बैक टाट पल्टिएमा अन्य सुरक्षित साहु, निक्षेपकर्ता भन्दा पछि मात्र भुक्तानीमा प्राथमिकताका हुनेगरी निष्काशन गरिएको सहायक ऋण (Subordinated Debt) भएको हुँदा प्रचलित कानुनले प्रदान गरेको बाहेक बैंकको सम्पत्तिमा ऋणपत्रवालाको कुनै निर्दिष्ट हक (Specific Charge) अधिकार हुने छैन । यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्रवालाको बैकंको सम्पत्तिमा द्वितीय हक हुनेछ । बैंकको स्पत्तिमा सुरक्षित साहु र निक्षेपकर्ताको प्रथम हक लाग्नेछ ।

**नेपाल धितोपत्र बोर्डबाट विवरणपत्र स्वीकृत भएको मितिः२०७६/०३/०९** **नेपाल राष्ट्र बैंकमा विवरणपत्र दर्ता भएको मितिः :२०७६/०३/१३**

**कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति :२०७६/०३/२०** **निष्काशन खुल्ला हुने मिति :२०७६/०४/०२**

**निष्काशन बन्द हुने मिति (छिटोमा) :२०७६/०४/०६** **निष्काशन बन्द हुने मिति (ढिलोमा) :२०७६/०४/३१**

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक :**

लक्ष्मी क्यापिटल मार्केट लिमिटेड
Laxmi Capital Market Limited

**(100% Subsidiary of Laxmi Bank Limited)**

**लक्ष्मी क्यापिटल मार्केट लिमिटेड**

पो.ब.नं.८४४९,नयां बानेश्वर, काठमाडौं, नेपाल,फोन नं.–४७८०२२२, ४७८१५८२ फ्याक्स नं.– ४७८०५८३
Email : info@laxmicapital.com.np, URL: www.laxmicapital.com.np

**ख.१.विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :**

क) "विवरणपत्र" भन्नाले कम्पनी ऐन २०६३ को दफा २३ बमोजिम र धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० बमोजिम प्रकाशित विवरणहरु भएको पुस्तिकालाई सम्झनु पर्दछ ।

ख) "धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक" भन्नाले लक्ष्मी क्यापिटल मार्केट लिमिटेड,नयां बानेश्वर, काठमाण्डौं लाई सम्झनु पर्दछ ।

ग) "धितोपत्र" भन्नाले संगठित संस्थाले जारी गरेको साधारण शेयर जनाउंछ ।

घ) "संगठित संस्था/कम्पनी" भन्नाले निष्काशनकर्ता कम्पनी हिमालयन बैंक लिमिटेडलाई सम्झनु पर्दछ ।

ङ) "संकलन केन्द्र" भन्नाले सार्वजनिक निष्काशनको लागि तयार गरिएको विवरणपत्र र दरखास्त फारम प्राप्त गर्न सकिने तथा दरखास्त फारम साथ रकम बुझाउन सकिने गरी तोकिएका संस्थाहरुलाई सम्झनु पर्दछ ।

च) "निष्काशन बैंक" भन्नाले निष्काशन तथा बिक्री प्रबन्धकसँग सम्झौता गरी धितोपत्र निष्काशनको क्रममा आवेदकबाट प्राप्त हुने रकम जम्मा गर्न जिम्मेवारी लिने बाणिज्य बैंकलाई सम्झनु पर्दछ ।

छ) "नियमन निकाय" भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंकलाई सम्झनु पर्दछ ।

ज) "संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा ब्यबस्थापन" भन्नाले हिमालयन बैंक लिमिटेडको संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा ब्यबस्थापनलाई सम्झनु पर्दछ।

झ) "बोर्ड" भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्दछ ।

ञ) "आधारभूत शेयरधनी" भन्नाले कम्पनीको चुक्ता पूँजीको १ प्रतिशत भन्दा बढी शेयर धारण गरेको शेयरधनीलाई सम्झनु पर्दछ ।

**ख.२. विवरणपत्र तथा दरखास्तप्राप्त गर्न र बुझाउने स्थान :**

डिबेन्चर खरिदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै डिबेन्चर खरिदको लागि तयार गरिएको "डिबेन्चर निष्काशन सम्बन्धी विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :

| सि.न. | विवरण–पत्र हेर्न तथा प्राप्त गर्न सकिने स्थानको नाम र ठेगाना |
|---|---|
| १. | लक्ष्मी क्यापिटल मार्केट लिमिटेड, नयाँबानेश्वर, काठमाडौं |
| २. | हिमालयन बैंक लिमिटेड, कमलादी, काठमाडौं |

साथै **धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइट** www.laxmicapital.com.np तथा निष्काशनकर्ता कम्पनीकोwebsite:www.himalayanbank.comवा नेपाल धितोपत्र बोर्डको **वेभसाइट**www.sebon.gov.npबाट समेत यस निष्काशन को लागि स्वीकृत विवरणपत्र हेर्न सक्नु हुनेछ ।

**सर्वसाधारणको हकमा :**

| सि.न. | दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान : |
|---|---|
| १. | नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा(ASBA)सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरुबाट सि–आस्वा (CASBA)प्रणाली मार्फत आवेदन दिन सकिनेछ । |

**व्यक्तिगत तवर (Private Placement) को हकमा** :

यस निष्काशन व्यक्तिगत तवरबाट पनि गरिने भएकोले बैंकका बिक्री प्रवन्धकले बैंक सँगको सहमतीमा खरिदकर्ताहरु खोजी गरि आपसि सहमतीमा वितरण गरिने छ ।

**ग.१. धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यबस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतीका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन २०६३" तथा "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Diligence Certificate)प्रस्तुत गरेका छौं ।

**ग.२.संगठित संस्थाको उद्घोषण :**

**क.संचालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी :**

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरुका साथै निष्काशन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुका सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यताप्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी संचालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी उद्घोषण गर्दछौं की तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छु/छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

**ख.संगठित संस्थाको जवाफदेहिता सम्बन्धी :**

यस हिमालयन बैंक लिमिटेडले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरणहरु बाहेक संगठित संस्थाको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहीता संगठित संस्थामा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

**ग.नियमन निकायको नियमन ब्यबस्थाको पालना सम्बन्धी :**

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तैः कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक आदी) को सार्वजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं। साथै सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सो मा उल्लिखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड र कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरेका छौं । आ.व.०७३/०७४ सम्मको विवरणहरु पेश गरेको हुनाले कम्पनी अध्यावधिक रहेको व्यहोरा मिति २०७४/१२/०६ मा कम्पनी रजिष्ट्रारले स्वीकृति प्रदान गरेको छ ।

**घ.संस्थापक, संचालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :**

१. यस कम्पनीको संस्थापक, संचालक वा प्रमुख कार्यकारी अधिकृत कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।
२. यस कम्पनीको संचालक वा प्रमुख कार्यकारी अधिकृत कालो सूचीमा रहेको अन्य संगठित संस्थामा संचालक वा कार्यकारी प्रमुख छैनन् ।
३. सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी वेपत्ता भएका वा संचालनमा नरहेका वा लगानीकर्ताहरुको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको संचालक वा प्रमुख कार्यकारी अधिकृत यस कम्पनीको संचालक वा प्रमुख कार्यकारी अधिकृत छैनन् ।
४. धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमति खारेज भएको दश बर्ष पूरा नभएको संगठित संस्थाको संचालक वा प्रमुख कार्यकारी अधिकृत यस कम्पनीको संचालक वा प्रमुख कार्यकारी अधिकृत छैनन् ।
५. यस कम्पनीको संचालक वा प्रमुख कार्यकारी अधिकृत धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम संचालक वा प्रमुख कार्यकारी अयोग्य रहेका छैनन् ।

**ग.३. संगठित संस्था सम्बन्धी जानकारी :**

**क. संगठित संस्थाको पृष्ठभूमि**

**क) संगठित संस्थाको नाम :** हिमालयन बैंक लिमिटेड (HIMALAYAN BANK LIMITED)

**ख) कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :**यस बैंक कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

**ग) संस्थाको रजिष्टर्ड ठेगाना :**यस बैङ्कको रजिष्टर्ड (केन्द्रीय) कार्यालय वागमती अञ्चल, काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका, वडा नं. ३१ कमलादीमा रहेको छ।आवश्यकतानुसार स्वीकृती लिई अन्य स्थानहरुमा पनि रजिष्टर्ड कार्यालय सार्न वा शाखा कार्यालय खोल्न सकिनेछ ।

**घ)कारोवार गर्ने मुख्य स्थान** :
यस बैंकको आफ्नो रजिष्टर्ड (केन्द्रीय) कार्यालय वागमती अञ्चल, काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका, वडा नं. ३१ कमलादी अलावा नेपाल राज्य भित्र हुनेछ । यस बैंकले नेपाल राष्ट्र बैंकको स्वीकृति लिई आवश्यकतानुसार कारोबार गर्ने कार्यालय खोल्न, विस्तार गर्न, एक स्थानमा खोलिएको कार्यालयलाई गाभ्न वा कार्यालय बन्द गर्न समेत सक्नेछ । यस बैंकले नेपाल राष्ट्र बैंकले स्वीकृत गरेअनुसार नेपाल भित्र देहायका स्थानहरुमा आफ्नो कारोवार संचालन गर्दै आएको छ :

| क्र.सं. | शाखा कार्यालयहरु | क्र.सं. | शाखा कार्यालयहरु |
|---|---|---|---|
| १ | हिमालयन बैंक लिमिटेड, प्रधान कार्यालय | ३० | हिमालयन बैंक लिमिटेड, घोराही |
| २ | हिमालयन बैंक लिमिटेड, ठमेल | ३१ | हिमालयन बैंक लिमिटेड, स्वयम्भू |
| ३ | हिमालयन बैंक लिमिटेड, नयाँ सडक | ३२ | हिमालयन बैंक लिमिटेड, त्रिशुली |
| ४ | हिमालयन बैंक लिमिटेड, वीरगञ्ज | ३३ | हिमालयन बैंक लिमिटेड, नयाँ बानेश्वर |
| ५ | हिमालयन बैंक लिमिटेड, पाटन | ३४ | हिमालयन बैंक लिमिटेड, दमक |
| ६ | हिमालयन बैंक लिमिटेड, महाराजगञ्ज | ३५ | हिमालयन बैंक लिमिटेड, बागलुङ्ग |
| ७ | हिमालयन बैंक लिमिटेड, भरतपुर | ३६ | हिमालयन बैंक लिमिटेड, पर्सा |
| ८ | हिमालयन बैंक लिमिटेड, टाँडी | ३७ | हिमालयन बैंक लिमिटेड, सोह्रखुटे |
| ९ | हिमालयन बैंक लिमिटेड, भक्तपुर | ३८ | हिमालयन बैंक लिमिटेड, डिल्लीबजार |
| १० | हिमालयन बैंक लिमिटेड, हेटौंडा | ३९ | हिमालयन बैंक लिमिटेड, धनगढी |
| ११ | हिमालयन बैंक लिमिटेड, भैरहवा | ४० | हिमालयन बैंक लिमिटेड, गोरखा |
| १२ | हिमालयन बैंक लिमिटेड, विराटनगर | ४१ | हिमालयन बैंक लिमिटेड, कलंकी |
| १३ | हिमालयन बैंक लिमिटेड, बनेपा | ४२ | हिमालयन बैंक लिमिटेड, सातदोबाटो |
| १४ | हिमालयन बैंक लिमिटेड, धरान | ४३ | हिमालयन बैंक लिमिटेड, कावासोती |
| १५ | हिमालयन बैंक लिमिटेड, न्यूरोड, पोखरा | ४४ | हिमालयन बैंक लिमिटेड, बत्तिसपुतली |

| | | | |
|---|---|---|---|
| १६ | हिमालयन बैंक लिमिटेड, बुटवल | ४५ | हिमालयन बैंक लिमिटेड, बाहृबिसे |
| १७ | हिमालयन बैंक लिमिटेड, टेकु | ४६ | हिमालयन बैंक लिमिटेड, कौशलटार |
| १८ | हिमालयन बैंक लिमिटेड, नेपालगञ्ज | ४७ | हिमालयन बैंक लिमिटेड, धादिङ्ग |
| १९ | हिमालयन बैंक लिमिटेड, इटहरी | ४८ | हिमालयन बैंक लिमिटेड, रामवजार, पोखरा |
| २० | हिमालयन बैंक लिमिटेड, पाल्पा | ४९ | हिमालयन बैंक लिमिटेड, सामाखुशी, काठमाण्डौ |
| २१ | हिमालयन बैंक लिमिटेड, चाबहिल | ५० | हिमालयन बैंक लिमिटेड, लहरेपौवा, वेत्रावती, रसुवा |
| २२ | हिमालयन बैंक लिमिटेड,बिर्तामोड | ५१ | हिमालयन बैंक लिमिटेड,हिले,धनकुटा |
| २३ | हिमालयन बैंक लिमिटेड,मदी,संखुवासभा | ५२ | हिमालयन बैंक लिमिटेड,बर्दिबास,महोत्तरी |
| २४ | हिमालयन बैंक लिमिटेड,पर्साउने,बारा | ५३ | हिमालयन बैंक लिमिटेड,बारागढी,बारा |
| २५ | हिमालयन बैंक लिमिटेड,सुवंण, बारा | ५४ | हिमालयन बैंक लिमिटेड,स्यागं |
| २६ | हिमालयन बैंक लिमिटेड,गौरीशंकर, दोलखा | ५५ | हिमालयन बैंक लिमिटेड,श्रीनगर,सल्यान |
| २७ | हिमालयन बैंक लिमिटेड,तारकेश्वर,नुवाकोट | ५६ | हिमालयन बैंक लिमिटेड,बाजुरा |
| २८ | हिमालयन बैंक लिमिटेड,कुमखा,सल्यान | ५७ | हिमालयन बैंक लिमिटेड,राप्तीसोनारी,बाके |
| २९ | हिमालयन बैंक लिमिटेड,लमही, दाङ | ५८ | हिमालयन बैंक लिमिटेड,लमकी, कैलाली |

यस बैंकले नेपाल राष्ट्र बैंकको निर्देशिका वमोजिम आवश्यकता अनुसार भविष्यमा शाखा विस्तार गरी नेपाल राज्य भरी नै कारोवार गर्न सक्नेछ ।

**ङ) संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :**

यस कम्पनी ,कम्पनी ऐन, २०६३ बमोजिम मिति २०४८ साल फाल्गुण ४ गते नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भै मिति २०४८ साल फाल्गुण ६ गते नेपाल राष्ट्र बैंकबाट “क” वर्ग को वित्तीय संस्थाको रुपमा वित्तीय कारोबार गर्ने इजाजत प्राप्त गरी बैंकले आफ्नो वित्तीय कारोबार संचालन गरिरहेको छ । यस बैंकका संस्थापकहरुमा वित्तीय क्षेत्र एवं व्यवस्थापनमा लामो समयदेखि दखल भएका प्रतिष्ठित व्यक्तिहरु रहेका छन् ।

**उद्देश्यहरु :**

नेपाल राष्ट्र बैङ्क ऐन, २०५८, प्रचलित बैङ्क तथा वित्तीय संस्था सम्वन्धी कानून, कम्पनी कानून तथा अन्य प्रचलित कानूनको अधीनमा रही वित्तीय कारोवार (बैंकिङ्ग व्यवसाय) गर्ने यस बैंकको मुख्य उद्देश्य देहाय वमोजिम हुनेछः-

(१) बैङ्कका निक्षेपकर्ता तथा शेयरधनीको हक हितको संरक्षण र सम्वर्द्धन गर्दै सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो बैंकिङ्ग तथा वित्तीय सेवा उपलब्ध गराउने,

(२) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य ब्यवसायिक रुपले सम्भाब्य देखिएका उत्पादनशील ब्यवसायको स्थापना, विकास, बिस्तार र क्षमता एवम् उत्पादकत्व बृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य श्रोतबाट जुटाई देशको औद्योगिक, ब्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुर्‍याउने,

(३) उपलब्ध श्रम, शीप तथा पुँजीलाई उचित परिचालन गरी ग्रामिण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमूलक ब्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवम् प्रबर्धन गर्ने कार्यको लागि आवश्यक वित्तीय श्रोत, साधन, प्राविधिक तथा ब्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुर्‍याउने, र

(४) मुलुकमा छरिएर रहेको पुँजीलाई एकीकृत गरी संस्थागत लगानी गर्ने तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने ।

(५) अन्य लघुकर्जा कारोबार गर्ने बैंक, कम्पनी तथा वित्तीय संस्थाहरुको शेयर तथा डिवेन्चरहरु खरिद गर्ने, यस्ता शेयर डिवेन्चरहरुमा लगानी गर्ने तथा बैंकको हितलाई ध्यानमा राखी अन्य जुनसुकै आयमूलक क्षेत्र वा कार्यमा लगानी गर्ने तथा बैंकलाई आवश्यकता परिआएको बखत तोकिदिएको दरले प्रतिफल प्रदान गर्ने गरी अन्य शर्तहरु समेत किटान गरी सर्वसाधारण जनता, संगठित संस्था वा अन्य कुनै निकायलाई कुनै पनि प्रकारको अग्राधिकार शेयर, बण्ड, डिबेन्चर नेपाल राष्ट्र बैंकको पूर्वस्वीकृति लिई निष्काशन गर्ने ।

(६) प्रचलित नेपाल कानून तथा नेपाल राष्ट्र बैंकको निर्देशनमा अधिनमा रहि सम्बन्धित निकायबाट आवश्यक स्वीकृति लिई केन्द्रिय निक्षेप सेवा नियमावली बमोजिम निक्षेप सदस्यको रुपमा कार्य गर्ने ।

**च) संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) :**

**सहायक कम्पनीः**

प्रचलित कानुनको अधिनमा रही मर्चेन्ट बैंकको रुपमा काम गर्न उद्देश्यले बैंकको पूर्ण स्वामित्व हिमालयन क्यापिटल लिमिटेड स्थापनाको प्रक्रियामा रहेको छ ।

**छ) देहायका कुराहरु समेत उल्लेख गर्नु पर्ने (लागु हुने हदसम्म) :**

**१) कम्पनीले उत्पादन गर्ने बस्तु वा प्रदान गर्ने सेवाहरु** :

बैंकले प्रदान गर्ने मुख्य सेवाहरुमा निक्षेप संकलन, कर्जा प्रवाह, रकमान्तर, रेमिट्यान्स तथा अन्य बैंकिङ्ग सेवाहरु रहेकाछन् । साथै बैंकले लगानीको माध्यमबाट आफ्नो पूँजीको सही उपयोग गर्दै आएको छ ।

**२) प्रयोग भएको वा गरिने विधि :**

बैंक सेवा प्रदायक कम्पनी भएकोले माथि खण्ड १ मा उल्लेखित सेवा प्रदान गर्न आवश्यक प्रविधि सम्पन्न ।

**३) कुनै ब्रान्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार** :HIMAL Remit

**४) संगठित संस्थाले ओगटेको बजार क्षेत्र :**

माथि बुँदा नं. ३ (घ) मा उल्लेख भएअनुसारका शाखा कार्यालय रहेको स्थानबाट बैंकले आफ्नो सेवा प्रदान तथा वित्तीय कारोबार गरिरहेको छ ।

**५) नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजनाः**

समय सापेक्ष नयाँ उत्पादन तथा वित्तीय सेवाको विकास गरी सम्भाव्य ग्राहकहरुको पहिचान गरेर आफ्नो व्यापार विस्तारगर्ने योजना रहेको छ ।

**६) उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका :**

बैंकको प्रमुख बजार नेपाल राज्यभर रहेको छ र हरेक वर्गका ग्राहकको आवश्यकता अनुरुप सेवाहरु उपलब्ध गराउदैलैजाने बैंकको लक्ष्य रहेको छ ।

**७) उत्पादन/संचालन क्षमता र सो को उपभोग स्थिति :**

वित्तीय क्षेत्रमा लामो अनुभव हासिल गर्नु भएका संचालक/व्यवस्थापन दक्षताको आधारमा यस बैंकले स्थापनाकालदेखि नै बजारको राम्रो हिस्सा ओगट्न र ग्राहकलाई राम्रो सुविधा प्रदान गर्न सफल रहेको देखिन्छ।

**८) कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता :**

लागू नहुने ।

**९) गुण नियन्त्रणका लागि गरिएको व्यवस्थाः**

बैकले गुण नियन्त्रणको लागि आवश्यक व्यवस्था गरेको छ ।

**१०) अनुसन्धान तथा विकास :**

नेपालको बैंकिङ्ग तथा वित्तीय क्षेत्रमा प्रतिस्पर्धात्मक स्थिति रहेको आजको पृष्ठभूमीमा बैंकले अनुसन्धान तथा विकासलाई उच्च प्राथमिकताका साथ अघि बढाईरहेको छ ।

**११)विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असर पर्ने गरी भएको वाधा, व्यवधान :**

सो नभएको ।

**१२) मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण :**
कम्पनीमा सुमधुर औद्योगिक सम्वन्ध रहेको साथै विगतमा मजदुर संगठन संग कुनै प्रकारको उल्लेख्य औद्योगिक विवाद नरहेको ।

**१३) बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति :**
बैंकले आफ्ना ग्राहकहरुलाई प्रचलित कानून, नेपाल राष्ट्र बैंकबाट समय समयमा जारी भएको निर्देशनहरु तथा बैंकको नीति नियमका अधिनमा रहि आवश्यक सेवा तथा सुविधाहरु प्रदान गर्दै आईरहको छ । वर्तमान प्रतिष्पर्धात्मक बजारमा बैंकले आफ्नो स्थिति बलियो बनाई राख्न र लगानीकर्ताहरुलाई उचित प्रतिफल प्रदान गर्नका लागि आफ्ना सबै सरोकारवालाहरुसँग पारदर्शिता र व्यावसायिकताका आधारमा सौहार्दपूर्ण र व्यावसायिक सम्बन्ध विस्तार गरेको छ । ग्राहकहरुका माझ एक प्रमुख 'प्रविधियुक्त' बैंकको रुपमा स्थापित हुने योजना सहित बैंकले क्रमिक रुपमा प्रविधि प्रधान सेवा तथा सुविधाहरुमा विस्तार गर्दै आईरहेको छ । व्यवसाय विस्तारका लागि निक्षेप तथा कर्जासंग सम्बन्धित विभिन्न ग्राहक लक्षित योजनाहरु कार्यान्वयनमा ल्याएको छ । विदेश स्थित प्रतिनिधि कार्यालय मार्फत नेपालमा हुने विदेशी लगानीको सम्भाब्यता अध्ययन गरि सो संग सम्बन्धित व्यवसाय विस्तारको लागि प्रयासरत रहेको छ ।
यस बैकको २०७५ चैत्र मसान्त सम्म निक्षेप, कर्जा तथा सापट तथा पूँजी कोष स्थिति देहाय बमोजिम रहेको छ ।

| क.स. | विवरण | मार्केट शेयर |
|---|---|---|
| १. | निक्षेप | ४.१३२ |
| २. | कर्जा तथा सापटी | ४.०४२ |
| ३. | पूँजी कोष | ३.८०७ |

**१४)प्रमुख ग्राहकहरुको विवरण (जस्तै-संस्थाको कूल वार्षिक कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने त्तसम्बन्धी विवरण :**
सो नभएको ।

**१५) प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै-संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने त्तसम्बन्धी विवरण :**
सो नभएको ।

**ग.३ (ख) सम्पत्तिको विवरण :**

**क) संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था :**
कम्पनीको आषाढ ३१, २०७५ को सम्पत्ति तथा सम्पत्ति रहेको स्थान तथा अवस्था यसप्रकार रहेको छ ।

| खुद सम्पत्तिको विवरण | आ.ब.२०७४/७५ |
|---|---|
| नगद तथा नगद समान | ४,७४१,३५९,३८३ |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात तथा लिनु पर्ने रकम | ५,१५९,२५९,७३७ |
| बैंक तथा वित्तीय संस्थामा गरेको लगानी (प्लेसमेन्ट) | ४,९८९,५२४,८१६ |
| डेरिभेटिभ (व्यूत्पन्न) वित्तीय उपकरण | ३३,४४४,९९९ |
| अन्य व्यापारिक सम्पत्तिहरु | - |
| बैंक तथा वित्तीय संस्थालाई दिएको कर्जा तथा सापटी | ३,६८५,२१८,९८५ |
| ग्राहकलाई दिएको कर्जा तथा सापटी | ८२,४७४,९९३,६८० |

| | |
|---|---|
| लगानी | ११,६५४,१७१,८१० |
| यस आ.व. को आयकर सम्पत्ति | १५४,३०७,६०६ |
| सहायक कम्पनीमा लगानी | – |
| सम्बद्ध कम्पनीमा लगानी | १९५,७८५,७०० |
| लगानी सम्पत्ती (इन्भेष्टमेन्ट प्रोपर्टि) | २,२९९,३०७ |
| सम्पत्ति तथा उपकरण (स्थिर सम्पत्ति) | २,२२२,६७७,२६८ |
| गुडवील (ख्याती) र अमुर्त सम्पत्ति | ८५,८५२,६८८ |
| स्थगन कर सम्पत्ति | – |
| अन्य सम्पत्ति | १,०६३,४०५,४०१ |
| **जम्मा सम्पत्ति** | **११६,४६२,३०१,३८०** |

**ख) बुँदा (क) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि (मिति समेत उल्लेख गर्नु पर्ने) :** माथि उल्लिखित सम्पत्तिहरु आफ्नै स्वामित्वमा रहेको र लिजमा कुनै सम्पत्ति नलिएको ।

**ग) यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण :** लागू नहुने ।

**घ) विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको कितावी मूल्य र बजार मूल्य बीच फरक भएमा सो कोविवरण :** यस बैंकको सम्पत्तिको पुनर्मूल्यांकन नगरिएको हुँदा कितावी मूल्य र बजार मूल्य बीच फरक नभएको ।

**ङ) सम्पत्तिको मूल्याँकन गरिएको तरिका सम्बन्धी विवरण** : लागू नहुने ।

**ग.३. (ग) भावी योजना तथा रणनीतिः**

**(क) व्यवसाय/सेवाको बृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीति**

१) नयाँ उत्पादन तथा सेवाहरु : प्रविधिमा आधारित नवीनतम उत्पादन तथा सेवाहरु ल्याउन बैंक प्रयत्नशील छ। बैकिङ्ग सेवाकोपहुँच नपुगेको वा नभएको जनता माझ सरल, सुलभ र भरपर्दो बैंकिङ्ग सेवा पुयाउने बैंकको जोड रहने छ।

२) शाखा संजालः बैंकको पहुंच नभएका ठाउँहरुमा आफनो उपस्थिति जनाउंदै जाने उद्देश्यले आवश्यकता अनुसार संजाल बढाउँदैलैजाने बैंकको कार्यक्रम छ।

३) डेविट/क्रेडिट कार्डः बजारमा आफ्नो बलियो उपस्थितीलाई कायम राख्न आफ्नो कार्ड व्यवसायलाई व्यापक रुपमा विस्तारगर्दै जाने प्रयासमा बैंक लागेको छ । आफनो राष्ट्रिय भुक्तानी संजालमा सदस्य संख्या बढाउदै लैजान बैंक प्रयत्नशील छ। यसबाट बैंकको ग्राहक संख्या र आम्दानी वृद्धिमा सहयोग पुग्ने छ।

४) एटिएम संजालः आफ्ना ग्राहकवर्गहरुलाई बढी सुविधा प्रदान गर्ने बैंकको रणनिति अनुरुप उपत्यकाभित्र तथा बाहिर एटिएम जडान गर्दै जाने योजना बैंकको रहेको छ।

५) विप्रेषण : विप्रेषण व्यवसायमा आफनो बजार अंश बढाउंदै लैजान बैंकले आवश्यक्ता अनुसार देश भरी विप्रेषण वितरक एजेण्ट पुऱ्याउने योजना गरेको छ। यस्तो विप्रेषण संजाल लाई दुर्गम क्षेत्रहरु सम्म विस्तार गर्ने योजना गरिरहेको छ।

६) अन्य व्यवसाय : बैंकिङ्ग उद्योगमा बढदै गएको प्रतिस्पर्धाले गर्दा आफ्नो वित्तीय स्थितिलाई उपयुक्त स्थितिमा राख्न बैंकहरुलाई लगानीका अरु क्षेत्र खोज्नुपर्ने हुन गएको छ। -

**ख) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा संगठित संस्थाको व्यवसायको भविष्य :**

देशको बैंकिङ्ग क्षेत्रमा हाल अत्याधिक प्रतिस्पर्धा रहेको छ । नेपाल राष्ट्र बैंकको निर्देशनानुसार बैंकको चुक्ता पूँजी रु. ८ अर्ब पुऱ्याउनु पर्ने व्यवस्था बमोजिम बैंकिङ्ग क्षेत्रमा आएको परिवर्तन, निक्षेपको तरलता तथा बैंकलाई आफ्नो पूँजीमा प्रतिफल कायम राख्ने चुनौती जस्ता कारणहरुले बैंकहरु बीच प्रतिस्पर्धा अझ बढेको छ । यस कम्पनीले आफ्नो उल्लेख्य क्षेत्र ओगट्न आफ्नो दीर्घकालीन रणनीति लागू गरी सोही बमोजिम कार्य गर्दै अघि बढेको छ । सोही रणनीति बमोजिम बैंकले हाल उल्लेख्य रुपमा शाखा तथा एटीएम विस्तार गर्ने, व्यक्तिगत र साना तथा मझौला कर्जामा वृद्धि र चल्ती तथा वचत निक्षेपमा वृद्धि गर्दै लगेको छ । साथै, ग्राहकको सन्तुष्टि तथा अनुभवको आधारमा उच्च मूल्याङ्कन गर्दै समय सापेक्ष रुपमा बैंकको कार्य नीति परिवर्तन तथा परिमार्जन गर्दै ग्राहकको पहिलो रोजाईको बैंक बन्ने तथा सोका लागि आवश्यक बैंकको आन्तरिक कार्य प्रणालीलाई थप सरल तथा चुस्त बनाउने नीति अवलम्बन गरेको छ । बैंकले निरन्तर रुपमा कर्मचारीको कार्य क्षमता अभिवृद्धिका लागि आफ्ना कर्मचारीहरुलाई विभिन्न तालिम प्रदान गर्दै आएको छ । बैंकले अवलम्बन गरेको यही दीर्घकालीन रणनीतिका कारण बैंकलाई रणनीतिक फाइदा प्राप्त भएको छ र दीर्घकालीन रुपमा बैंकको वित्तीय अवस्था तथा मुनाफा स्थिर राख्नमा ठूलो टेवा पुग्ने विश्वास लिएका छौं । बैंक आफ्नो आन्तरिक कार्य प्रणाली तथा नियन्त्रण प्रणालीलाई थप चुस्त पार्दै आफ्नो लगानीमा रहेको जो खिमहरु कम गर्न सक्षम रहेको छ र भविष्यमा वित्तीय क्षेत्रमा एक भिन्न स्थान ओगट्ने कुरामा दृढ रहेको छ ।

**ग.३ (घ) सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :**

सञ्चालक समितिको संरचना, सञ्चालकहरुको योग्यता र प्रतिनिधित्व तथा सञ्चालक हुनको लागि लिनुपर्ने न्यूनतम शेयर संख्यासम्बन्धी व्यवस्था :

बैंकको नियमावलीमा भएको व्यवस्था अनुसार ७ (सात) जना संचालक सदस्य रहेको संचालक समिति देहाय बमोजिम गठन गरिएको छ ।

| | |
|---|---|
| समूह "क" संस्थापक शेयरधनीहरुको तर्फबाट एकजना अध्यक्ष | ३(तीन) जना |
| हबिव बैंक लिमिटेड पाकिस्तानको तर्फबाट नियुक्त हुने संचालक | १ (एक) जना |
| समुह "ख" कर्मचारी संचय कोषको तर्फबाट नियुक्त हुने संचालक | १ (एक) जना |
| समुह "ग" सर्वसाधारण शेयरधनीहरुको तर्फबाट निर्वाचित हुने संचालक | १ (एक) जना |
| नेपाल राष्ट्र बैंकले कायम गरेको व्यवसायिक विशेषज्ञहरुको सूचीबाट समितिले नियुक्त गरेको व्यावसायिक विशेषज्ञ सञ्चालक | १ (एक) जना |
| जम्मा | ७ जना |

**पुनश्च:** मिति २०७४/०९/२८ मा बसेको बैंकको २५ औं वार्षिक साधारण सभाबाट पारित भै नेपाल राष्ट्र बैंकबाट स्वीकृत पश्चात् कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख भैसकेको बैंकको प्रबन्धपत्र तथा नियमावलीको संशोधित प्रावधान अब उप्रान्त सञ्चालक समितिको गठन देहाय बमोजिम हुनेछ :

| | |
|---|---|
| "संस्थापक" समूहका शेयरधनीहरुको तर्फबाट | ५ जना |
| "सर्वसाधारण" समूहका शेयरधनीहरुको तर्फबाट | १ जना |
| स्वतन्त्र सञ्चालक | १ जना |
| **जम्मा** | **७ जना** |

संचालकहरुको कार्यकाल ४ वर्षको रहेको छ ।

यस बैंकको नियमावलीको नियम १३ मा व्यवस्था भए अनुसार बैंकको सञ्चालक हुनका लागि यस बैंकको कम्तिमा १०० (एक सय) कित्ता साधारण शेयर लिएको हुनु पर्नेछ ।

**(ग). ४ पूँजी संरचना सम्बन्धी जानकारी :**

**क) अधिकृत, जारी तथा चुक्ता पूँजी र संस्थाको स्थापना पश्चात सोमा परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :**

- **अधिकृत पूँजी :** कम्पनीको अधिकृत पूँजी रु. १०,००,००,००,०००/- (अक्षरेपी दश अर्ब मात्र) रहेको छ । उक्त पूँजीलाई रु.१०० ।– का दरले १०,००,००,००० (दश करोड) थान शेयरमा विभाजन गरिएको छ ।

- **जारी पूँजी :** कम्पनीको जारी पूँजी रु.८,५२,०२,५५,८४४/-(अक्षेरुपी आठ अर्व बाउन्न करोड दुई लाख पचपन्न हजार आठ सय चवालिस मात्र) रहेको छ । उक्त पूँजीलाई रु.१०० ।– का दरले ८,५२,०२,५५८.४४कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।
- **चुक्ता पूँजी :** कम्पनीको चुक्ता पूँजी रु.८,५२,०२,५५,८४४/-(अक्षेरुपी आठ अर्व बाउन्न करोड दुई लाख पचपन्न हजार आठ सय चवालिस मात्र) रहेको छ ।उक्त पूँजीलाई रु.१०० ।– का दरले ८,५२,०२,५५८.४४कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

- **अधिकृत, जारी तथा चुक्ता पूँजी मा भई आएको/परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :**

संस्थाको स्थापना पश्चात परिवर्तन सम्बन्धी विवरण

| आर्थिक बर्ष | अधिकृत पूँजी (रु.) | जारी पूँजी (रु.) | चुक्ता पूँजी(रु.) | कैफियत |
|---|---|---|---|---|
| शुरुपूँजी | १२,००,००,००० | ६,००,००,००० | ६,००,००,००० | |
| २०५१/५२ | | १२,००,००,००० | १२,००,००,००० | १०० प्रतिशत बोनस शेयर निष्काशन |
| २०५२/५३ | | १२,००,००,००० | १२,००,००,००० | |
| २०५३/५४ | | १२,००,००,००० | १२,००,००,००० | |
| २०५४/५५ | २४,००,००,००० | १९,२०,००,००० | १९,२०,००,००० | ६० प्रतिशत बोनस शेयर निष्काशन |
| २०५५/५६ | | २४,००,००,००० | २४,००,००,००० | २५ प्रतिशत बोनस शेयर निष्काशन |
| २०५६/५७ | ६०,००,००,००० | ३०,००,००,००० | ३०,००,००,००० | २५ प्रतिशत बोनस शेयर निष्काशन |
| २०५७/५८ | १,००,००,००,००० | ३९,००,००,००० | ३९,००,००,००० | ३० प्रतिशत बोनस शेयर निष्काशन |
| २०५८/५९ | | ४२,९०,००,००० | ४२,९०,००,००० | १० प्रतिशत बोनस शेयर निष्काशन |
| २०५९/६० | | ५३,६२,५०,००० | ५३,६२,५०,००० | २५ प्रतिशत बोनस शेयर निष्काशन |
| २०६०/६१ | | ६४,३५,००,००० | ६४,३५,००,००० | २० प्रतिशत बोनस शेयर निष्काशन |
| २०६१/६२ | | ७७,२२,००,००० | ७७,२२,००,००० | २० प्रतिशत बोनस शेयर निष्काशन |
| २०६२/६३ | | ८१,०८,१०,००० | ८१,०८,१०,००० | ५ प्रतिशत बोनस शेयर निष्काशन |
| २०६३/६४ | २,००,००,००,००० | १,०१,३५,१२,५०० | १,०१,३५,१२,५०० | २५ प्रतिशत बोनस शेयर निष्काशन |
| २०६४/६५ | | १,२१,६२,१५,००० | १,२१,६२,१५,००० | २० प्रतिशत बोनस शेयर निष्काशन |
| २०६५/६६ | ३,००,००,००,००० | १,६०,००,००,००० | १,६०,००,००,००० | ३१.५६ प्रतिशत बोनस शेयर निष्काशन |
| २०६६/६७ | | २,००,००,००,००० | २,००,००,००,००० | २५ प्रतिशत बोनस शेयर निष्काशन |
| २०६७/६८ | | २,४०,००,००,००० | २,४०,००,००,००० | २० प्रतिशत बोनस शेयर निष्काशन |
| २०६८/६९ | ४.००.००,००,००० | २,७६,००,००,००० | २,७६,००,००,००० | १५ प्रतिशत बोनस शेयर निष्काशन |
| २०६९/७० | ४.००.००,००,००० | २,८९,८०,००,००० | २,८९,८०,००,००० | ५ प्रतिशत वोनस शेयर निष्काशन |
| २०७०/७१ | ४,००,००,००,००० | ३,३३,२७,००,००० | ३,३३,२७,००,००० | १५ प्रतिशत बोनस शेयर निष्काशन |
| २०७१/७२ | ५,००,००,००,००० | ४,४९,९१,४५,००० | ४,४९,९१,४५,००० | ३५ प्रतिशत बोनस शेयर निष्काशन |
| २०७२/७३ | ८,५०,००,००,००० | ६,४९,१६,२३,५०० | ६,४९,१६,२३,५०० | ३०%बोनस शेयर<br>१४.२९%हकप्रद शेयर |
| २०७३/७४ | ८,५०,००,००,००० | ८,११,४५,२९,३७५ | ८,११,४५,२९,३७५ | २५ प्रतिशत बोनस शेयर निष्काशन |
| २०७४/७५ | १०,००,००,००,००० | ८,५२,०२,५५,८४४ | ८,५२,०२,५५,८४४ | ५ प्रतिशत बोनस शेयर निष्काशन |

**ख) निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :**

**क. ऋणपत्र निष्काशन गर्नुपूर्व बैंकको चुक्ता पूँजीको संरचना**

| समूह | शेयरधनीहरु | साधारण शेयर संख्या | पूँजी संरचना (%) | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु | ४३,४५३,३०४.८० | ५१ | ४,३४५,३३०,४८०.४४ | शतप्रतिशत |
| | हबिब बैंक लिमिटेठ, पाकिस्तान | १७,०४०,५११.६९ | २० | १,७०४,०५१,१६८.८० | शतप्रतिशत |
| ख | संगठित संस्था - कर्मचारी संचय कोष | ११,९२८,३५८.१८ | १४ | १,१९२,८३५,८१८.१६ | शतप्रतिशत |
| ग | सर्वसाधारण शेयरधनीहरु (कर्मचारी समेत) | १,२७,८०,३८३.७७ | १५ | १,२७८,०३८,३७६.६० | शतप्रतिशत |
| | **जम्मा** | **८५,२०२,५५८.४४** | **१००** | **८,५२०,२५५,८४४.००** | |

| **ऋणपत्र पूँजी** | | |
|---|---|---|
| **विवरण** | **चुक्ता रकम(रु)** | **भुक्तानी प्रतिशत** |
| ८% हिमालयन बैंक ऋणपत्र२०७७ | ६,००,०००,०००.०० | शतप्रतिशत |
| **जम्मा** | **रु.६,००,०००,०००.००** | |

**ख. ऋणपत्र निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने बैंकको चुक्ता पूँजीको संरचना**

| समूह | शेयरधनीहरु | साधारण शेयर संख्या | पूँजी संरचना (%) | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु | ४३४५३,३०४.८० | ५१ | ४,३४५,३३०,४८०.४४ | शतप्रतिशत |
| | हबिब बैंक लिमिटेठ, पाकिस्तान | १७,०४०,५११.६९ | २० | १,७०४,०५१,१६८.८० | शतप्रतिशत |
| ख | संगठित संस्था - कर्मचारी संचय कोष | ११,९२८,३५८.१८ | १४ | १,१९२,८३५,८१८.१६ | शतप्रतिशत |
| ग | सर्वसाधारण शेयरधनीहरु (कर्मचारी समेत) | १,२७,८०,३८३.७७ | १५ | १,२७८,०३८,३७६.६० | शतप्रतिशत |
| | **जम्मा** | **८५२०२५५८.४४** | १०० | **८५२०२५५८४४.००** | |

| **ऋणपत्र पूँजी** | | |
|---|---|---|
| **विवरण** | **चुक्ता रकम(रु)** | **भुक्तानी प्रतिशत** |
| ८% हिमालयन बैंक ऋणपत्र२०७७ | ६,००,०००,०००.०० | शतप्रतिशत |
| १०% हिमालयन बैंक ऋणपत्र२०८३* | ३,०००,०००,०००.०० | शतप्रतिशत |
| जम्मा | रु.३,६००,०००,०००.०० | |

* यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको ऋणपत्र ।

**ग) शेयर प्रिमियम खाता(निष्काशनपूर्वर निष्काशनपश्चात) :**
निष्काशन पश्चात उक्त खातामा कुनै परिवर्तन नहुने ।

**(ग). ५ संस्थापक/संचालक सम्बन्धीजानकारी** :

**(ग) ५क.संस्थापक/सञ्चालकको पृष्ठभूमीः**

**क) आधारभूत शेयरधनीहरु तथा सञ्चालकहरुको नाम, पद उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव र प्रस्तावित ब्यापार/व्यवसायमा अनुभव :**

| क.सं. | नाम | पद | उमेर (बर्ष) | राष्ट्रियता | ठेगाना | शेयर स्वामित्व | शैक्षिक योगयता | अनुभव (सम्बन्धित वा अन्य) |
|---|---|---|---|---|---|---|---|---|
| १. | श्री हबिब बैंक लिमिटेड | संस्थापक | - | - | कराँची, पाकिस्तान | १७,०४०,५११ | - | पाकिस्तानको कराँचीमा मुख्य कार्यालय रहने गरि सन् १९४७ मा स्थापित अर्न्तराष्ट्रिय स्तरको पाकिस्तानी बैंक |
| २ | श्री कर्मचारी संचय कोष | संस्थापक | - | - | पुल्चोक, ललितपुर | ११,९२८,३५८ | - | कर्मचारी संचय कोष नेपल सरकार अर्थ मन्त्रालयको मातहतमा रही नेपाल सरकार तथा सार्वजनिक र निजी क्षेत्रमा कार्यरत कर्मचारीहरुको प्रोभिडेन्ट फण्ड व्यवस्थापन गर्ने निकाय हो । जसले कर्मचारी संचय कोष ऐन, २०१९ अन्तर्गत रहेर कार्य गर्दछ । |
| ३ | श्री एन. ट्रेडिङ्ग कम्पनी प्रा.लि. | संथापक | - | - | भम्सिखेल, ललितपुर | १०,८२७,८३४ | - | प्राइभेट लिमिटेड कम्पनीको रुपमा वाणिज्य विभागमा मिति २०४८।११।०९ मा दर्ता भई व्यापार/लगानी सम्वन्धि कार्य गर्ने कम्पनी |
| ४ | श्री म्युचल ट्रेडिङ्ग कम्पनी प्रा.लि. | संथापक | | | मखन, काठमाण्डौ | १०,०९६,३१३ | | प्राइभेट लिमिटेड कम्पनीको रुपमा वाणिज्य विभागमा मिति २०४५।०१।२६मा दर्ता भई व्यापार/लगानी सम्वन्धि कार्य गर्ने कम्पनी |
| ५ | श्री आभा इन्टरनेश्नल प्रा.लि. | संथापक | - | - | थापाथली, काठमाण्डौ | ९,६९९,७७१ | - | प्राइभेट लिमिटेड कम्पनीको रुपमा वाणिज्य विभागमा मिति २०४८।०८।१७ मा दर्ता भई व्यापार/लगानी सम्वन्धि कार्य गर्ने कम्पनी |
| ६ | श्री छायाँ इन्टनेश्नल प्रा.लि. | संथापक | - | - | ठमेल, काठमाण्डौ | ७,५७३,११७ | - | प्राइभेट लिमिटेड कम्पनीको रुपमा वाणिज्य विभागमा मिति २०४८।११।०४ मा दर्ता भई व्यापार/लगानी सम्वन्धि कार्य गर्ने कम्पनी |
| ७. | श्री शशिकान्त अग्रवाल | संथापक | ५६वर्ष | नेपाली | काठमाण्डौ | २,२५७,३१० | बि.कम. | विभिन्न व्यापार व्यवसायमा संलग्न |

**संचालकहरुको विवरण :**

| क्र.सं. | नम | पद | उमेर (वर्ष) | राष्ट्रियता | ठेगाना | शेयर स्वामित्व | शैक्षिक योग्यता | अनुभव (सम्बन्धित वा अन्य) |
|---|---|---|---|---|---|---|---|---|
| १ | श्री मनोज बहादुर श्रेष्ठ (एन. ट्रेडिङ्ग कम्पनी प्रा.लि.बाट मनोनित) | अध्यक्ष | ६४ | नेपाली | झम्सिखेल, ललितपुर | १०,८२७,८३४ | स्नातक (सिभिल इन्जिनियरिङ्ग) | संचालक- एन.ट्रेडिङ्ग कम्पनी प्रा.लि., सदस्य - एफएनसिसिआइ |
| २ | श्री फैसल एन.लालनी (हबिब बैंक लि. पाकिस्तानबाट मनोनित) | संचालक | ५६ | पाकिस्तानी र दट्च | दुबई युऐई | १७,०४०,५११ | स्नातकोत्तर | अन्तर्राष्ट्रिय बैंकिंगको प्रमुख -हबिब बैंक लिमिटेड २०१८ देखि हाल सम्म<br>संस्थागत तथा अन्तर्राष्ट्रिय बैंकिंग प्रमुख तथा ई.भि.पी. एमिरेट्स-एन.बि.डि. बैंक-युएई २०१३ देखि २०१८ सम्म<br>वित्तीय संस्थागत प्रमुख - मश्रेक बैंक-दुबइ - युएई २०१० देखि २०१३ सम्म<br>प्रबन्ध निर्देशक - रोयल बैंक अफ स्कटल्यान्ड २००६ देखि २०१० सम्म<br>कार्यकारी निर्देशक-एबिएन अम्रो बैंक एनभि २००१-२००६ सम्म<br>समूह उपप्रमुख - एबिएन अम्रो बैंक एनभि -क्षेत्रीय प्रमुख १९९७ -२००१ सम्म<br>संचालन राष्ट्र प्रमुख-एबिएन अम्रो बैंक एनभि-पाकिस्तान १९९५ - १९९७ सम्म<br>बैंकिंग बिक्री कारोबार-जेपी मोर्गन चेस १९८८ - १९९५ सम्म |
| ३. | श्री प्रचण्ड बहादुर श्रेष्ठ ( छायाँ इन्टनेश्नल प्रा.लि.बाट मनोनित) | संचालक | ६२ | नेपाली | थापाथली, काठमाण्डौ | ७,५७३,११७ | वि.कम (अनर्स ) | कार्यकारी निर्देशक- न्यू एभरेष्ट कन्सट्रक्सन, सगरमाथा ट्राभल्स एण्ड टुर्स,<br>संचालक-छायाँ इन्टनेश्नल प्रा.लि |
| ४. | श्री तुलसी प्रसाद गौतम ( कर्मचारी संचयकोषबाट मनोनित) | संचालक | ५८ | नेपाली | कोटदेवी मार्ग,काठमाण्डौ | ११,९२८,३५८ | व्यवस्थापन संकायमा स्नातकोत्तर र जनप्रशासनमा स्नातकोत्तर | - प्रशासक कर्मचारी संचयकोष<br>- बिगत २७ वर्ष देखि नेपाल सरकारको विभिन्न कार्यालयमा कार्यरत रहि राष्ट्रिय योजना आयोगमा सहसचिव पदमा कार्यरत |
| ५ | श्री सुशीलविक्रम थापा ( | संचालक | ७० | नेपाली | लगनटोल, | | विकम/एमए- | एशोसिएट प्रोफेसर- |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | आभा इन्टरनेश्नल प्रा.लि.बाट मनोनित) | | | | काठमाडौं | ९,६९९,७७१ | अर्थशास्त्र | पाटन मल्टिपल क्याम्पस, |
| ६ | श्री विजय बहादुर श्रेष्ठ | संचालक | ६३ | नेपाली | बगबजार, काठमाण्डौ | १२५,१९९ | व्यापार व्यवस्थापनमा स्नातकोत्तर | नेपाल चेम्बर अफ कमर्शको पुर्व कार्यकारी सदस्य<br>गुणस्तर तथा उत्पादकत्व व्यवस्थापनको अध्यक्ष<br>2. Snowlion Carpet को अध्यक्ष<br>3. सोल्टी होटल र युनाईटेड ईन्स्योरेन्सको संचालक<br>4. अध्यक्ष Nepal RagmarkFoundation |
| ७. | श्री राधा कृष्ण पोते | स्वतन्त्र संचालक | ६२ | नेपाली | बालाजु,काठमाण्डौ | | अर्थशास्त्रमा स्नातकोत्तर | कर्मचारी संचयकोषमा ३२ वर्ष बिभिन्न पदमा कार्य गरे पश्चात उपकार्यकारी प्रमुखको पदबाट अवकास |

**(ख) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण र उक्त कम्पनी/संस्थाका सञ्चालकहरुको नाम, ठेगाना (प्राकृतिक व्यक्ति नखुलेसम्म) :**

| सि.नं. | संस्थापक कम्पनीको नाम तथा ठेगाना | संचालकहरुको नाम, ठेगाना | संक्षिप्त परिचय |
|---|---|---|---|
| १ | श्री हबिब बैंक लिमिटेड | श्री सुल्तान अलि अलाना, पाकिस्तान<br>श्री मोएज अहमद जमल, पाकिस्तान<br>श्री सदिया खान<br>श्री शाफिक धारमशी, पाकिस्तान<br>श्री अगा शेर शाह, पाकिस्तान<br>श्री नजिव समी, पाकिस्तान<br>श्री सलिम राजा<br>श्री मुहम्मद अउरान्जीव | पाकिस्तानको कराचीमा मुख्य कार्यालय रहने गरि सन् १९४७ मा स्थापित अन्तराष्ट्रियस्तरको पाकिस्तानी बैंक |
| २ | श्री कर्मचारी संचय कोष | श्री शिशिर कुमार ढुंगाना<br>श्री डिल्ली राज शर्मा<br>श्री झक प्रसाद आचार्य<br>श्री शंकर बहादुर पण्डित<br>श्री सुरेश विक्रम शाह<br>श्री किरण कुमार श्रेष्ठ<br>श्री तुलसी प्रसाद गौतम | कर्मचारी संचय कोष नेपल सरकार अर्थ मन्त्रालयको मातहतमा रही नेपाल सरकार तथा सार्वजनिक र निजी क्षेत्रमा कार्यरत कर्मचारीहरुको प्रोभिडेन्ट फन्ट व्यवस्थापन गर्ने निकाय हो । जसले कर्मचारी संचय कोष ऐन, २०१९ अन्तर्गत रहेर कार्य गर्दछ । |
| ३. | श्री आभा इन्टरनेश्नल प्रा.लि., थापाथली, काठमाण्डौ | श्री हिमालय शम्सेर जवरा, काठमाण्डौं<br>श्रीमती प्रतिमा पाण्डे, काठमाण्डौ<br>श्रीमती संगिता थापा, काठमाण्डौ<br>श्रीमती चन्दा राणा, काठमाण्डौ | प्राइभेट लिमिटेड कम्पनीको रुपमा वाणिज्य विभागमा मिति २०४८।०८।१७ मा दर्ता भई व्यापार/लगानी सम्वन्धि कार्य गर्ने कम्पनी |
| ४. | श्री शर्मा एण्ड कम्पनी प्रा.लि., त्रिपुरेश्वर, काठमाण्डौ | श्री राधा कृष्ण श्रेष्ठ<br>श्री रमेश शर्मा<br>श्री रेवती देवी शर्मा | निर्माण सम्वन्धि कार्य गर्ने कम्पनी । |
| ५. | श्री इन्टरनेश्नल ट्रेड लिङ्क प्रा.लि, धोवीचौर, काठमाण्डौ | श्री किशोर विक्रम राणा<br>श्री प्रदिप विक्रम राणा<br>श्री दिलिप विक्रम राणा<br>श्री देविटा राणा | व्यपार व्यवसाय गर्नको लागि स्थापित कम्पनी । |

| | | | |
|---|---|---|---|
| ६. | श्री छायाँ इन्टनेश्नल प्रा.लि.,ठमेल, काठमाण्डौ | श्री प्रचण्ड बहादुर श्रेष्ठ<br>श्री सज्जन राजभण्डारी<br>श्री मैंया देवी श्रेष्ठ<br>श्री मेनुका श्रेष्ठ<br>श्री मनोज बहादुर श्रेष्ठ | प्राइभेट लिमिटेड कम्पनीको रुपमा वाणिज्य विभागमा मिति २०४८।११।०४ मा दर्ता भई व्यापार/लगानी सम्वन्धि कार्य गर्ने कम्पनी |
**(ङ) धितोपत्र सूचीकरण भई सकेको भए,त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम र धितो पत्रको कारोवारशुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्वन्धी विवरण :**
श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा यस बैकको शेयर मिति २०५०/०४/०३ गते सूचिकरण भई कारोबार भइरहेको छ ।

**(च) धितोपत्र सूचीकरण भैनसकेको भए,संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्र प्रचलित ऐन नियम अनुसार सहज खरीद, बिक्री वा विनिमय हुन सक्ने गराउनका लागि गरिने व्यवस्था सम्वन्धी विवरण :**
यस विवरणपत्र अनुसार जारी गरिएको ऋणपत्रहरु धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका,२०७४ मा भएकोव्यवस्था अनुसार नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा प्रचलित सूचिकरण सम्बन्धी व्यवस्था अनुसार सूचिकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा धितोपत्र दर्ता गराई डिबेन्चर खरिद विक्रिको व्यवस्था मिलाईनेछ ।

**ग.१०.(च) ऋणपत्र प्रत्याभूति सम्बन्धी विवरण :**
यस विवरणपत्र मार्फत निष्काशन गरिएको ऋणपत्रहरुमा प्रत्याभुति गरिएको छैन ।

**ग.१०.(छ) आवेदन दिँदा ध्यान दिनुपर्ने कुराहरु :**

**व्यक्तिगत तवर (Private Placement)को हकमाः**
(क) निष्काशन गरिने डिबेन्चर सात वर्ष अवधि तथा वार्षिक १० प्रतिशत व्याजदर भएको प्रति डिबेन्चर रु. १,०००/– अंकित मूल्यका १८ लाख कित्ता डिबेन्चरले हुन आउने कुल रु. १ अर्ब ८० करोड ऋणपूँजी रकम विभिन्न व्यक्ति वा संघ संस्थाहरुलाई व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिने ।

(ख) लिनुपर्ने न्यूनतम डिबेन्चर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकमः यस विवरण मार्फत निष्काशन गरिने डिबेन्चर खरिदका लागि दरखास्त दिँदा दरखास्तवालाले कम्तीमा २५ र सोभन्दा बढीका लागि आवेदन गर्न चाहेमा १ अङ्कले भाग जाने संख्यामा दरखास्तसाथ आफूले खरिद गर्न चाहेको ऋणपत्र संख्याको प्रति ऋणपत्र वापत रु. १,०००/–का दरले हुन आउने एकमुष्ट रकम यस बैंकको सम्पूर्ण शाखा कार्यालयहरु तथा बिक्री प्रबन्धक श्री लक्ष्मी क्यापिटल मार्केट लिमिटेडमा जम्मा गरी आवेदन दिन सक्नेछन् ।

(ग) डिबेन्चर बिक्री खुल्ला अवधि : यस निष्काशन व्यक्तिगत तवरबाट गरिने भएकोले धितोपत्र बोर्डबाट स्वीकृति पश्चात खुल्ला हुनेछ र सार्वजनिक निष्काशन संगै बन्द हुनेछ ।

(घ) डिबेन्चर खरिदका लागि पुर्ण आवेदन प्राप्त नभई बाँकी रहन गएका डिबेन्चरहरुको विक्री गर्ने सम्बन्धी व्यवस्था : डिबेन्चर खरिद खुल्ला अवधिमा सम्पूर्ण डिबेन्चर बिक्री नभई बाँकी रहन गएमा त्यसरी बाँकी रहन गएका डिबेन्चरहरुको सम्बन्धमा सार्वजनिक निष्काशन (Public Issue) मार्फत बिक्री गरिनेछ ।

(ङ) डिबेन्चर खरिद गर्न चाहने आवेदकहरुले पालना गर्नपर्ने मुख्य कुराहरुः
१. कुनै पनि नेपाली संघ संस्थाले यस विवरण अनुसार जारी गरिने ऋणपत्र खरिद गर्न आवेदन दिन सक्नेछन् । आवेदकले आफुले लिन चाहेको ऋणपत्र, अधिकतम सिमा खुल्ने गरि यहि बैंकको बिक्री प्रवन्धकलाई लिखित रुपमा निवेदन पेश गर्नुपर्ने छ ।
२. आवेदन दिँदा आफुले खरिद गर्न चाहेको ऋणपत्र संख्या र त्यसको रकम खुलाई आवेदन दिनुपर्नेछ ।
३. आवेदन फारम नेपाली वा अंग्रेजी कुनै एक भाषामा पेश गर्नुपर्नेछ ।
४. आवेदकले आवेदनसाथ आफुले खरिद गर्न चाहेको ऋणपत्र संख्याको प्रति ऋणपत्र रु.१,०००/– को दरले हुन आउने रकम लक्ष्मी क्यापिटल मार्केट लिमिटेड नाममा खिचिएको बैंक ड्राफ्ट संलग्नभएको हुनुपर्नेछ । यसरी बैंक ड्राफ्ट/चेक मार्फत रकम बुझाउनु हुने आवेदकहरुले आवेदनमा सो ड्राफ्टको नम्बर र ड्राफ्टको पछाडि आवेदकको नाम अनिवार्य रुपमा खुलाउनु पर्नेछ । यसको अलवा, निवेदकले नेपाल लक्ष्मी क्यापिटल मार्केट लिमिटेड वा बैकंको नाममा A/C Transfer गरी Credit Advice निवेदनको साथमा संलग्न पनि गर्न सक्ने छ ।

५. कम्पनी वा संस्थाले ऋणपत्रका लागि आवेदन दिँदा कम्पनी वा संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपि र लगानी गर्ने सम्बन्धमा संचालक समितिको निर्णय समावेश गरेको हुनुपर्नेछ ।

६. रु.१०,००,०००/- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनुपर्नेछ । यस अतिरिक्त रु. १०,००,०००/- वा सोभन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिँदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।

**सर्वसाधारणको हकमा :**

१) यस विवरण-पत्र अनुसार निष्काशन गरिएको ऋणपत्र खरीदको लागि आवेदन गरी ऋणपत्र बाँडफाँड भए पश्चात् कायमऋणपत्रधनीहरुले बैंकको साधारण सभामा भाग लिन र मतदान गर्न पाउने छैनन् । यस विवरण-पत्र अनुसार जारी गरिएको डिबेन्चर धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ मा भएको व्यवस्था भएकोअनुसार बाँडफाँड गरी तोकिएको अवधि भित्र Demat गरि नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिंहदरवार प्लाजा, काठमाण्डौमा सूचीकरण सम्बन्धी नियम बमोजिम सूचीकरण गराई खरिद बिक्रीको व्यवस्था मिलाईने छ ।

२) कार्यालय समय भित्र निम्न लिखित स्थानहरुमा कम्पनीको प्रबन्धपत्र तथा नियमावली तथा विवरण पत्र निरीक्षण गर्न सकिनेछ । कम्पनीको रजिष्टर्ड कार्यालय, कमलादी, काठमाण्डौं । धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक लक्ष्मी क्यापिटल मार्केट लिमिटेड, नयाँबानेश्वर, काठमाण्डौं ।

३) कुनै पनि नेपाली नागरिकले स्वीकृत विवरणपत्र मार्फत जारी गरिने ऋणपत्र खरिद गर्नको लागि दरखास्त दिन चाहनेहरुले नेपालधितोपत्र बोर्डबाट अनुमति लिई धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य सञ्चालननिर्देशिका, २०७४ बमोजिम सार्वजनिक निष्काशनमा Centralized Application for ASBA Based Issuance (CASBA)प्रणाली मार्फत आवेदन संकलन गर्न आवद्व आस्वा सेवामा सहभागि बैंक तथा वित्तिय संस्था तथा तिनका शाखा कार्यालयबाट आवेदन दिन सक्नेछन् । यसरी आवेदन लिन सक्ने बैंक तथा वित्तिय संस्थाको विवरण सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडले आफ्नो वेव साइट www.cdscnp.com मा Registered Banks in C-ASBAअर्न्तगत उल्लेख गरेको छ । दरखास्तवालाले डिबेन्चर खरिदका लागि दरखास्त दिंदा 'धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४' को दफा २४ मा उल्लेख भए बमोजिम देहायका विवरणहरु स्पष्ट रुपमा दरखास्त आवेदन दिनु पर्नेछ ।

क) आवेदन फाराममा आवेदकको नाम थर नेपाली/अंग्रेजीमा उल्लेख गरिनुपर्नेछ ।

ख) आवेदन दिंदा डिबेन्चर जारी गर्ने कम्पनीको नाम, आवेदन गरिएको संख्या, रकम स्पष्ट बुझिने गरी उल्लेख गर्नु तथा एकभन्दा बढि आवेदन दिन पाउने छैन ।

ग) आफ्नो बैंक खाता र हितग्राही खाता नम्बर सहि /स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ ।

घ) आवेदकले आफु स्वयंको हितग्राही खाता नम्बर उल्लेख गर्नुपर्नेछ ।

ङ) आवेदन गरेको निस्सा/प्रमाण, सम्बन्धीत संकलन केन्द्र (आस्वा सदस्य बैंक तथा वित्तीय संस्था) सँग अनिवार्य लिनुपर्ने छ ।

च) एक व्यक्तिले आफूले लिन चाहेको सम्पूर्ण शेयरको लागि एक वटा मात्र आवेदन गरेको हुनुपर्ने, यदि एकै व्यक्तिले एक भन्दाबढी आवेदन दिएको भेटिएमा निजले दिएको सबै आवेदनलाई रद्द गरिनेछ ।

छ) रु. १० लाख सम्म आवेदन दिने आवेदकले स्वेक्षिक रुपमा प्यान नं उल्लेख गर्नुपर्नेछ ।

ज) सम्पूर्ण दरखास्तवालाहरु (नाबालकहरु समेत) ले अनिवार्य रुपमा आफ्नो खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम,ठेगाना र खाता नं. समेत दरखास्त फाराममा खुलाउनु पर्नेछ । यसरी खुलाइएको बैंक तथा वित्तीय संस्था समाशोधन गृहको (क्लियरिङ्ग हाउस) सदस्य भएको हुनुपर्नेछ ।

झ) रितपूर्वक प्राप्त नभएको दरखास्त फारमलाई शेयर बाँडफाँटमा समावेश गरिने छैन र सो को जिम्मेवार दरखास्तवाला स्वयंहुनेछ ।

४. आस्वा सेवामा सहभागि बैंक तथा वित्तिय संस्थालेC-ASBA अर्न्तगत लिने आवेदनको ढाँचा धितोपत्रको सार्वजनिकनिष्काशनको केन्द्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य संचालन निर्देशिका, २०७४ को अनुसूची ५ बमोजिम हुनुपर्नेछ ।

५. धितोपत्र खरिदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिई सकेपछि खरिद गरेको धितोपत्र बापतको रकम भुक्तानीनहुँदै प्रचलित कानुन बमोजिम अधिकारप्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमानिष्काशन तथा विक्रि प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई रद्द गरिने हुँदा सो कुराको जानकारी आवेदकले स्वयंले बुझ्नु पर्नेछ ।

६. यस्तो ऋणपत्रका लागि आवेदन दिंदा आफुले खरिद गर्न चाहेको प्रति ऋणपत्र वापत रु. १,०००।– (एक हजार) का दरले हुनआउने एकमुष्ठ रकम दरखास्तसाथ बुझाउनु पर्नेछ ।यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र खरिदका लागि दरखास्त दिँदा दरखास्तवालाले न्यूनतम २५ (पच्चीस) कित्ता र न्यूनतम २५ (पच्चीस) कित्ता भन्दा बढी ऋणपत्र खरिद गर्नका लागि १ अंकको गुणाङ्कमा अधिकतम सम्पूर्ण कित्ताका ऋणपत्र खरिद गर्नका लागि दरखास्त दिन सकिनेछ ।

**ग. ११ सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण :**

निष्काशनकर्ता संगठित संस्था र निम्न लिखित पक्ष बीच विगत २ वर्षको अवधिमा कुनै प्रकारको वस्तुगत कारोवार भएको वा कुनै कारोवारगर्न प्रस्ताव गरिएको भए कारोवारमा संलग्न व्यक्तिहरुको नाम,तिनीहरुको संगठित संस्था सँगको सम्बन्ध,कारोबारको प्रकृति र रकम

**क) संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालकको रुपमा रहेको व्यक्ति** : कारोवार नभएको ।

**ख) आधारभूत शेयरधनी :** कारोबार नभएको ।

**ग) खण्ड (क) र (ख) मा उल्लेखित कुनै व्यक्तिको एकाघर परिवार सदस्य :** कारोबार नभएको ।

**घ) संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुनेगरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्थाः** सो नभएको ।

**ङ) संगठित संस्था वा त्यसको सहायक कम्पनीले हालको सञ्चालक वा निजको एकाघरको परिवारको सदस्यका लागि कुनैकारोवार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ वर्ष अगाडिको अवधिमा संस्थाको सञ्चालक वासञ्चालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको भए सो कुरा :** सो नभएको ।

**च) कुनै सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण भुक्तानी अवधि आदि कुरा विवरणपत्रमा खुलाउनु पर्ने :** सो नभएको ।

**ग.१२ विदेशी लगानी र व्यवस्थापन सम्बन्धी विवरण :**

**क) विदेशी लगानी र व्यवस्थापनमा संगठित संस्था सञ्चालन हुने भए सो को विवरणका साथै सम्बन्धितसम्झौताको मुख्य तथा तात्विक बुँदाहरुः** विदेशी लगानी र व्यवस्थापनमा संगठित संस्था सञ्चालन नहुने ।

**ग. १३ सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा सो को विवरण :**

क) संगठित संस्थाको विगत ३ आर्थिक वर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबारभएको शेयर संख्याः

| आर्थिक वर्ष | अधिकतम शेयर मूल्य(रु.) | न्यूनतम शेयर मूल्य(रु.) | अन्तिम शेयर मूल्य(रु.) | शेयर कारेबार शेयर संख्या (हजारमा) |
|---|---|---|---|---|
| २०७२/७३ | | | | |
| पहिलो त्रैमासिक | १२३० | १२३० | १२५० | २ |
| दोस्रो त्रैमासिक | ९४५ | ९३९ | ९४० | |

| | | | | |
|---|---|---|---|---|
| तेस्रो त्रैमासिक | १३८५ | १३१० | १३१० | ८,९०० |
| चौथो त्रैमासिक | १५११ | १४८५ | १५०० | ३,६९३ |
| **२०७३/७४** | | | | |
| पहिलो त्रैमासिक | १६३४ | १६०२ | १६२२ | ५,८९९ |
| दोस्रो त्रैमासिक | ९१५ | ९०० | ९०२ | १,०५५ |
| तेस्रो त्रैमासिक | १०३५ | १००० | १०१८ | ९७९ |
| चौथो त्रैमासिक | ९१० | ८८६ | ८८६ | ३,८२५ |
| **२०७४/७५** | | | | |
| पहिलो त्रैमासिक | ८९३ | ८७६ | ८९३ | ३३५ |
| दोस्रो त्रैमासिक | ६७१ | ६५१ | ६६० | ९७० |
| तेस्रो त्रैमासिक | ६१५ | ६०६ | ६१० | ३,९२८ |
| चौथो त्रैमासिक | ५५२ | ५५० | ५५१ | ८०० |

ख) बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नु भन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथैप्रत्येक महिनामा कारोवार भएको कुल दिन र कुल कारोबार भएको धितोपत्र संख्या :

| **महिना** | **उच्च मूल्य रु.** | **न्यून मूल्य रु.** | **अन्तिम मूल्य रु.** | **कुल दिन** | **कुल कारोबार भएको धितोपत्र संख्या(हजारमा)** |
|---|---|---|---|---|---|
| असोज | ५७१ | ५२४ | ५५० | १९ | ५५,४३४ |
| कात्तिक | ५६६ | ५२३ | ५३५ | १८ | २५,३५२ |
| मंसिर | ५३६ | ४७५ | ५०६ | २० | ४१,३२७ |
| पुस | ५३७ | ४५५ | ४५८ | २१ | ४४,१४९ |
| माघ | ४६८ | ४२५ | ४२६ | २१ | २९,३१८ |
| फागुन | ४७० | ४१८ | ४६८ | १९ | ४१,४१६ |

आ.ब.२०७५/०७६ को पछिल्लो तीन महिनामा भएको बैंकको शेयर कारोवारको विवरण :

| **महिना** | **अधिकतम शेयर मूल्य (रु)** | **न्युनतम शेयर मूल्य (रु)** | **अन्तिम बजार मूल्य (रु)** | **शेयर कारोबार संख्या** |
|---|---|---|---|---|
| फागुन २०७५ | ४७० | ४१८ | ४६८ | ४१४५६ |
| चैत्र २०७५ | ५०० | ४५० | ४९० | ८३७१४ |
| वैशाख २०७६ | ५९६ | ४८८ | ५८७ | २१०८७६ |

**ग.१४ पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण :**

**संगठित संस्थाले यस भन्दा अगाडी धितोपत्र निष्काशन गर्दा तयार गरेको विवरणपत्र वा अन्य विवरणहरुमा उल्लेख गरिएका लक्ष्यतथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको,नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्युन हुन गएको भए यसरी फरक पर्नाको कारण** : बीस प्रतिशत वा सो भन्दा बढीले न्युन नरहेको ।

**ग.१५ परामर्शदाता/विशेषज्ञ सम्बन्धी विवरण** :

**क) लेखापरीक्षक, प्रमुख बैंक, निष्काशन कार्यसँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिकोनाम तथा ठेगाना :**

**लेखापरीक्षक :**

यस बैंकको आ.ब.०७४/०७५ को लेखापरिक्षण कार्य BRS Neupane & Company, चार्टर्ड एकाउन्टेन्ट्स्ले गरेको हो । चालु आ.व. का लागि समेत बैंकको २६औं साधारण सभाबाट सोही कम्पनी लेखापरीक्षकका रुपमा नियुक्त भएको हो ।

**निष्काशन बैंक (Bankers to the Issue):**
यस विवरणपत्र मार्फत निष्काशित ऋणपत्रहरुको लागि निष्काशन बैंक (Banker to the Issue) को रुपमा लक्ष्मी बैंक लिमिटेड, हात्तिसार, काठमाण्डौ रहने छ

**वित्तीय प्रक्षेपणको विवरण तयार पार्ने विज्ञ :**
यस विवरणपत्रमा उल्लेख गरिएको वित्तीय प्रक्षेपणको विवरण तयार पार्ने विज्ञमा निष्काशन कम्पनी आफैं रहेको छ ।

**वित्तीय प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञः**
यस विवरणपत्रमा उल्लेख गरिए बमोजिम तयार गरिएको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी सो आधारमा तयार गरिएका वित्तीय प्रक्षेपणका विवरण यथार्थपरक रहेको भनी प्रमाणित गर्ने विशेषज्ञ श्री आर.के.एसोसिएट्सकाका चार्टर्ड एकाउन्टेन्ट्स् सि.ए. श्री रविन कुमार श्रेष्ठ रहनु भएको
यस डिबेञ्चर (ऋणपत्र) निष्काशन तथा बिक्री प्रबन्धकमा श्री लक्ष्मी क्यापिटल मार्केट लिमिटेड,नयाँबानेश्वर, काठमाण्डौंलाई नियुक्त गरिएको छ ।

**ख) माथि खण्ड (क) मा उल्लेखित संस्था वा व्यक्तिसँग भएको सहमतिका मुख्य मुख्य बूँदा तथा शर्तहरु :**
लेखापरीक्षक : सो नभएको ।
निष्काशन बैंक (Bankers to the Issue): निष्काशित ऋणपत्रमा लगानीकर्ताहरुबाट प्राप्त लगानी रकम निष्काशन बैंक (Bankers to the Issue) मा खोलिएको ऋणपत्र खातामा जम्मा गरी सो को संयुक्त सुरक्षण निष्काशन कम्पनी तथा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको रहन्छ ताकी सो रकम फिर्ता भुक्तानी गर्दा कुनै प्रकारको झन्झट नरहोस् ।

**ग.१६ आयोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्काशन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण :** सो नभएको ।

**ग.१७. मुद्दा तथा विवाद सम्बन्धी विवरण :**

**क) संगठित संस्थाको तरलता, मौज्दात, कार्य सञ्चालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद भए सो सम्बन्धीविवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणा :** हाल सम्म संगठित संस्थाको तरलता, मौज्दात, कार्य सञ्चालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद नभएको ।

**ख) संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/सञ्चालकले वा लाई दायर गरिएको मुद्दा द्धछ सम्बन्धी विवरण :** हाल सम्म संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/सञ्चालकले वा लाई मुद्दा दायर गरिएको छैन ।

**ग) विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/सञ्चालक कालोसूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनैनियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो सञ्चालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नामउल्लेख गर्नु पर्ने :**
विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/सञ्चालक कालोसूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनैनियमन निकाय वा अदालतले सजाय गराएको छैन ।

**घ) संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुकोकुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरु :** सो नभएको ।

**ग.१८ गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :**

निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्रीप्रबन्धकको कार्यालयमा एक कक्षको व्यवस्था गरिएको छ । लक्ष्मी क्यापिटल मार्केट लिमिटेड,नयाँबानेश्वर, काठमाडौंका श्री विजय महतोलाई गुनासो सुन्ने अधिकारीको रुपमा तोकेको छ । लगानीकर्ताहरुले फोन तथा इमेल मार्फत आफ्नो गुनासो तथा सुझाव प्रेषित गर्न सक्नेछन ।

**ग.१९ नगद नलिई कसैलाई धितोपत्र निष्काशन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरिद गरिएको सम्पत्ति वा सेवा सम्बन्धीविवरण, निष्काशन गरिएको धितोपत्र संख्या र दर सम्बन्धी विवरण :** सो नभएको ।

**ग.२० ऋणपत्र निष्काशन सम्बन्धी विवरण :**

**(क) यस विवरण-पत्रमार्फत निष्काशन गर्न लागिएको "१०% हिमालयन बैंक लि.डिबेन्चर २०८३" सम्बन्धी विवरण देहाय बमोजिम रहेको छः**

**(क) ऋणपत्र निष्काशनको शर्त बन्देजहरु :** ऋणपत्र निष्काशन सम्बन्धी शर्त र बन्देज यस विवरणपत्रमा छ ।

**(ख) ऋणपत्रको अवधि (Maturity Period) :** यस ऋणपत्रको अवधि ऋणपत्रको बाँडफाँड भएको मितिबाट ७ (सात) वर्षकोहुनेछ । सो अवधिपश्चात बैंकले यस ऋणपत्रको सांवा र अन्तिम किस्ताको तिर्न बाँकी व्याज रकम एकमुष्ठ भुक्तानी गर्नेछ ।

**(ग) निष्काशन गरिने ऋणपत्रको रकम :** प्रति ऋणपत्र रु.१,०००।– अंकित मूल्यका ३० लाख कित्ता ऋणपत्रले हुन आउने कुल रु. ३ अर्ब बराबरको प्रति ऋणपत्र रु. १,०००।- अंकित मूल्यका ३०,००,००० कित्ता मध्ये १२ लाख कित्ताले हुन आउने कुल रु. एक अर्ब बीस  करोड रकम (५% अर्थात ६०,००० कित्ता सामुहिक लगानी कोषका लागि छुट्टयाईएको समेत) को ऋणपत्र सर्वसाधारण नेपालीको लागि सार्वजनिकनिष्काशन बिक्री गरिने ।

**(घ) ऋणपत्र शेयरमा परिवर्तन हुने वा नहुने :** यस विवरणपत्र अनुसार निष्काशन गरिने ऋणपत्र ७ वर्षको अवधिपश्चात एकमुष्ठ रुपमा फिर्ता गरिने भएकाले उक्तऋणपत्रसाधारण शेयरमा परिणत नहुने ।

**(ङ) ऋणपत्रको व्याजदर (Coupon Interest Rate) र ब्याज भुक्तानी गर्ने अवधी/समय (Interest Payment Period)**: यस ऋणपत्रको वार्षिक व्याजदर १०% हुनेछ । यस ऋणपत्रमा आर्जित ब्याज रकममा आयकर ऐनअनुसार कर लाग्नेछ । यस ऋणपत्रमा आर्जित व्याज रकम प्रत्येक आ.व.को प्रथम अर्धवार्षिक (पुस मसान्त) र द्बितीय अर्धवार्षिक (असार मसान्त) समाप्त भए पश्चात भुक्तानी दिइनेछ । व्याज रकम भुक्तानी दिदां प्रथम अर्धवार्षिक (पुस मसान्त) समयसम्म यस ऋणपत्रमा आर्जित व्याज रकम हरेक आ.व.को माघ १ गतेदेखि र द्बितीय अर्धवार्षिक (असार मसान्त) समयसम्म यस ऋणपत्रमा आर्जित व्याज रकम आ.व.को साउन १ गतेदेखि भुक्तानी गरिनेछ ।

**(च) ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserve) सम्बन्धी व्यवस्था :** यो ऋणपत्रलाई निर्धारित ७ वर्षको समय अवधि व्यतित हुनासाथ भुक्तानी गर्नका लागि बैंकले बार्षिक मुनाफाबाट ऋणपत्र निष्काशन भएको मितिबाट आगामी ७ बर्ष सम्म बराबर रुपमा (Proportionate Period Basis) ऋणपत्र भुक्तानी कोष (Debenture Redemption Reserve)को व्यवस्था गरी वार्षिक रु.४२.८५ करोड का दरले समानुपातिक रुपमा हुने रकम बैंकले नोक्सानी व्यहोर्नु परेको अवस्थामा समेत ऋणपत्र भुक्तानी कोषमा रकमान्तर गरिनेछ । यस ऋणपत्रको भुक्तानी गरेपछि ऋणपत्र भुक्तानी कोषमा रहेको रकम नाफा-नोक्सान बाँडफाँट हिसाब खातामा सारिनेछ वा नेपाल राष्ट्र बैंकले तोके बमोजिम गरिने छ । साथै कम्पनीले कुनै आर्थिक वर्षमा नाफा आर्जन गर्न नसकेको खण्डमा समेत सो वर्षमा ऋणपत्र भुक्तानी कोष (Debenture Redemption Fund)मा रकमान्तर गर्नुपर्ने रकम संचित नाफा बाट रकमान्तर गरिने छ ।

**(छ) ऋणपत्रवालाहरुको अधिकार :** यस विवरणपत्र मार्फत निष्काशन हुने ऋणपत्र खरिद गर्ने ऋणपत्रवालाहरुलाई कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानून बमोजिम ऋणपत्रवालालाई प्राप्त हुने सम्पूर्ण हक, सुविधा प्राप्त हुनेछ । तर त्यस्ता ऋणपत्रवालाहरुलाई साधारण सभामा उपस्थित हुने तथा मतदान गर्ने अधिकार हुने छैन । कथंकदाचित बैंक टाटपल्टेमा यस विवरण-पत्रमार्फत् निष्काशित ऋणपत्रको भुक्तानी निक्षेपकर्ताहरु भन्दा पछाडि मात्र हुनेछ ।

**(ज) ऋणपत्रको व्याज भुक्तानी गर्ने समय :** यस ऋणपत्रमा आर्जित व्याज रकम प्रत्येक आ.व.को प्रथम अर्धवार्षिक ( पुस मसान्त) र द्बितीय अर्धवार्षिक (असार मसान्त) समाप्त भए पश्चात भुक्तानी दिइनेछ । व्याज रकम भुक्तानी दिदां

प्रथम अर्धवार्षिक (पुस मसान्त) समयसम्म यस ऋणपत्रमा आर्जित व्याज रकम हरेक आ.व.को माघ १ गतेदेखि र द्वितीय अर्धवार्षिक (असार मसान्त) समयसम्म यस ऋणपत्रमा आर्जित व्याज रकम आ.व.को साउन १ गतेदेखि भुक्तानी गरिनेछ ।

**(झ) ऋणपत्रको व्याज भुक्तानी गर्ने स्थान :** यस ऋणपत्र धारण गर्ने ऋणपत्रधनीले निजले धारण गरेको ऋणपत्रमा आर्जित व्याज रकम हिमालयन बैंक लिमिटेडको कुनैपनि शाखाबाट आफनो ऋणपत्रको प्रमाणपत्र र व्याज भुक्तानी पूर्जा पेश गरी भुक्तानी लिनसक्ने गरी निष्काशन गरिएको छ ।यसको अतिरिक्त ऋणपत्रधनीलाई आफ्नो खातामा सोझै व्याज रकम जम्मा गर्ने सहुलियत समेत दिइने छ ।

**(ञ) ऋणपत्रको व्याज भुक्तानी गर्ने तरीका :** ऋणपत्रको बाँडफाँट पश्चात् बाँडफाँटमा पर्ने सम्पूर्ण ऋणपत्रधनीहरुलाई बाँडफाँट भएको दिनदेखिको पहिलो अर्धवार्षिकको व्याज रकम सो अर्धवार्षिक अवधीको समाप्तीपश्चात् भुक्तानी दिइनेछ । यस ऋणपत्र धारण गर्ने प्रत्येक ऋणपत्रधनीलाई व्याज रकम भुक्तानी गर्नका लागी ऋणपत्रको प्रमाणपत्रको साथै व्याज भुक्तानी पुर्जा (Interest Coupon)दिइनेछ । यस्को अतिरिक्त ऋणपत्रधनीलाई आफ्नो खातामा सोझै व्याज रकम जम्मा गर्ने सहुलियत समेत दिइने छ ।

**(त) अन्य :** यो ऋणपत्र हिमालयन बैंक लिमिटेड बाहेक अन्य जुनसुकै वित्तीय संस्थामा धितो राखी ऋण लिन सकिनेछ ।

**(ख). संगठित संस्थाको सम्पत्तिमा ऋणपत्रवालाको हक सम्बन्धी विवरणः**

यस विवरणपत्र मार्फत निष्काशन हुने ऋणपत्र बैंकको सम्पत्ति सुरक्षण नराखी निष्काशन गरिएको असुरक्षित ऋण (Unsecured Debt) भएको र कथंकदाचित बैंक टाटपल्टिएमा अन्य सुरक्षित साहु र निक्षेपकर्ता भन्दा पछि मात्र भुक्तानीमा प्राथमिकता हुने गरी निष्काशन गरिएको सहायक ऋण (Subordinate Debt) भएको हुँदा प्रचलित कानूनले प्रदान गरेको बाहेक कम्पनीको सम्पत्तिमा ऋणपत्रधनीको कुनै निर्दिष्ट हक (Specific Charge) अधिकार हुनछैन । यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्रधनीको बैंकको सम्पत्तिमा द्वितीय हक हुनेछ । बैंकको सम्पत्तिमा सुरक्षित साहु र निक्षेपकर्ताको प्रथम हक लाग्नेछ । बैंकको सम्पत्ति मध्ये प्रथम हकवालको रकम आषाढ मसान्त २०७५ मा रु. ९८.९८अर्ब रहेको छ ।

**(ग). ट्रष्टिको नाम, ठेगाना तथा ट्रष्टि र कम्पनी बीच भएको सम्झौता (Trust Deeds)को प्रमुखबुँदाहरु :**

**क) डिवेञ्चर ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाको नाम, ठेगाना**ःऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थामा नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धकको प्रमाण–पत्र प्राप्त धितोपत्र व्यवसायी लक्ष्मी क्यापिटल मार्केट लिमिटेड, नयाँबानेश्वर, काठमाडौं रहेको छ ।

**ख) ट्रष्टी भए वापत लिने सेवा शूल्क**ः यस विवरण-पत्रमार्फत सर्वसाधारणमा तथा व्यक्तिगत तवरबाट विभिन्न व्यक्ति वा संघ संस्थाहरुलाई बिक्री गरिने ऋणपत्रको ट्रष्टीको रुपमा नियुक्त श्री लक्ष्मी क्यापिटल मार्केट लिमिटेडलाई निजले उक्त सेवा प्रदान गरेबापत बार्षिक रु.२०,०००/- (बीस हजार मात्र) रकम ट्रष्टी सेवा उपलव्ध गराएको समयावधिका लागि सेवा शुल्कको रुपमा दिइनेछ ।

**ग) डिवेञ्चर ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले तोकेको सम्पर्क व्यक्तिको नाम, पद :** ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले उक्त कम्पनीको प्रतिमा नेपाललाई सम्पर्क व्यक्तिको रुपमा तोकेको छ ।

**घ) डिवेञ्चर ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले सम्बन्धित पक्षको गूनासो सून्ने र समाधान गर्ने सम्बन्धमा गरेको व्यवस्था :** ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले सम्वन्धित पक्षको गुनासा सुन्ने र सो को समाधान गर्ने सम्बन्धमा तोकिएको सम्पर्क व्यक्ति मार्फत वा ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाको कार्यालय मार्फत आवश्यक व्यवस्था गरेको छ । साथै गुनासाहरु लिखित रुपमा ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थामा जम्मा गराउनु पर्नेछ ।

**ङ) डिवेञ्चर निष्काशन गर्ने कम्पनी र डिवेञ्चरवालाहरुको हित संरक्षण गर्न ट्रष्टीको रुपमाकाम गर्ने डिवेञ्चर ट्रष्टी बिच कम्पनी ऐनको ब्यवस्था अनूरुप सम्झौता भएको कूरा :**ऋणपत्र निष्काशन गर्ने कम्पनी र ऋणपत्रवालाहरुको

हित संरक्षण गर्न ट्रष्टीको रुपमा काम गर्ने ऋणपत्र ट्रष्टी बीच मिति २०७५/१२/०७ मा कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था अनुरुप सम्झौता गरिएको छ ।

**च) डिवेञ्चर ट्रष्टीको अधिकार र दायित्व, डिवेञ्चर ट्रष्टीले जांचबूझ गर्न र विवरण माग गर्न सक्ने, डिवेञ्चर ट्रष्टीलाई डिवेञ्चरवालाको अधिकार हूने आदि व्यवस्थाहरु कम्पनी ऐन अनूरुप भएको कूरा :** डिवेञ्चर ट्रष्टीको अधिकार र दायित्व, टिवेञ्चर ट्रष्टीले जांचबूझ गर्न र विवरण माग गर्न सक्ने, डिवेञ्चर ट्रष्टीलाई डिवेञ्चरवालाको अधिकार हूने आदि व्यवस्थाहरु कम्पनी ऐन अनूरुप गरिएको छ ।

**छ) डिवेञ्चर ट्रष्टी र निष्काशनकर्ता कम्पनी बीच भएको सम्झौताको प्रति नेपाल धितो पत्र बोर्डमा दर्ता गरिएको कूरा :** डिवेञ्चर ट्रष्टी र निष्काशनकर्ता कम्पनी बीच भएको सम्झौताको प्रति नेपाल धितो पत्र बोर्डमा दर्ता गरिएको छ ।

**ज) डिवेञ्चर ट्रष्टी र निष्काशनकर्ता कम्पनी बीच भएको सम्झौता तथा अन्य आवश्यक व्यवस्थाहरु डिवेञ्चरवालाले हेर्न वा जान्न चाहेमा सो उपलब्ध गराउने सम्बन्धमा गरिएको व्यवस्था :** डिवेञ्चर ट्रष्टी र निष्काशनकर्ता कम्पनी बीच भएको सम्झौता तथा अन्य आवश्यक व्यवस्थाहरु डिवेञ्चरवालाले हेर्न वा जान्न चाहेमा डिवेञ्चर ट्रष्टी र निष्काशनकर्ताको रजिष्टर्ड कार्यालयमा वा निष्काशन तथा बिक्रि प्रबन्धकको कार्यालयमा सम्पर्क राखि हेर्न वा जान्न सकिने छ ।

**झ) अन्य** : ऋणपत्र ट्रष्टीले डिबेञ्चरवालाहरुको हित संरक्षण गर्ने । कम्पनीले ऋणपत्र ट्रष्टीलाई आफ्नो वित्तीय कारोवारको परिष्कृत आर्थिक विवरण आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र अनिवार्य रुपमा पठाउनु पर्ने । ऋणपत्र ट्रष्टीले कम्पनीले स्थापना गरेको ऋणपत्र भुक्तानी कोष(Debenture Redemption Fund)को अनुगमन गर्ने । कम्पनीले पुन: अर्को ऋणपत्र निष्काशन गर्नु परेमा ऋणपत्र ट्रष्टीको पूर्व स्वीकृति लिनु पर्ने ।

**ञ) डिवेञ्चर ट्रष्टी र निष्काशनकर्ता कम्पनी बीच भएको सम्झौताका मूख्य बूंदाहरुः**
१. डिवेञ्चर ट्रष्टीले बैंकको सम्पत्ति मूल्याङ्कन, परियोजना विश्लेषण वा व्यवस्थापन विश्लेषण गर्न सक्ने र गराउन सक्ने छ ।
२. कथमकदाचित बैंक बिघटन गर्नुपरेमा बैंकको जायजेथामा निक्षेपकर्ताहरुको हक दावी भुक्तानी पछि मात्र डिवेञ्चरवालाहरुको हक लाग्ने छ र उक्त डिवेञ्चर फिर्ता दिनको लागि बैंकले वार्षिक मुनाफाबाट ऋणपत्र निष्काशन भएको मितिबाट आगामी ७ बर्ष सम्म बराबर रुपमा(Proportionate Period Basis) ऋणपत्र भुक्तानी कोष (Debenture Redemption Reserve)को व्यवस्था गरी समानुपातिक रुपमा बार्षिक रकम रु. ४२,८५,७१,४२८/- जम्मा गरिनेछ र म्याद समाप्त भए पश्चात उक्त कोषबाट रकम फिर्ता हुनेछ ।
३. सम्झौतामा उल्लेखित शर्तहरु उल्लंघन भएमा वा पूरा नगरेमा वा अन्य कुनै मनासिव कारणले बैंकको आर्थिक कारोबार नियन्त्रणमा लिनु पर्ने भएमा वा सम्झौता बमोजिमको धितो कब्जामा लिनुपर्ने भएमा डिवेञ्चर ट्रष्टीले बैंकको जायजेथा वा सम्पत्ति वा डिबेञ्चर ट्रष्टीले धितो जमानतमा लिएको सम्पत्ति आफ्नो कब्जामा लिई वा धितो जमानत आफैले राख्न वा लिलाम बढाबढ वा अन्य उपयुक्त तरिकाले बिक्री गर्न सकिने छ ।
४. डिवेञ्चर ट्रष्टीले डिवेञ्चर ट्रष्टीको हैसियतले असल नियतले कार्य गर्दा हिमालयन बैंक लिमिटेड वा डिवेञ्चरधनीलाई कुनै हानी नोक्सानी वा घाटा भएमा वा डिवेञ्चरधनीलाई रकम फिर्ता भुक्तानी नभएमा डिवेञ्चर ट्रष्टीको कुनै दायित्व तथा जिम्मेवारी रहने छैन ।
५. बैंक विघटन गर्नु पर्ने अवस्था उत्पन्न भएमा डिबेञ्चर ट्रष्टीले डिबेञ्चरवालाको तर्फबाट आवश्यक कानूनी कारवाही गर्न सक्नेछ र डिबेञ्चरवालाको अधिकार प्रयोग गर्न सक्नेछ ।

**घ. परिवर्तनशील ऋणपत्र जारी गरिने भएमा ऋणपत्रको परिवर्तन अनुपात, मूल्य, प्रिमियम तथा परिवर्तन मिति, मतअधिकारको व्यवस्थाः** ऋणपत्र परिवर्तनशील नभएको ।

**ङ. ऋणपत्र जारी गर्नुको उद्देश्य र सम्पन्न हुने कार्य योजना :**
यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएका “१०% हिमालयन बैंक लि.डिबेञ्चर २०८३” ऋणपत्र निष्काशनको मुख्य उद्देश्य बैंकको व्यवसाय वृद्धिको लागि हुनेछ । यस विवरण–पत्रमार्फत निष्काशन गर्न लागिएको “१०% हिमालयन बैंक लि.डिबेञ्चर २०८३” बिक्री गरी संकलन भएको रकम बैंकले आवश्यकता अनुसार कर्जा तथा लगानीमा उपयोग गर्नेछ ।

**च. जारी पूँजी पूरा चुक्ता भए/नभएको :** चुक्ता भएको ।

**छ. यस भन्दा अगाडि जारि भएको ऋणपत्रको विवरण** :यस भन्दा अगाडि बैंकले "८%हिमालयन बैंक लि.डिबेन्चर २०७७" सात वर्ष अवधि तथा वार्षिक ८ प्रतिशत ब्याजदर भएको प्रति डिबेन्चर रु.१,०००/(अंकित मूल्यका ६ लाख कित्ताले हुन आउने रु.साठी करोड बराबरको ऋणपत्र निष्काशन गरेको थियो ।

**ज. नेपाल राष्ट्र बैंकले डिबेन्चर जारी गर्नका लागी दिएको शर्तहरु :**
१. कुनै पनि सुरक्षण नराखी "१०% हिमालयन बैंक लि.डिबेञ्चर २०८३" निष्काशन गर्नुपर्ने ।
२. ऋणपत्रको अवधि ७ बर्षको हुने ।
३. प्रस्ताबित ऋणपत्रमा प्रदान गरिने ब्याज ६/६ महिना (अर्धबार्षिक) मा भुक्तानी गर्नुपर्ने, ऋणपत्रको वार्षिक ब्याजदर १०% हुनुपर्ने र आर्जित ब्याज रकममा आयकर ऐन अनुसार आयकर लाग्ने व्यबस्था गर्नुपर्ने ।
४. बैंक बिघटन भएको अवस्थामा "१०% हिमालयन बैंक लि.डिबेञ्चर २०८३" को भुक्तानी निक्षेपकर्ताभन्दा पछि मात्र हुने ।
५. "१०% हिमालयन बैंक लि.डिबेञ्चर २०८३" जारी भएको मितिले बढीमा ६ महिना भित्रमा नेपाल धितो पत्र बिनिमय बजारमा सूचीकृत गर्नुपर्ने ।
६. हिमालयन बैंक लिमिटेड. बाहेक अन्य बैंक तथा बित्तीय संस्थाबाट उक्त बण्ड धितो राखी ऋण लिन सकिने व्यवस्था गर्नुपर्ने ।
७. "१०% हिमालयन बैंक लि.डिबेञ्चर २०८३" निष्काशन गर्नु अघि विवरणपत्र यस बैंकमा दर्ता गरी प्रकाशन गर्नुपर्ने ।
८. Private Placement को आधारमा विक्री गरिने ऋणपत्रको सम्बन्धमा कुनै संघ/संस्थासंग अग्रिम कुनै सम्झौता भएको भए सो सम्झौताको प्रमाणित प्रतिलिपि यस बैंकमा पेश गर्नु पर्ने ।
९. यदि कुनै पक्षले सो पक्षलाई छुट्याएको ऋणपत्र खरिद नगरेमा सो ऋणपत्र अर्को पक्षलाई खरिद गर्ने व्यबस्था गर्नुपर्ने ।

**ग. २१ अग्राधिकार शेयर निष्काशन सम्बन्धी व्यवस्था :** हालसम्म अग्राधिकार शेयर जारी गरिएको छैन ।

**ग. २२ अन्य सामान्य जानकारी :**

**(क) विशेषज्ञको कुनै राय भएमा सो को विवरण** : यस विवरणपत्रमा उल्लेख गरिए बमोजिम तयार गरिएको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरीसो आधारमा तयार वित्तीय प्रक्षेपणका विवरण यर्थाथपरक रहेको छ । यस वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गर्ने विशेषज्ञ श्री आर.के.एसोसिएट्सकाका चार्टर्ड एकाउन्टेन्ट्स् सि.ए. श्री रविन कुमार श्रेष्ठ रहनु भएको छ ।

**ख) गत तीन आर्थिक वर्ष भित्रमा कुनै संचालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारण :**

| सि.न. | नाम | आर्थिक वर्ष | परिवर्तनको कारण |
|---|---|---|---|
| १ | श्री फैसल एन.लालनी | २०७४/७५ | हविव बैंक लि.बाट Ashraf M. Wartha को अवकास पछि मनोनित |
| २ | श्री तुलसी प्रसाद गौतम | २०७४/७५ | कर्मचारी संचयकोषबाट जितेन्द्र धिताल को अवकास पश्चात मनोनित |
| ३ | श्री विजयबहादुर श्रेष्ठ | २०७५/७६ | सर्वसाधारण समुहको तर्फबाट सुरेन्द्र सिलवालको कार्यकाल पश्चात निर्वाचित |
| ४ | श्री राधा कृष्ण पोते | २०७५/७६ | स्वतन्त्र संचालक उपेन्द्र केशरी पौड्याल को कार्यकाल पश्चात नियुक्त गरिएको |

**(ग) कम्पनी सचिवको नाम, ठेगाना र योग्यता :**

**नाम** :विपिन हाडा

**ठेगाना** :कुलेश्वर, काठमाडौं

**योग्यता** :MBA, MSc, B.L

**(घ) सार्वजनिक निष्काशन गर्नको लागि सञ्चालक समितिबाट भएको निर्णय सम्बन्धी विवरण** :

**संचालक समितिको मिति २०७५/१०/२४ मा बसेको ३६६ औं बैठकको निर्णयः**

नेपाल राष्ट्र बैंकद्वारा जारी Capital Adequacy Framework 2015 मा तोकिए वमोजिम "क" वर्गको इजाजतपत्रप्राप्त संस्थाको हकमा पूँजीकोषको गणना आफ्नो जोखिम भारित सम्पत्तिको आधारमा न्यूनतम पूँजीकोषको अनुपात ११% कायम गर्नुपर्ने व्यवस्था रहेको र बैंकको पूँजीकोष पर्याप्ततालाई सुनिश्चित गरी बैंकिङ्ग व्यवसाय बृद्धि गर्न आवश्यक पर्ने थप पूँजीको व्यवस्थालाई नियमित गर्दै जान तथा नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशन, २०७५ को इ.प्रा.निर्देशन नं. १६ को बुदाँ ५ अनुसार तोकिएका शर्तहरु पूरा गरेको ईजाजतपत्रप्राप्तसंस्थाले बढीमा आफ्नो प्राथमिक पूँजीको शत प्रतिशतसम्मको डिबेञ्चर/अन्य ऋण उपकरण जारी गर्न सक्ने व्यवस्था रहेको र यस बैंक सो निर्देशन बमोजिम डिबेञ्चर जारी गर्नका लागि योग्य रहेकोले ७ वर्षको डिबेञ्चरको ब्याजदर १०% सम्म निर्धारण गरी रु. ३ अर्ब रकमको "१०% हिमालयन बैंक लि. डिबेञ्चर २०८३"जारी गर्न स्वीकृति भएको । साथै उक्त डिबेञ्चर जारी गर्नको लागि जे जो गर्नुपर्ने सम्पूर्ण कार्य गर्न बैंकका प्रमुख कार्यकारी अधिकृतलाई अख्तियारी प्रदान गर्ने निर्णय भएको ।

**(ङ) संगठित संस्था वा यसका ऋणपत्रधनीलाई कुनै विशेष सुविधा दिइएको भए, सोसम्बन्धी विवरण :**
संगठित संस्था वा यसका ऋणपत्रधनीलाई कुनै विशेष सुविधा दिइएको छैन ।

**(च) संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्तगर्न वा हेर्न सक्ने ठाउँ र समय :**
कार्यालय समय भित्र बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय,कमलादी काठमाण्डौं र धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक लक्ष्मी क्यापिटल मार्केट लिमिटेड,नयाँ बानेश्वर, काठमाण्डौंलाई सम्पर्क राखी कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरणप्राप्त गर्न वा हिमालयन बैंक लि.को वेभसाइटमा हेर्न सकिनेछ ।

**(छ) ऋणपत्र, कर्मचारी वा अरु कसैको लागि सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :**
यस विवरणपत्रद्वारा निष्काशन गरिने ३०,००,००० कित्ता गरिएको प्रति ऋणपत्र रु. १,०००।– अङ्कित मूल्य (Par Value) का कुल १२,००,००० कित्ता ऋणपत्र संख्याको ५% अर्थात ६०,००० कित्ता ऋणपत्रहरु सामूहिक लगानी कोषको लागि छुट्याएर सुरक्षित राखिएको छ । यसरी छुट्याइएको ऋणपत्र सामूहिक लगानी कोषबाट माग भई आएको हकमा संचालक समितिले औचित्यपूर्ण तवरबाट बाँडफाँड गर्नेछ र सामूहिक लगानी कोषबाट सम्पूर्ण ऋणपत्रको लागि माग भई नआएको अवस्थामा बांकी ऋणपत्रहरु सामूहिक लगानी कोष नियमावली, २०६७बमोजिम बाँडफाँड गरिनेछ ।

**(ज) विवरणपत्र तयार गर्नेको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभवको विवरण :**
यो विवरणपत्र तयार पार्ने व्यवसायिक संस्थामा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक लक्ष्मी क्यापिटल मार्केट लिमिटेड,नयाँ बानेश्वर, काठमाण्डौं रहेको छ ।

**(झ) कम्पनीको प्रवन्धपत्र र नियमावली प्राप्त गर्न सकिने ठाउँ :**
यस कम्पनीको प्रवन्धपत्र तथा नियमावली कम्पनीका बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय कमलादी, काठमाण्डौं र धितोपत्र निष्काशन तथा विक्री प्रबन्धक लक्ष्मी क्यापिटल मार्केट लिमिटेड, काठमाण्डौंमा कार्यालय समयभित्र सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।

**(ञ) अन्य (कम्पनीको सकारात्मक पक्षहरु) :**
१) स्थापनाकाल देखी नै पूर्ण कम्प्युटरकृत प्रविधिबाट वित्तीय सेवा प्रदान गर्दै आइरहेको ।
२) दक्ष तथा अनुभवी व्यक्तिहरुको लगानीमा स्थापना तथा संचालन गरिएको कम्पनी ।
३) द्रुत गतिमा व्यवसाय विस्तार गर्न सफल रहेको ।

(ट) यस विवरणपत्र माफर्त ऋणपत्रको निष्काशन गरी नेपाल स्टक एक्सचेन्ज लिमिटडेमा सचूीकरण पश्चातदस्तखत रुजु, ऋणपत्रको नामसारीआदि सम्बन्धी कार्य यस कम्पनीको कायार्लय वा कम्पनीले नियक्तु गर्ने ऋणपत्र रजिष्ट्रारको कायार्लयबाट हुने गरी व्यवस्था मिलाइनेछ ।

**(ठ) ऋणपत्रको विक्री खुल्ला अवधि :**
यस विवरणपत्रद्धारा निष्काशन गरिएको ऋणपत्रहरुको लागि आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट अधिकतम ३० दिनसम्म खुल्ला रहने छ । ऋणपत्रको लागि आवेदन लिने कार्य कम्तिमा चार कार्यदिनको लागि खुल्ला गरिने छ ।

**(ड) धितोपत्रको क्रेडिट रेटिङ्ग :**
यस बैंकले जारी गर्न लागेको ऋणपत्रलाई केयर रेटिङ्गस् नेपाल लिमिटेडले मिति २०७६/०१/२६ मा CARE-NP A(Single A) ग्रेडिङ्ग प्रदान गरेको छ जसले adequate degree of safety regarding timely servicing of financial obligation in Nepal & low credit risk जनाउँदछ । साथै यस बैंकलाई केयर रेटिङ्गस् नेपाल लिमिटेडले "CARE-NP A (Is) (Single A [Issuer])"ग्रेडिङ्ग प्रदान गरेको छ जसले adequate degree of safety regarding timely servicing of financial obligation in Nepal & low credit risk जनाउँदछ ।

**ग.२३. संचालक तथा विज्ञहरुको नाम तथा दस्तखत :**
यस विवरणपत्रमा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन्, सो मा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्ण रुपमा जिम्मेवारहुनेछौं भनी सही छाप गर्ने सञ्चालकहरुको नाम तथा दस्तखत :

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री मनोज बहादुर श्रेष्ठ<br>(एन.ट्रेडिङ्ग कम्पनी प्रा.लि.बाट मनोनित) | अध्यक्ष | |
| २. | श्री फैसल न.लालनी<br>(हबिबबैंक लि. पाकिस्तानबाट मनोनित) | संचालक | |
| ४. | श्री प्रचण्ड बहादुर श्रेष्ठ<br>(छायाँ इन्टनेश्नल प्रा.लि.बाट मनोनित) | संचालक | |
| ५ | श्री सुशील विक्रम थापा<br>(आभा इन्टरनेश्नल प्रा.लि.बाट मनोनित) | संचालक | |
| ६. | श्री विजय बहादुर श्रेष्ठ | संचालक | |
| ७ | श्री तुलसी प्रसाद गौतम<br>(कर्मचारीसंचयकोषबाट मनोनित) | संचालक | |
| ८ | श्री राधा कृष्ण पोते | स्वतन्त्र संचालक | |

ग.२४.निष्काशन तथा बिक्री प्रबन्धकले प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रतिः

लक्ष्मी क्यापिटल मार्केट लिमिटेड
Laxmi Capital Market Limited
(100 % Subsidiary of Laxmi Bank Limited)
Reg. No: 1140/065/066

New Baneshwor, Kathmandu, Nepal
PO Box 8449
T 977-1-4780222, 977-1-4781582
F 977-1-4780583
E info@laxmicapital.com.np
W www.laxmicapital.com.np

Reference No : 2718
2075/076

मिति : २०७६/०१/०५

श्री नेपाल धितोपत्र बोर्ड,
जावलाखेल, ललितपुर ।

विषय : ड्यु डेलिजेन्स् सर्टिफिकेट बारे ।

महोदय,

बागमती अञ्चल, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका, वडा नं. ३१, कमलादीमा रजिष्टर्ड कार्यालय रहेको हिमालयन बैंक लिमिटेडले अंकित मूल्य १०००/–को "१०% हिमालयन बैंक लि. डिबेन्चर २०८३" ३०,००,००० कित्ता ऋणपत्र जारी गर्न निष्काशन तथा बिक्री प्रबन्धकको रुपमा सेवा दिन हामी मञ्जुर गर्दछौं । यस निष्काशन सम्बन्धमा देहायका कुराहरु जानकारी गराउदछौं ।

१. कम्पनीको ऋणपत्र निष्काशन सम्बन्धि व्यवस्था तथा विवरणहरुमा उल्लेख गरिएका विवरण तथा जानकारीहरु हामीलाई उक्त कम्पनीबाट प्राप्त जानकारी अनुरुप तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरुलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ । साथै कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको बिश्लेषणात्मक अध्ययन गर्दा कम्पनीले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ ।
२. प्रचलित धितोपत्र कारोवार सम्बन्धी कानून अनुसार पेश गर्नुपर्ने सम्पूर्ण कागजात र विवरणहरु प्रमाणित गरी त्यहां पेश गरिएको र प्रत्येकको एक एक प्रति सार्वजनिक जानकारीको लागि यस कार्यालयमा राखिएको छ ।
३. हाम्रो विचारमा कम्पनीद्वारा निष्काशित धितोपत्र धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको प्रचलित धितोपत्र सूचीकरण सम्बन्धी व्यवस्था बमोजिम सूचीकरण हुन योग्य छन् ।
४. कम्पनीको निष्काशन गर्न लागेको ऋणपत्रको लागि आवेदन दिने आवेदकहरुलाई ऋणपत्र निष्काशन सम्बन्धि व्यवस्था तथा विवरणहरु तथा दरखास्त फारम सरल तरिकाबाट वितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा निष्काशन कम्पनीसंग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने छौं ।
५. हामीले त्यस बोर्डबाट जारी गरिएको धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा उल्लेख सबै कुराहरुको अध्ययन गरेका छौं । उक्त व्यवस्थाहरुसंग अनुरुप हुने गरी कम्पनीले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएका छौं ।

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक :**

लक्ष्मी क्यापिटल मार्केट लिमिटेडको तर्फबाट
नाम : अतिस श्रेष्ठ
पद : प्रमुख सञ्चालन अधिकृत
सही :
कार्यालयको छाप : Laxmi Capital Market Ltd. लक्ष्मी क्यापिटल मार्केट लि.

ग.२५. विवरणपत्र, वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्रः

R. K. Associates
Chartered Accountants

New Baneshwor
Kathmandu, Nepal
Ph: +977 (1) 4784922
Email: rkassociates@rsa.com.np

April 17, 2019

Himalayan Bank Limited,
Kathmandu,
Nepal

We have reviewed the projected financial statement of **M/S Himalayan Bank Limited.** "the Bank" for the three consecutive financial years - 2075/2076, 2076/2077 & 2077/78. These projected financial statements are the responsibility of the management of the Bank. Our responsibility is to examine the evidence supporting the projection and does not include verification thereof. Therefore, we do not carry any vouch activities to test accuracy of the same.

This projection has been prepared by the management and reviewed by us for the purpose of issuing prospectus of Debenture and does not form our opinion in any case. This projection has been set out in financial format generally applicable to Bank & Financial Institutions in Nepal followed by attached basis of projection and review is limited to test basis.

Based on our examination of documents underlying to set of assumptions, nothing has come to our attention, which leads us to believe that assumptions do not provide a reasonable basis of the projection. Further, the actual results may differ from those projected since anticipated events might not occur as expected and the variation might be material.

R.K. Associates Kathmandu Chartered Accountants

CA. Rabin Kumar Shrestha
Principal
R. K. Associates
Chartered Accountants

**CARE Ratings**
NEPAL
A Subsidiary of CARE Ratings Limited, India

**Mr. Ashok SJB Rana**
Chief Executive Officer
**Himalayan Bank Limited**
Kamaladi Ward No. 31, Kathmandu, Nepal

May 09, 2019

**Confidential**

Dear Sir,

**Credit rating for proposed Subordinated Bond "10% Himalayan Bank Limited Bond 2083"**

Please refer to your request for rating of proposed Subordinated Bond "10% Himalayan Bank Limited Bond 2083" issue aggregating to Rs.3000 Million of your company.

1. The following rating has been assigned by CARE Ratings Nepal Limited's Rating Committee:

| Facility/ Instrument | Amount (Rs. Million) | Rating | Rating Action |
|---|---|---|---|
| Proposed Subordinated Bond "10% Himalayan Bank Limited Bond 2083" | 3000.00 | CARE-NP A [Single A] | Assigned |

Other terms and conditions of the Bonds:

| Instrument Type | Tenure of Bonds | Coupon Rate | Coupon Payment Dates | Terms of Redemption |
|---|---|---|---|---|
| Subordinated Bond | 7 Years | 10% p.a. | Semi Annually | After Maturity |

2. Please arrange to get the rating revalidated, in case the proposed issue is not made within a period of six months from the date of our initial communication of rating to you (that is May 08, 2019).
3. In case there is any change in the size or terms of the proposed issue, please get the rating revalidated.
4. Please inform us the below-mentioned details of issue immediately, but not later than 7 days from the date of placing the instrument:

| Instrument Type | Issue Size (Rs Mn) | Coupon Rate | Coupon Payment Dates | Terms of Redemption | Redemption date | Name and contact details of Debenture Trustee | Details of top 10 investors |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

Annexure 1

**CARE Ratings Nepal Limited – Symbols for Subordinated Bond Rating in Nepal**

| Symbols | Rating Definition |
|---|---|
| CARE-NP AAA | Instruments with this rating are considered to have the highest degree of safety regarding timely servicing of financial obligations, in Nepal. Such instruments carry lowest credit risk. |
| CARE-NP AA | Instruments with this rating are considered to have high degree of safety regarding timely servicing of financial obligations, in Nepal. Such instruments carry very low credit risk. |
| CARE-NP A | Instruments with this rating are considered to have adequate degree of safety regarding timely servicing of financial obligations, in Nepal. Such instruments carry low credit risk. |
| CARE-NP BBB | Instruments with this rating are considered to have moderate degree of safety regarding timely servicing of financial obligations, in Nepal. Such instruments carry moderate credit risk. |
| CARE-NP BB | Instruments with this rating are considered to have moderate risk of default regarding timely servicing of financial obligations, in Nepal. |
| CARE-NP B | Instruments with this rating are considered to have high risk of default regarding timely servicing of financial obligations, in Nepal. |
| CARE-NP C | Instruments with this rating are considered to have high risk of default regarding timely servicing of financial obligations, in Nepal. |
| CARE-NP D | Instruments with this rating are in default or are expected to be in default soon. |

*Note: Modifiers {"+" (plus) / "-"(minus)} can be used with the rating symbols for the categories CARE-NP AA to CARE-NP C. The modifiers reflect the comparative standing within the category.*